## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रामेश्वर अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह एम्.ए. नेपाली दोस्रो वर्ष दसौं पत्रको प्रयोजनका लागि रहेको छ ।

### १.३ विषयपरिचय

रामेश्वर अर्ज्यालको जन्म वि. सं. १९७७ आषाढ शुक्ल चतुर्दशीका दिन सप्तरीको वैरवामा माता नर्मदादेवी अर्ज्याल तथा पिता श्री कृष्ण प्रसाद अर्ज्यालको सुपुत्रको रूपमा भएको हो (भट्टराई-२०६४) । यिनले भारतको दरभंगाबाट वि.सं. २००६ मा वि.ए.एम.एस. होमियोप्याथी चिकित्सासम्मको अध्ययन गरेका थिए । सानै उमेरबाट अध्ययनशील अर्ज्यालले सुरुमा फुटकर रूपमा साहित्य लेखन गरे पनि प्रकाशित कृतिका रूपमा **तत्त्व विज्ञान माला** (२०३५) उनको पहिलो प्रकाशित कृति हो । कविता, दैनिकी, निबन्ध, दर्शन र खण्डकाव्यजस्ता विविध विषयमा उनले कलम चलाएका छन् । उनले लेखेको साहित्यिक कृतिहरूलाई यहाँ प्रस्तुत गर्नु वाच्छनीय हुने हुँनाले तिनीहरूलाई यहाँ क्रमशः प्रस्तुत गरिएको छ । **तत्त्व विज्ञान माला** कवितासङ्ग्रह उनको पहिलो कवितासङ्ग्रह हो । त्यसपछि उनले नेपाली तथा मैथिली भाषामा **जनात्मक पुकार** (२०३६), **शिव-मधुके भाग्यक रेखा** (२०४५) जस्ता कवितासङ्ग्रह प्रकाशित भएको छ । वि.सं. २०३७ मा **विचार दर्शन** नामक निबन्धसङ्ग्रह प्रकाशित भएको देखिन्छ । यो उनको पहिलो प्रकाशित निबन्धसङ्ग्रह हो । त्यसपछि २०४२ सालमा **परिवर्तन** खण्डकाव्य प्रकाशित भएको देखिन्छ । यसपछि **उद्गार** कवितासङग्रह(२०४४), **राधिका रोदन र अन्य कविता** (२०४६), **सेवा सन्देश** खण्डकाव्य (

२०४६), **दैनन्दिनीका केही पृष्ठ** दैनिकी (२०४८) र **अजातवाद** (२०५४) दार्शनिक विमर्श प्रकाशित रहेका कृतिहरू हुन । विभिन्न धार्मिक एवम् सामाजिक संस्थाहरूमा आवद्ध रहेका अर्ज्याल वि.सं. २००३ देखि नै नेपाल राष्ट्रिय काङ्ग्रेसका सदस्य भई जिल्ला स्तरीय काङ्ग्रेसका अध्यक्षका रूपमा कार्यरत थिए । अर्ज्याल समाजबाट २००७ सालमा प्रजातान्त्रिक सेनानीका रूपमा सम्मानका साथ अभिनन्दित तथा शङ्काराचार्य पदकबाट सम्मानित भएका थिए । उनी निस्वार्थ रूपमा समाजसेवा गर्ने कर्मठ व्यक्ति पनि थिए । आफ्ना आध्यात्मिक विचारधाराहरूलाई लिएर समाजमा जनचेतना फैलाउने आफ्नो हिन्दू संस्कृतिको सम्बृद्धिको निम्ति लागि पर्ने व्यक्तित्व हुन् । उनको मृत्यु वि.सं २०५८ पौष ३ गते मंगलबार पौष शुक्ल चौथीका दिन साँझ ६: १५ बजे काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा भएको थियो ।

## १.४ समस्याकथन

रामेश्वर अर्ज्याल एक प्रतिभाशाली व्यक्तित्व हुन् । उनी साहित्य, राजनीति, समाजसेवा, धर्म तथा दर्शनशास्त्रका विभिन्न क्षेत्रमा संलग्न रहेको पाइन्छ । उनले नेपाली साहित्य र साहित्येतर क्षेत्रमा योगदान दिएका छन् । उनका कृतिहरूका बारेमा छिटफुट रूपमा अध्ययन विश्लेषण भए पनि समग्र रूपमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भएको पाइँदैन । यही विषय नै यस शोधकार्यको समस्याका रूपमा रहेको छ । यस अध्ययनका मूल समस्याहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ -

क) रामेश्वर अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्व के-कस्तो छ ?

ख) उनका के-कति साहित्यिक कृतिहरू प्रकाशित छन् ?

ग) उनका साहित्यिक कृतिहरूमा साहित्यिक चेतना के कस्तो रहेको छ ?

यिनै मूल समस्याहरूमा केन्द्रित रही प्रस्तुत शोधपत्रमा रामेश्वर अर्ज्याल जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । यसबाट रामेश्वर अर्ज्यालको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा तथा उनका साहित्यिक रचनाका बारेमा विशेष जानकारी प्राप्त गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको समस्याकथनमा उठेका समस्याहरूको समाधान गर्नु नै यस शोधकार्यको मूल उद्देश्य रहेको छ । यस शोधकार्यका उद्देश्यलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ

क) रामेश्वर अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु ।

ख) उनका के-कति साहित्यिक कृतिहरू प्रकाशित छन् तिनको अवलोकन गर्नु ।

ग) उनका साहित्यिक कृतिहरूमा के कस्तो साहित्यिक चेतना रहेको छ, त्यसको अध्ययन गर्नु ।

यिनै समस्यामा केन्द्रित रही समस्याकथनमा उठेका समस्याहरूको उचित समाधान खोज्नु नै यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यका विविध विधामा कलम चलाएका रामेश्वर अर्ज्यालका बारेमा विभिन्न लेखक तथा समीक्षकहरूले चर्चा-परिचर्चा गरेका छन् । धेरै अघिदेखि नै उनका बारेमा त्यस्ता चर्चाहरू गरिए तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी आजसम्म विस्तृत अध्ययन-अनुसन्धान हुन सकेको छैन । रामेश्वर अर्ज्यालका बारेमा आजसम्म जे जति पूर्वकार्यहरू भएका छन्, तिनले प्रस्तुत शोधकार्यका लागि मार्गनिर्देशन भने अवश्य गरेका छन् । रामेश्वर अर्ज्यालका सम्बन्धमा विभिन्न विद्वान् तथा लेखकहरूले गरेका चर्चालाई पूर्वकार्य मानी तिनीहरूको विवरण र समीक्षा तल प्रस्तुत गरिएको छ ।

चन्द्रप्रसाद उपाध्याय घिमिरेले **तत्त्व विज्ञान माला** (२०३५) को भूमिका लेख्ने क्रममा रामेश्वर अर्ज्यालको कृतिमा स्थायी सुख र शान्तिको निम्ति चाहिने भक्ति र ज्ञानका उद्गार भावहरू प्रकट भएका हुन्छन् भन्दै उच्च भावना दर्शाएका छन् । यसमा यिनले कृतिको सामान्य चर्चा मात्र गरेका छन् ।

भरतराज मन्थलीयले **परिवर्तन** खण्डकाव्य (२०४२) को **मन्तव्य**मा परिवर्तन खण्डकाव्य शीर्षक अनुसार सार्थक छ भन्दै यस काव्यले पाश्चात्य शिक्षाको प्रभावमा परेर

पूर्वीय दर्शन बिर्सनु एक परिवर्तन हो भने त्यो बिर्सनुबाट उत्पन्न हण्डर र दुःखले पूनः पूर्व संस्कृतिको शरणमा आउनु अर्को परिवर्तन छ, भन्दै खण्डकाव्यको मात्र चर्चा गरेका छन् । उनको यो चर्चा कृतिको समीक्षामा केन्द्रित रहेको छ । यसले रामेश्वर अर्ज्यालको समग्र जीवनी व्यक्तित्व र कृतित्वको चर्चा गर्न सक्दैन ।

नारदप्रासद ओझाले **उद्गार** (२०४४) कवितासङ्ग्रहको **मलाई लाग्दछ** भन्ने भूमिकात्मक लेखमा रामेश्वर अर्ज्यालका कवितामा चारित्रिक शीतलता र स्निग्ध प्रवाह हुन्छ र कल्पना र भावना भन्दा पनि प्रसादगुणी उपदेशयुक्त हुन्छन् भन्दै समाजलाई आजको भौतिक प्रभावबाट हटाएर अध्यात्मवादतिर लाग्ने आग्रह उनका कवितामा व्यक्त भएका हुन्छ भनी कृतिको समीक्षा मात्र प्रस्तुत गरेका छन् । यसमा पनि रामेश्वर अर्ज्यालको समग्र जीवनी व्यक्तित्व र कृतित्वको चर्चा हुन सकेको छैन ।

नरेन्द्र चापागाईले **राधिका रोदन र अन्य कविता** (२०४६) कवितासङ्ग्रहको **मन्तव्य**मा रामेश्वर अर्ज्यालका कृतिमा धर्म निरपेक्ष होइन, धर्म सापेक्ष सामाजिक, परिकल्पना, आदर्शका चाल्नाले चालिएको यथार्थ चरित्र निर्माणका सन्देशहरू, युवा जगतमा आउनुपर्ने, विशेष नैतिक जागृति, व्यक्तित्व विकास र त्यागका उपलब्धीहरू, हार्दिक निर्मलता, आत्मिक स्वच्छता र शैक्षिक उपदेशहरू पाउन सकिन्छ भन्ने मन्तव्य प्रकट गरेका छन् । यस चर्चामा पनि रामेश्वर अर्ज्यालको समग्र जीवनी व्यक्तित्व र कृतित्वको चर्चा हुन सकेको छैन ।

दैवज्ञराज न्यौपानेले रामेश्वर अर्ज्यालको **सेवा-सन्देश** खण्डकाव्य (२०४६) को भूमिकामा **सम्मतिका केही शब्दहरू** शीर्षक दिएर यसरी टिप्पणी गरेका छन्- यस पुस्तकको मूल आशय समाज सुधारको सन्देश दिँदै राम्रो कार्य गरेमा त्यसको फल राम्रो हुने र नराम्रो कार्यले मान्छेलाई नराम्रो फल दिने गर्छ । रामेश्वर अर्ज्यालले आफ्ना पूर्वज कवि पण्डित उदयानन्द अर्ज्याल र अरु कविहरूको सामुहिक र पैत्रिक ऋण तिर्नु भएको छ । त्यति मात्र नभएर उहाँले भविष्यका पुस्ताहरूलाई अगाडि बढ्ने प्रेरणा थपेका छन् भन्दै अर्ज्यालको प्रतिभाको कदर गरेका छन् । तर यस समीक्षाले पनि उनको समग्र जीवनी व्यक्तित्व र कृतित्वको चर्चा हुन सकेको छैन ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६: १५३४ औं स्थान) पुस्तकमा नेपाली लेखकहरूको परिचय दिने क्रममा रामेश्वर अर्ज्यालको परिचय दिँदै अर्ज्यालले लेखेको

कवितासङ्ग्रह, निबन्धसङ्ग्रह, दैनिकी, खण्डकाव्य आदिको सङ्क्षिप्त चर्चा गरेका छन् । संस्कृतको अध्ययन गरी आध्यात्मिक चिन्तनमा निष्ठा राख्ने अर्ज्याल वार्णिक छन्दका कुशल कवि पनि हुन भनी कविको समान्य परिचय दिने काम गरेका छन् । यस चर्चाले उनको सामान्य परिचय मात्र दिएको छ ।

बालकृष्ण पोख्रेलले रामेश्वर अर्ज्याल **स्मृति ग्रन्थ** (२०६४)मा "विचार र भावनाका धनी कवि रामेश्वर अर्ज्याल" शीर्षक लेखमा कवि अर्ज्यालका साहित्यिक, सामाजिक र राजनीतिक पक्षहरूको  सामान्य चर्चा गरेका छन् । यसले पनि उनका जीवनका समग्र पाटाको चर्चा गर्न सकेको छैन ।

घटराज भट्टराईले **रामेश्वर अर्ज्याल स्मृति ग्रन्थ** (२०६४:१०५) मा "रामेश्वर अर्ज्याल आफ्नै आत्मकथा" शीर्षकको लेखमा अर्ज्यालका चिन्तन, विचार सत्कार्य र कृतिहरू आज समाजलाई सत्मार्गमा डोचाउने प्रेरणाको स्रोत भएको जिकिर गरेका छन् । यस भनाइले पनि रामेश्वर अर्ज्यालका कृतिमा पाइने विशेषताको चर्चा गरिएको छ ।

शिवदत्त उपाध्याय भट्टराईले **रामेश्वर अर्ज्याल स्मृति ग्रन्थ** (२०६४:१२६)मा "अर्ज्यालप्रति श्रद्धाञ्जली" शीर्षक लेखमा उनको जन्मदेखि मृत्युसम्मका विवरणको सङ्क्षिप्त रेखाङ्कनका क्रममा उनको अध्ययन, शिक्षा, सेवा, सामाजिक संलग्नता, राजनीतिक प्रतिबद्धता तथा आध्यात्मिक समर्पण जस्ता दार्शनिक विचारहरूमा चर्चा गरेका छन् । रामेश्वर अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा भट्टराईको उक्त टिप्पणी महत्त्वपूर्ण रहेको छ तर पनि यसले रामेश्वर अर्ज्याललाई समग्रमा चिनाउन सकेको छैन ।

यहाँ प्रस्तुत गरिएका समीक्षाहरू रामेश्वर अर्ज्यालका बारेमा आजसम्म भएका पूर्वअध्ययनहरू हन् । यी पूर्वअध्ययनलाई हेर्दा यिनमा रामेश्वर अर्ज्यालको जीवनी व्यक्तित्व र कृतित्वका आंशिक पक्षको मात्र उल्लेख भएको पाइन्छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षको गहन र व्यवस्थित अध्ययन यी समीक्षाहरूमा हुन सकेको छैन । त्यसकारण यिनै अभावहरूको परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधपत्र तयार गरिएको छ र यस शोधपत्र रामेश्वर अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र विश्लेषण गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार, समाजसेवी एवम् राजनीतिज्ञ रामेश्वर अर्ज्यालका बारेमा विभिन्न विद्वानहरूले समीक्षा, समालोचना र टिप्पणी गरे तापनि उनी र उनको कृतित्वका बारेमा समष्टिगत अध्ययन भएको पाइँदैन । तसर्थ प्रस्तुत शोधकार्यमा साहित्यकार रामेश्वर अर्ज्याललाई समग्रतामा एकै ठाउँमा चिनाउने प्रयास गरिएको छ । रामेश्वर अर्ज्यालले साहित्यका विभिन्न क्षेत्रहरू जस्तै-खण्डकाव्य, कविता, दर्शन, निबन्धजस्ता क्षेत्रहरूमा कलम चलाएको देखिन्छ । यसरी विभिन्न क्षेत्रमा संलग्न रहेका रामेश्वर अर्ज्यालको सामान्य चर्चा-परिचर्चा मात्र पर्याप्त देखिदैन । यस शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यथासम्भव सु-व्यवस्थित रूपमा अध्ययन गरिएको हुँदा यो कार्य औचित्यपूर्ण रहन गएको छ । साहित्यकार रामेश्वर अर्ज्यालका बारेमा अध्ययन गर्न चाहने व्यक्ति एवम् संस्थालाई यो शोधपत्र उपयोगी रहने हुँदा यस कार्यको उपयोगितासमेत सिद्ध हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा रामेश्वर अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । रामेश्वर अर्ज्यालले नेपालीमा मात्र नभएर हिन्दी तथा अन्य भाषामा पनि साहित्य सिर्जना गरेका छन् । प्रस्तुत शोधपत्रमा रामेश्वर अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा उनका प्रकाशित नेपाली रचनाहरूको सङ्क्षिप्त विवेचना गर्नु नै यस शोधकार्यको मुख्य क्षेत्र र सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यका लागि प्राथमिक सामग्रीका रूपमा रामेश्वर अर्ज्यालका बारेमा प्रकाशित कृतिहरूलाई लिइएको छ । यस क्रममा पुस्तकालयीय अध्ययनलाई मूल आधार बनाईएको छ । यसका अतिरिक्त रामेश्वर अर्ज्यालसँग सम्बद्ध लेख रचना स्मृति ग्रन्थ र आफन्त, विद्वान् समालोचकहरूसँग लिखित तथा मौखिक सोधपुछ गरी समग्रीसङ्कलन गरिएको छ । प्रस्तुत शोधकार्यको तयारीका क्रममा रामेश्वर अर्ज्याल स्मृति ग्रन्थबाट थुप्रै कुराहरूलाई लिइएको छ । उनका पारिवारिक स्रोतबाट पनि धेरै समग्रीहरू जुटाइएको छ ।

उनका प्रकाशित कृतिहरू एवम् लेख रचनाहरूको पनि अध्ययन-विश्लेषणबाट सामग्रीको सङ्कलन गरिएको छ ।

## १.१० अध्ययनविधि

प्रस्तुत शोधपत्र जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन भएकाले सङ्कलित सामग्रीको, जीवनीमूलक व्यक्तित्वपरक समीक्षात्मक र विवरणात्मक अध्ययनविधिको उपयोग गरिएको छ । जीवनीमूलक, विवरणात्मक, समीक्षात्मक र विश्लेषणात्मक अध्ययनविधि नै यस शोधपत्रका मूलभूत अध्ययनविधि रहेका छन्, ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि तल प्रस्तुत गरिएका पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस बाहेक अध्ययनको क्रममा आवश्यकताअनुसार उक्त परिच्छेदहरूमा थप शीर्षक तथा उपशीर्षकहरूको समेत व्यवस्था गरी अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रको परिच्छेदगत ढाँचा निम्नानुसार रहेको छ -

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय । |
| दोस्रो परिच्छेद | : | रामेश्वर अर्ज्यालको जीवनी । |
| तेस्रो परिच्छेद | : | रामेश्वर अर्ज्यालको व्यक्तित्व । |
| चौंथो परिच्छेद | : | रामेश्वर अर्ज्यालको कृतित्व तथा साहित्यिक कृतिहरूको सङ्क्षिप्त विवेचना |
| पाचौं परिच्छेद | : | शोधनिष्कर्ष |

सन्दर्भग्रन्थसूची

परिशिष्ट

## दोस्रो परिच्छेद

# रामेश्वर अर्ज्यालको जीवनी

यस शोधपत्रको प्रस्तुत परिच्छेदमा साहित्यकार रामेश्वर अर्ज्यालको समग्र जीवनीका बारेमा चर्चा गरिएको छ । उनको जन्मदेखि मृत्युसम्मका घटनाहरूलाई समेट्ने क्रममा उनले रचना गरेका कृतिहरू - **तत्त्व विज्ञान माला, जनात्म पुकार, विचार दर्शन, परिवर्तन**, **उद्गार**, **शिवमधुके भाग्यक रेखा**, **राधिका रोदन र अन्य कविता**, **सेवा सन्देश**, **दैनन्दिनीका केही पृष्ठ, अजातजात र** यिनको मृत्युपश्चात् समग्र जीवनीलाई समेटेर तयार पारिएको स्मृति ग्रन्थ आदिलाई आधार मानिएको छ ।

## २.१ जन्म र जन्मस्थान

रामेश्वर अर्ज्यालको जन्म वि. सं. १९७७ आषाढ शुक्ल चतुर्दशीका दिन पिता कृष्णप्रसाद उपाध्याय र माता नर्मदादेवी अर्ज्यालको कोखबाट सप्तरीको वैरवामा भएको थियो (भट्टराई २०६४: १०) । रामेश्वर अर्ज्यालको विवाह १६ वर्षको उमेरमा तीर्थराज उपाध्याय रिजाल र तीर्थकुमारीकी कान्छी सुपुत्री इन्द्रछाया देवीसँग भएको थियो । रामेश्वरप्रसाद अर्ज्याल पृथ्वीनारायण शाहका सभापण्डित एवम् प्राथमिककालीन नेपाली साहित्यका अग्रज कवि उदयानन्द अर्ज्यालका जनाति थिए । रामेश्वर अर्ज्यालका तीन दाजुभाइहरू अर्जुन अर्ज्याल, प्रल्हाद अर्ज्याल र ध्रुर्व अर्ज्याल रहेका छन् ।

## २.२ नामकरण

रामेश्वरप्रसाद अर्ज्यालको नामकरण पूर्वीय हिन्दू संस्कारअर्न्तगत जन्म दिनको एघारौं दिनमा बैदिक विधिबाट गरेको पाइन्छ । यिनको न्वारनको नाम यादवप्रसाद शर्मा हो भने यिनको प्रसिद्ध नाम रामेश्वरप्रसाद अर्ज्याल हो (भट्टराई २०६४: ११) ।

## २.३ वंश परम्परा र गोत्र

रामेश्वर अर्ज्याल वंशजहरू धेरै पहिले गोर्खामा बसोबास गर्थे र त्यहाँबाट बसाइ सरेर यिनका पुर्खा सप्तरी गएका थिए । रामेश्वर अर्ज्याल नेपाली साहित्यका प्राथमिककालीन कवि उदयानन्द अर्ज्यालका वंशज अथवा उनका जनाति थिए । उदयानन्दका छोरा छविलाल हुन भने छविलालका छोरा मनोरञ्जन अर्ज्याल हुन् उनी देवीका निकै भक्त थिए । मनोरञ्जनका छ भाइ छोराहरू थिए । छ भाइ छोराहरू मध्ये कृष्णप्रसाद उपाध्यायका साँहिला छोरा नै रामेश्वर अर्ज्याल हुन् । यिनी ज्यादै कुशल, दयावान, र परोपकारी थिए । जुन गुण छोरा रामेश्वर अर्ज्यालमा पनि सरेको पाइन्छ । आफ्ना पूर्खाअनुसार रामेश्वरका पिताको पनि काशीमा नै स्वर्गबास भएको थियो । यिनका छ भाइ छोराहरूमा जेठा पद्मकुमार, माहिला भीमप्रसाद, साहिँला रामेश्वर अर्ज्याल काँइला अर्जुनप्रसाद ठाइला प्रल्हाद र कान्छा ध्रुवप्रसाद अर्ज्याल हुन् । (शोधकर्तालाई शोधनायकका कान्छा छोराबाट प्राप्त जानकारीअनुसार ) रामेश्वर अर्ज्यालको गोत्र आत्रेय हो । कुलीन र सम्पन्न परिवारमा जन्मिएका रामेश्वर अर्ज्यालको लालन–पालन अत्यन्तै सुखपूर्वक उनका पिता कृष्णप्रसाद अर्ज्याल र माता नर्वदादेवी अर्ज्यालका रेखदेखमा भएको जानकारी प्राप्त भएको छ ।

## २.४ बाल्यकाल

रामेश्वरप्रसाद अर्ज्यालको जन्म सम्पन्न कुलीन परिवारमा भएको थियो । उनले खाने लगाउने जस्ता आधारभूत आवश्यकताहरूमा अभाव एवम् दुखको अनुभव गर्नु परेन । उनी माता पिताको काख र माया ममतामा हुर्किए (शोधकर्तालाई शोधनायकका कान्छा छोरा बालचन्द्र अर्ज्यालले दिएको जानकारीअनुसार) । उनको बाल्यकाल बनारसमा बितेको पाइन्छ । (छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त जानकारीअनुसार ) पाँच बर्षको उमेरसम्म पनि उनले अन्न खाँदैनथे केवल दूध मात्र खाने गर्दथे । दूधबाहेक अरू खानेकुरा खाएमा उनलाई अपच हुन्थ्यो । त्यसैले उनी बाल्यकालमा अत्यन्त दुब्ला पातला, रोगी थिए । यसरी केही खानेकुरा खान नहुने भएकाले उनको शरीर अत्यन्त रोगी थियो जति औषधी गर्दा पनि ठीक भएन र अन्तमा बेलको रस सेवन गरेपछि उनलाई बिलकुल ठीक भएको थियो । बाल्यकालमा उनको स्वभाव चञ्चले खालको थियो । उनी पाँच बर्षको उमेरमा आफ्ना पिताज्यूसँग हजुरआमालाई भेट्न बनारस गएका थिए । अर्ज्याल हजुरआमाको डेराको तल्लो

तलामा एक पसल थियो, जहाँ बालबालिकाका लागि खेलौनाका  सामानहरू पाइन्थे । एक दिन बुबाको गोजीबाट एक रूपैयाँ झिकेर खेलौना किन्न गएको तर बुबाको डरले किन्न नसकी फर्किएको सम्झना गर्ने कुरा उनका परिवारका सदस्यहरूबाट थाहा भयो । हजुरआमाको डेरासँग धनेश्वरी वैष्णवीले आफ्नो चोरीको कुरा पिताज्यूसँग भनेको र पिताज्यूले फेरि गल्ती नगर्ने शर्तमा छाडिदिएका थिए  (अर्ज्याल, २०४८: ८) ।

रामेश्वर बाल्यकालमा चञ्चले र केही छुचो स्वभावका थिए । खानेकुरा खाँदा झगडा नगरी नखाने उनको बानी थियो । बाल्यकालमा दुब्लो पातलो भएपनि कुस्ती खेल्न खुबै मन पराउने उनको बानी थियो । कुस्ती खेल्दा गाउँभरिका केटाकेटीहरू उनीसँग   हार्थे । चञ्चले स्वभावका रामेश्वर निडर पनि थिए । उनी आफ्ना पिताज्यू बाहेक कसैसँग डराउँदैनथे । सानोदेखि उनलाई फूल रोप्न, गोड्न र तिनीहरूमा पानीहाल्न निकै चाख गर्दथ्यो । चार-पाँच बर्षको उमेरदेखि नै उनी कोदालो लिएर बारीमा जाने गर्दथे । पढाइमा पनि निपुण रामेश्वरले सात वर्षको उमेरमा सप्तशती चण्डी कण्ठ पारिसकेको जानकारी पाइन्छ । विशेष गरेर बाल्यकालदेखि पूजाआजा गर्ने यिनको बानी थियो । उनलाई चण्डीको पत्नी **मनोरमां देहि मनोवृत्तानुसारिणीम्** श्लोकको राम्रो प्रभाव परेको थियो (भट्टराई,२०६४: ११) । त्यसैले उनी उर्वशीको पूजा गर्दै राम्री पत्नी जुराइदेऊ भनी प्रार्थना गर्दथे । आठ बर्षको उमेरमा यस किसिमको वयस्क चिन्तन देखेर अभिभावकहरू छक्क पर्थे । यसरी सानै उमेरदेखि प्रतिभाशाली रामेश्वर अर्ज्याल अत्यन्त चञ्चले, निडर र लगनशील स्वभावका व्यक्ति थिए  (भट्टराई, २०६४: ११) ।

## २.५ शिक्षादीक्षा

रामेश्वर अर्ज्याल सम्पन्न तथा सभ्रान्त परिवारमा जन्मेका व्यक्ति हुन् । बाबु बाजेको पालादेखि नै उनको पारिवारिक पृष्ठभूमि पनि शिक्षित थियो । घरपरिवारमा नै पिताज्यूको रेखदेखमा शिक्षा ग्रहण गर्ने रामेश्वर अर्ज्याल अत्यन्त प्रतिभावान् व्यक्ति थिए । सात वर्षको उमेरमा उनलाई सप्तशती चण्डी कष्ठस्थ थियो । यिनले आठ कक्षासम्मको अध्ययन र वेदादि पुस्तकको अध्ययन वैरवास्थित आफ्नो घरमै गरेका थिए । उनको औपचारिक शिक्षाको सुरुवात आदर्श विद्यालयबाट भएको हो । वि.सं. १९९१ मा आठ र नौ कक्षासम्मको अध्ययन आदर्श विद्यालय  विराटनगरमा गरेका थिए ।  वि.सं. १९९६ मा साहित्य विशारद

डिग्री दरभंगा भारतबाट भएको देखिन्छ । २००६ सालमा वि.ए.एम.एस. होमियोप्याथी चिकित्सासम्मको अध्ययन पनि भारतको दरभंगाबाटै भएको देखिन्छ ।

### २.६ व्रतबन्ध

पूर्वीय पद्धतिअनुसार आर्य संस्कृतिमा उपनयन वा व्रतबन्ध संस्कार षोडस संस्कार भित्र पर्दछ । आत्रेय गोत्रमा जन्मिएका रामेश्वर अर्ज्यालको उपनयन संस्कार सात वर्षको उमेरमा वैदिक विधिअनुसार अत्यन्त भव्यताका साथ सु–सम्पन्न गरिएको थियो (भट्टराई, २०६४ : ११) । उनको व्रतबन्ध कार्य आफ्नै पिताबाट सम्पन्न भएको जानकारी पाइन्छ । ठीक समयमा ब्राहण संस्कार गर्नु पर्ने पिताज्यू कृष्णप्रसाद अर्ज्यालले रामेश्वर अर्ज्यालको उपनयन पनि ठीक समयमा सम्पन्न गरिदिएका थिए । उनको उपनयन संस्कारका अवसरमा अत्यन्त प्रसिद्ध नाच मोतिया को पनि आयोजना गरिएको थियो (अर्ज्याल : २०४८: ११ ) । मोतिया नाच हेर्न धेरै मानिसहरूको घुइँचो लागेको थियो । यसरी रामेश्वर अर्ज्यालका गायत्रीगुरुको भूमिका आफ्नै पिता कृष्णप्रसाद अर्ज्यालबाट सम्पन्न भएको जानकारी पाइन्छ ।

### २.७ विवाह र पारिवारिक जीवन

रामेश्वर अर्ज्यालको विवाह वि.सं. १९९३ साल फाल्गुण २७ गते सोह्र वर्षको उमेरमा तीर्थराज उपाध्याय रिजाल र तीर्थकुमारीकी कान्छी सुपत्री इन्द्रछाया देवीसँग भएको थियो ( अर्ज्याल : २०४८: ११ ) विवाह गर्ने समयमा इन्द्रछायाको उमेर तेह्र वर्षको थियो । विवाहपछि रामेश्वर अर्ज्यालको दाम्पत्य जीवन सुखमय बितेको पाइन्छ । विवाह गर्नु अगाडि रामेश्वरले इन्द्रछायालाई देखेका पनि थिएनन् । यसरी उनले आफूले केटी नै नहेरी इन्द्रछायासँग लगनगाँठो बाँधेको पाइन्छ । सानै देखि राम्री पत्नी पाउन उर्वशीको पूजा गर्ने रामेश्वरले इन्द्रछायासँग विहे गरेपछि उनलाई उर्वशी प्राप्त गरेजति खुसी मिलेको थियो । (अर्ज्याल : २०४८: १५ ) सोह्र वर्षको अपरिपक्व उमेरमा विवाह गरेको हुनाले उनलाई नातागोता सम्बन्धी ज्ञान थिएन । विवाह गरेको एक महिनापछि ससुरा बित्दा पनि उनको आकृतिमा कुनै शोक सुर्ता नभएको जानकारी पाइन्छ । इन्द्रछाया अर्ज्यालको कोखबाट चार छोरा र दुई छोरीको जन्म भएको थियो । वि.सं. १९९७ मा जेष्ठ सुपुत्र डा. प्रकाश अर्ज्यालको जन्म, वि.सं. १९९९ मा माहिला सुपुत्र अश्विनी अर्ज्याल, वि.सं. २००१ मा

साहिला सुपुत्र शन्तनु अर्ज्यालको जन्म, वि. सं. २००३ मा जेठी छोरी मञ्जु नेपालको जन्म, वि.सं. २००५ मा बालचन्द्र अर्ज्यालको जन्म र वि.सं. २०११ मा कान्छी छोरी अन्जु पोखरेलको जन्म भएको थियो (भट्टराई, २०६४ : २१०) । हाल छोरा र छोरी दुबैतर्फका गरी एघार जना नातिनातिनी छन् । समग्रमा छोरा छोरी र नाति नातिनीहरूको सङ्ख्यालाई तालिकामा यसरी देखाउन सकिन्छ-

| क्र.सं. | छोरा/बुहारी र छोरी/जुवाइको नाम | नाति | नातिनी | जम्मा |
|---|---|---|---|---|
| १ | प्रकाश अर्ज्याल/विमला अर्ज्याल | प्रज्वल अर्ज्याल | प्रेरणा | २ |
| २ | अश्विनी अर्ज्याल/वीणा अर्ज्याल | प्रयास अर्ज्याल | – | १ |
| ३ | शन्तनु अर्ज्याल/जया अर्ज्याल | सौरभ अर्ज्याल | सज्जा | २ |
| ४ | मञ्जु नेपाल/ केशवनाथ उपाध्याय | प्रवीण | प्रविणा | २ |
| ५ | बालचन्द्र अर्ज्याल/सरोजा अर्ज्याल | वात्सल्य र सर्वेस | – | २ |
| ६ | अञ्जु पोखरेल/विनोदचन्द्र शर्मा | विकल्प र सङ्कल्प | – | २ |
| | जम्मा | ८ | ३ | ११ |

## २.८ आर्थिक अवस्था

रामेश्वर अर्ज्यालका पुर्खा कवि उदयानन्द अर्ज्यालकै पालादेखि सम्पन्न र सभ्रान्त थिए । रामेश्वर अर्ज्यालका पिता कृष्णप्रसाद अर्ज्याल सप्तरीका बिर्तावाल जमिन्दार थिए । रामेश्वर अर्ज्यालका पूर्वजहरूलाई पूर्व मेचीदेखि पश्चिम गण्डकीसम्म अमीन भन्ने दर्जाले मानिसहरू चिन्ने गर्दथे । सप्तरी जिल्लाको बैरवामा अत्यन्तै सु-सम्पन्न परिवारमा यिनको जन्म भएको पाइन्छ (रामेश्वर अर्ज्यालका कान्छा छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त जानकारीअनुसार) । अत्यन्तै सम्पन्न र शिक्षित परिवारमा जन्म लिएका रामेश्वरलाई सानै उमेरदेखि कुनै किसिमको कठिनाइको सामना गर्नु परेन । (शोध नायकका कान्छा छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त जानकारीअनुसार) सम्पन्न र सामन्ती परिवारमा हुर्किएर पनि उनले सामन्तवादको सधैँ बिरोध गरेको पाइन्छ । समाजसेवी र अत्यन्त दयालु भावना भएका रामेश्वर अर्ज्याल पूर्खाका पालादेखि नै सम्पन्न, जमिनदार र विर्तावाल हुन् । यिनले आफ्नो खेत जोत्नेहरूबाट डेढीव्याज र प्रतिविघा सात मन सलामी बापत लिँदै आएको अन्न त्याग गरिदिएको बुझिन्छ (उनका कान्छा छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त

जानकारीअनुसार) । आफू स्वयम् जमिनदार भएपनि यिनले सधै किसानहरूको भलो हुने काम गरेका थिए ।

बाबुबाजे र पुर्खाकै पालादेखि अत्यन्त सम्पन्न परिवारमा जन्मेका रामेश्वरलाई पढ्न, लेख्न तथा अरू कुनै कुराको कमी थिएन । पैतृक सम्पत्तिका कारण जीवनमा कहिल्यै जागिर नखाएका अर्ज्यालको आर्थिक अवस्था अत्यन्तै सबल रहेको देखिन्छ । त्यसैले उनले अनेक मन्दिर, विद्यालयहरूमा थुप्रै नगद दान दिएको बुझिन्छ । रामेश्वरले एच.एम.वी.को प्रमाण-पत्र लिएर नि.शुल्क औषधी र सेवा गरेको जानकारी पाइन्छ । (भट्टराई.२०६४: १३) गाउँमा अनिकाल लाग्यो भने आफ्नो ढुकुटीबाट अन्न झिकेर भोका मानिसहरूलाई बाँडेर आत्मसन्तुष्टि लिन्थे ।

## २.९ स्वभाव

रामेश्वर अर्ज्याल बाल्यकालमा अन्यन्तै विलक्षण प्रतिभा भएका बालक थिए । उच्च, कुलीन र सम्पन्न परिवारमा जन्मिएकाले यिनलाई कुनै कुराको कमी थिएन । सानामा यिनी अली झगडिया स्वभावका थिए, तर यिनको बुद्धि अत्यन्तै तेज भएको जानकारी पाइन्छ । यिनको चञ्चल र लगनशील स्वभावले गर्दा पढाइमा निपुणता प्राप्त गरेका थिए भन्ने जानकारी पाइन्छ । घरमा उनी आफ्ना पिताज्यूबाहेक कसैसँग डराउँदैनथे । निडर स्वभावका रामेश्वर सानोमा कुस्ती खेल्न अत्यन्तै मन पराउने र कुस्तीमा आफूसँगका सबै साथीहरूलाई हराउने गरेको जानकारी पाइन्छ (अर्ज्याल, २०४८: ९ ) । यिनमा सानैदेखि धार्मिक र अध्यात्मिक चिन्तनमा यिनको रुचि भएको पाइन्छ । चार–पाँच बर्षको उमेरदेखि उनलाई फूल रोप्न, गोडमेल गर्न र पानी राख्न विशेष चाख रहेको पाइन्छ । धार्मिक भावनाले भरिएको यिनको बाल्यकाल रमाइलोसँग बितेको पाइन्छ । उनले सानोमा ज-जसबाट जुन–जुन देवताको नाम सुन्ने गर्थे, ती सबै देवताको पूजा गर्ने यिनको बानी थियो । अतिरिक्त कार्यकलापमा राम्रो नभए पनि पूजाकोठामा पुगेपछि उनको स्वभावमा परिवर्तन आउँदथ्यो । अनेकौ देवताका नाम र स्तोत्र कण्ठ गर्ने उनको बानी रहेको पाइन्छ। उनमा शिकार खेल्ने सोख पनि रहेको पाइन्छ । यिनी सानैदेखि अध्यात्मिक चिन्तनमा पनि मन राख्ने स्वभावका थिए (अर्ज्याल, २०४८: ९ ) उमेरसँगै यिनको स्वभावमा पनि परिवर्तन भएको देखिन्छ । यिनी समाजसेवी, अध्यात्मिक विचारधारा भएका,

परोपकारी भावना भएका व्यक्तिका रूपमा परिचित भएका छन् । आफू जमिनदार भए पनि सधैँ किसानवर्गहरूको हितमा काम गर्ने उनको बानीले गर्दा यिनी त्यतिबेलाका सामन्त र जमिनदारका दुश्मन बने पनि सर्वसाधारण जनताका मालिक बने । समाजसेवालाई मुख्य धर्म मान्ने अर्ज्याल अत्यन्तै दयालु र परोपकारी स्वभाव भएका व्यक्ति थिए । (छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त जानकारीअनुसार) उनी सधै मीठो बोल्ने, हँसिलो मुहारका चिन्तनशील व्यक्ति हुन् ।

## २.१० रुचि

रामेश्वर अर्ज्यालको रुचिका विषय बाल्यकालमा कुस्ती खेल्ने र युवावस्थामा धार्मिक प्रवचन, कीर्तन, भजन र सत्सङ्गमा सरिक हुने स्वभाव रहेको देखिन्छ । साहित्यिक कृतिहरूको रचना गर्नुका साथसाथै समाज कल्याणजस्ता धार्मिक पुस्तक, पत्रिका र चैतन्य महाप्रभुजस्ता धार्मिक अध्यात्मिक व्यक्तिहरूको जीवनी पढ्ने वैदिक सनातन धर्मका शास्त्र र पूर्वीय दर्शनको अध्ययन गर्ने एवम् नित्य दैनिकी लेखनमा पनि विशेष रुचि रहेको देखिन्छ ।

अध्यात्मिक भावना भएका अर्ज्याल सनातन धर्म मान्थे, जातीयताको बिरोध गर्थे भने समाजसेवालाई मूल धर्म मान्दथे (अर्ज्याल : २०४८: ९ ) । यसका साथै खेतीपातीको काममा पनि विशेष रुचि राख्ने, गोडमेल गर्ने र फूलमा पानी हाल्ने कार्य पनि खुबै लगनशीलतापूर्वक गरेको पाइन्छ । यसका अतिरिक्त उनलाई सानैमा कविता लेख्ने रुचि पनि थियो । उनले जीवनमा रचना गरेको पहिलो कविता यस प्रकार छ-

हरे ! आद्य शक्ति हरे ! विष्णुमाया हरे देवी तिमी भगत्मा त बस्ने
कुचाल छोडी सुचाल् समातेर हिड्ने । अहो ! शत्रु मार्दा घुडा आई घस्ने ॥
(भट्टराई, २०६४ : २६)

यो रामेश्वर अर्ज्यालको पहिलो कविता हो यसमा धार्मिक भावना रहेको छ । यसबाट सानै उमेरदेखि उनमा कविता लेख्ने रुचि थियो भन्ने कुराको अनुमान गर्न सकिन्छ ।

## २.११ जीवनका स्मरणीय क्षणहरू

रामेश्वर अर्ज्याल एक कर्मठ अध्यात्मिक विचारधारा भएका व्यक्तित्व भएकोले उनले जीवनमा अनेक आरोह-अवरोह भोग्नुपर्‍यो । जीवनमा आइपरेका आरोह-अवरोहहरूलाई अर्ज्याललले अत्यन्तै सहज रूपमा लिएको पाइन्छ । जीवनमा आइपर्ने यस्ता आरोह-अवरोह, द्वन्द्व-प्रतिद्वन्द्वले उनलाई कुनै क्षणले अत्यन्तै सुखी तुल्याए भने कुनै क्षण उनका लागि ज्यादै दुःखद पनि बन्न पुगे । सानैदेखि उनमा अध्यात्मिक भावना हुनुका साथै देश र समाजको सेवा गर्ने ठूलो इच्छा थियो । उनको जीवनको सबभन्दा ठूलो इच्छा समाजसेवा गर्नु नै थियो। यसमा उनलाई आत्मिक सन्तुष्टि हुन्थ्यो । जीवनमा निस्वार्थ रूपले राजनीतिमा लाग्नु, वि.सं.२००६ को जनआन्दोलनमा नेपाली काङ्ग्रेसको तर्फबाट सक्रियता देखाउनु र त्यसमा सफलता पाउनु उनका सुखद क्षणका रूपमा देखा पर्दछन् । यस्तै उनले आफ्नो जीवनकालभरि गरेको निस्वार्थ समाजसेवालाई पनि सुखद क्षणका मानेका थिए (उनका कान्छा छोरा बालचन्द्र अर्ज्याललले दिएको जनकारीअनुसार) । उनका जीवनमा अनेकौ दुखद क्षणहरू आएका थिए, जसमा वि.सं. २००७ को क्रान्तिमा नरसिंह राणाले राजनैतिक कार्यकर्ता भनेर अन्यन्तै निर्दयी तरिकाले कुटेका थिए, जसलाई उनी आफ्नो जीवनको सबैभन्दा बिर्सन नसकिने दुखद क्षण मान्दछन् ।

## २.१२ बसोबास

रामेश्वर अर्ज्यालको जन्म सप्तरीको बैरवामा भएको हो । उनको बाल्यकाल सप्तरीमा नै बित्यो । उनले प्रारम्भिक शिक्षा पनि सप्तरीमा नै हासिल गरे । उनको पारिवारिक पृष्ठभूमि शिक्षित र सम्पन्न भएकोले उनलाई पढ्ने लेख्ने बातावरण पनि घरमै मिलेको थियो । उनको जन्मभूमि सप्तरीको बैरवा भए तापनि कर्मभूमि सप्तरी र बिराटनगर नै थियो । अध्यात्मिक विचारधारा भएका अर्ज्याललले आफ्नो कर्मक्षेत्र बैरवा र विराटनगरलाई बनाएको पाइन्छ । सानैदेखि प्रतिभावान् अर्ज्याल पढाइको सिलसिलामा भारतको दरभंगामा पढ्न उनका परिवारजनले पठाएका थिए । भारतमा उनले हिन्दी साहित्यमा विशारद गरेको र बी.ए.एम.एस्.को अध्ययन पनि भारतकै दरभंगाबाट पूरा गरेको जानकारी पाइन्छ । रामेश्वर अर्ज्याल समाजसेवी र राजनीतिक कार्यकर्ता भएको नाताले देशभित्र र देशबाहिरको छिमेकी राष्ट्र भारतका अनेक ठाउँमा पुगेको जानकारी पाइन्छ ।

उनको मुख्य बसाइ बिराटनगर र सप्तरीमा रहेको पाइन्छ । उनी सप्तरीबाट मोरङ्गमा आई बखरी भन्ने स्थानमा खेती गरी बसेको जनकारी पनि पाइन्छ । साथै सोही स्थानको उन्नति र प्रगतिमा विशेष योगदान पु¥याएका थिए भन्ने कुराको जानकारी पनि पाइन्छ । समाजसेवाको भावना भएका व्यक्तित्व भएकाले उनले सामाजिक कर्मभूमि सप्तरी र राजनैतिक कर्मभूमि सप्तरी र बिराटनगरमा थियो । वि.सं. २०२२ देखि उनी बिराटनगरमा बस्न थालेको जानकारी पाइन्छ । राजनैतिक कार्यकर्ता भएकाले उनलाई वि.सं. २०३६ सालको बहुदलको प्रचार प्रसारको निम्ति सुनसरी र सप्तरीको विभिन्न स्थानहरूमा पठाएको जानकारी पाइन्छ । उनी कामको सिलसिलामा बनारस-विराटनगर-बैरवालाई पानी पँधेरो ठानेर ओहोर दोहोर गर्दथे ।

केही समयपछि अर्ज्याल आफ्नो जेठो छोरा डा. प्रकाश अर्ज्यालसँग चाबाहिलमा बस्दै आएको जानकारी पाइन्छ । उनको मृत्यु पनि काठमाडौंको सिनामङ्गल स्थित काठमाडौं मेडिकल कलेजमा वि.सं. २०५८ मा भएको थियो ।

## २.१३ विभिन्न क्षेत्रमा उनको सेवा र संलग्नता

रामेश्वर अर्ज्याल एक प्रतिभाशाली व्यक्तित्व भएका कारण उनी विभिन्न क्षेत्रमा संलग्न हुनु पनि स्वभाविकै देखिन्छ । सामाजिक कार्य, राजनैतिक कार्य, धार्मिक कार्य जस्ता विभिन्न क्षेत्रमा उनले मुख्य संलग्नता देखाएका छन् । समाजका विभिन्न क्षेत्रमा उनको संलग्नता रहेको देखिन्छ । उनी समाज सुधारक पनि थिए । उनी समाजमा विद्यमान विभिन्न कुरीति, कुसंस्कारका विरुद्ध लागेको पाइन्छ । रामेश्वर अर्ज्यालको मुख्य क्षेत्र समाजसेवा थियो भने धार्मिक क्षेत्र र साहित्यिक क्षेत्रमा पनि उनको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

सामाजिक, धार्मिक, साहित्यिक र राजनैतिक व्यक्तित्व भएका रामेश्वर अर्ज्यालको सामाजिक र धार्मिक क्षेत्रअन्तर्गत निम्नलिखित सङ्घ-संस्थाहरूमा संलग्नता रहेको देखिन्छ-

भानु मोरङ्ग संस्कृति समिति (अध्यक्ष)

गायत्री संस्कृत विद्यालय, विराटनगर (संरक्षक)

श्री कृष्ण गौशला, विराटनगर (संरक्षक)

अर्ज्याल परिषद्, (२०४५) (अध्यक्ष)

सनातन धर्मसेवा समिति, मोरङ शाखा (अध्यक्ष)

प्रतिभा पुरस्कार प्रतिष्ठान (आजीवन सदस्य)

विश्रान्ति मन्दिर धनकुटा (आजीवन सदस्य)

संस्कृत सम्बर्धिनी समिति, घरान (आजीवन सदस्य)

लेखनाथ वाचानालय, विराटनगर (आजीवन सदस्य)

सनातन धर्मसेवा समिति, मोरङ शाखा (आजीवन सदस्य)

उदयानन्द स्मारक गुठीको संस्थापक तथा प्रधान संरक्षक

यसका साथै उनी मुख्य रूपमा समाजसेवा र राजनैतिक क्षेत्रमा संलग्न भएको जानकारी पाइन्छ ।

## २.१३ सामाजिक क्षेत्रमा सेवा र संलग्नता

रामेश्वर अर्ज्यालको मुख्य कर्मक्षेत्र भनेको सामाजिक सेवा गर्नु थियो । अध्यात्मिक विचारधारा भएका अर्ज्यालले समाजमा निकै योगदान दिएको पाइन्छ । समाजसेवाको भावना आत्मादेखि लिने सामाजिक विकासका लागि जनचेतना, नैतिकमूल्य, मान्यताजस्ता कुराहरू अपरिहार्य तत्त्व भएकाले अर्ज्यालले समुन्नत समाजको निर्माणका लागि गाउँमा पाठशाला तथा वेद विद्याश्रम खोल्ने लगायतका कार्यहरू गरेको पाइन्छ (भट्टराई, २०६४: ४) । समाजसेवी अर्ज्याल निर्धन, असहाय र अशक्तहरूका निम्ति देवता नै थिए । उनीहरूमाथि भएको थिचोमिचो र अन्याय उनका निम्ति असह्य हुन्थ्यो । त्यसैकारण उनले आफ्नो खेत जोत्नेहरूबाट डेढी व्याज र प्रतिबिघा सात मूल सलामी बापत लिँदै गरेको अन्न त्याग गरिदिए । त्यसपछि अरूका खेत जोत्ने किसानहरूलाई पनि डेढी व्याज र सलामी नबुझाउन मद्दत गरे । उनको यस आन्दोलनले सर्वत्र प्रभाव पाऱ्यो । अर्काको जग्गा जोतेर जीविका गर्नेहरूलाई राहत मिल्यो । यस आन्दोलनपछि उनी नैतिक मानिसलाई मित्र र अनैतिक एवम् कुविचारीहरूलाई शत्रुको रूपमा हेर्न थाले । उनी एच. एम. वी. को प्रमाण पत्र लिएका स्वाथ्यकर्मी पनि थिए । उनको निःशुल्क औषधी र सेवा ग्रहण गर्न दिनहु उनका घरमा विरामीको भीड लाग्ने गर्थ्यो । रामेश्वर अर्ज्यालले सामाजिक क्षेत्रमा गरेका कार्यहरूलाई विभिन्न शीर्षकमा यसप्रकार चर्चा गर्न सकिन्छ -

### २.१३.१ **विद्यालय निर्माणमा संलग्न**

वि.सं. २००६ मा सप्तरीको बैरवामा उनले स्थापना गरेको **लक्ष्मी नारायण विद्यालय**का कक्षा ६ देखि १० सम्म पढ्ने असहाय २ जना छात्रलाई रामेश्वर छात्रवृत्ति तथा ३ जना छात्रालाई इन्द्रछाया छात्रवृत्ति प्रदान गर्नका लागि एउटा छात्रवृत्ति कोषको व्यवस्था गरिएको छ (भट्टराई २०६४ : ४४) । रामेश्वर अर्ज्याल अध्यात्म क्षेत्रमा लागेपछि **गायत्री विद्या मन्दिर** (जुन विराटनगरमा रहेको छ) को पनि स्थापना गरेका छन् । वि.सं. २००० मा बैरवाको रामजानकी गाउँमा एउटा मिडिल स्कूल खोल्ने उद्देश्य राखेर उनले गाउँमा सभा बोलाएका थिए । जसमा सहयोगी रामेश्वर अर्ज्यालका भतिजा पर्ने गिरिजा शर्मा थिए । उनले आइ. ए. सम्मको शैक्षिक योग्यता प्राप्त गरेको र उनकै सहयोगमा विद्यालय स्थापना भएको थियो । केही रकम संकलन गरेर मिडिल स्कूलको भवन तयार गरेका थिए । आई. ए. पास गरेका यदुवंशलाल दास नामक मानिसलाई मासिक रू. ५० दिने गरी नियुक्त गरे र अर्का एक जना अण्डर मेट्रिक शिक्षकलाई मासिक रू. ३० दिने दुई शिक्षकको व्यवस्था गरी विद्यालय सञ्चालन गरेको पाइन्छ । यसबाट उनको सामाजिक सेवा भावको व्यक्तित्व प्रकट भएको छ ।

विद्यालय स्थापना गरे पनि विद्यार्थीको कमीले गर्दा अर्ज्याललाई विद्यार्थी सङ्कलन गर्न गाउँ घर चहार्न परेको जानकारी पाइन्छ । त्यतिबेलाको समाज रुढिबादी र परम्परागत थियो । पढे लेखेका मानिसहरू कम थिए । पढे लेखेका मानिसहरूको खासै प्रतिष्ठा थिएन । केटाकेटीहरूमा पनि पढ्ने भावना जागृत भएको थिएन । पारिवारिक एवम् सामाजिक प्रभावले नै उनीहरूलाई गाँजेको थियो । त्यस्तो परिस्थितिमा अर्ज्यालले विद्यालयको स्थापना गर्नु अनुकरणीय कार्य मानिन्छ ।

### २.१३.२ **गाउँमा बाटो मर्मत तथा सञ्चालन**

रामेश्वर अर्ज्याल शान्त, समुन्नत र शिक्षित समाजको परिकल्पना गर्ने व्यक्ति थिए । उनले समाज सुधारको क्षेत्रमा निकै ठूलो योगदान गरेको जानकारी पाइन्छ । ग्रामीण सुधारका लागि उनको पाइला सधैं अघि बढिरहन्थ्यो । वि.सं. २००९ तिर उनले धनपुरी गाउँमा गएर त्यहाँका जनताहरूलाई भेला पारी गाउँमा बाटो खोल्ने प्रस्ताव राखे जसमा सबैको समर्थन भई बाटो खोल्ने कार्य हुन थालेको थियो । (अर्ज्याल,२०४८:१०१) गाउँमा

बाटो उत्तर दक्षिणको एक माइल लामो र अर्को त्यसैमा जोडिने पूर्व पश्चिमको आधा माइल लामो बाटो खोल्ने प्रस्ताव उनको सक्रियतामा पास भयो । सबैलाई लिएर उनी बाटो खन्न अघि बढे । सबै गाउँबासीहरूले उनलाई साथ दिए । तेह्र हात चौडाइ भएको बाटो बनिरहेको थियो । त्यसै क्रममा एक जना बुनी मगरैता भन्ने व्यक्तिले बाटोमा पर्ने जमिन दिन नमानेर बाटो निर्माण कार्य रोकियो । त्यसका लागि उनले पनि जग्गा नदिउन्जेल आमरण अनशन गरे । चौबीस घण्टा पछि उक्त व्यक्तिले जग्गा दिन मन्जुर भएपछि मात्र उनले अनशन तोडेको जानकारी प्राप्त हुन्छ । यसरी रामेश्वर अर्ज्याल ग्राम सुधारमा मरिमेट्ने महान व्यक्ति भएको जानकारी पाइन्छ ।

### २.१३.३ राजनैतिक संलग्नता

रामेश्वर अर्ज्यालको राजनैतिक संलग्नता भने वि.सं. २००३ देखि भएको जानकारी पाइन्छ । वि.सं. २००४ सालदेखि नेपाली काङ्ग्रेसको सदस्यको रूपमा यिनले राजनीतिमा प्रवेश गरेको जानकारी पाइन्छ । वि.सं. २००७ मा केशव कोइरालाको नेतृत्वमा राणा विरोधी आन्दोलनमा सप्तरीका सहयोगीका साथमा सक्रिय भएर लागेको पाइन्छ । विश्वेश्वरप्रसाद कोइरालासँग यिनको राम्रो सम्बन्ध थियो । वि.सं.२००७ मा यिनी मुक्ति सेनाको सप्तरी जिल्ला कमान्डर थिए भने वि.सं. २०११ सालमा सल्लाहकार सभाका सदस्य भए । वि.सं.२०३६ मा जनमतसङ्ग्रहमा प्रचार प्रसार समितिका सप्तरी जिल्ला अध्यक्ष भएको जानकारी पाइन्छ । वि.सं.२०३६ को जनमतसङ्ग्रहको बेला बहुदलको पक्षमा रामेश्वर अर्ज्याल अत्यन्त सक्रिय भएर लागेका थिए । वि.सं. २००३ मा नेपाली राष्ट्रिय काङग्रेसको सर्मथनमा राणा विरोधी अभियानमा नेपाली युवावर्गलाई झनै उत्साहित बनाएको थियो । सानैदेखि राणा बिरोधी स्वभावका अर्ज्याललाई यस संस्थामा सामेल हुन प्रेरणा मिल्यो ।

रामेश्वर अर्ज्यालको राजनैतिक परिवेशलाई हेर्दा उनी देश र जनताको हितका लागि मरिमेट्ने व्यक्ति थिए । त्यसैले उनी काङ्ग्रेस पार्टीसँग आवद्ध थिए र वि.सं. २००७ को क्रान्तिमा महत्त्वपूर्ण भूमिकाका साथ लागेका थिए । उनी राणाहरूको कठोर शासनबाट देश र जनतालाई मुक्ति दिन चाहन्थे । त्यसका लागि उनी सक्रिय रूपले लागिरहेका थिए । सामाजिक पछि राजनैतिक उनको जीवनको मुख्य पाटो मानिन्छ । वि.सं. २०३६ मा बहुदलको प्रसार प्रचारको निमित्त सुनसरी र सप्तरीको विशेष दायित्व वि. पी. ले उनलाई

सुम्पेको जानकारी पाइन्छ । जसमा उनले दिलोज्यान लगाएर आफ्नो कर्तव्य निर्वाह गरेका थिए । उनी स्वार्थभन्दा माथि उठेर देशभक्त थिए । उनी गान्धीवादी सिद्धान्तका अनुयायी नेपाली काङ्ग्रेसका सक्रिय कार्यकर्ता थिए । उनको जीवनको महत्त्वपूर्ण अङ्ग राजनीति थियो । गान्धीको प्रथम शिष्य तुलसी मेहरसँग पनि उनको अत्यन्तै नजिकको आत्मीय सम्बन्ध भएको पाइन्छ ।

वि.सं. २००३ देखि नेपाली राष्ट्रिय काङ्ग्रेसमा आवद्ध भएर अगाडि बढेका अर्ज्याल, नेपाली काङ्ग्रेस, त्यसपछि राष्ट्रिय प्रजा पार्टी र पुनः नेपाली काङ्ग्रेसको आवद्धताबाट विकसित हुँदै आएको उनको राजनैतिक सक्रिय योगदानले वि.सं. २०१७ मा प्रजातन्त्रको अपहरण र वि.सं. २०३६ मा बहुदलको हार भएपछिको हलचलले केही राजनैतिक निराशाको अनुभव सँगाल्नु परेको थियो । तापनि उनमा राजनैतिक प्रतिष्ठा सधैंभरि कायम भएको पाइन्छ । रामेश्वर अर्ज्याल सम्पूर्ण निष्ठा एवम् गहिरो आस्थाका साथ नेपाली काङ्ग्रेस र प्रजातन्त्रप्रति प्रतिबद्ध भएर लागेको पाइन्छ । देश र जनताको हित केवल प्रजातन्त्रमा मात्र सम्भव छ भन्ने दृढ धारणाले उनलाई नेपाली काङ्ग्रेस र प्रजातन्त्रसित नजिक तुल्याएको पाइन्छ । रामेश्वर अर्ज्याल प्रजातन्त्रप्रति प्रतिबद्ध एक नेपाली काङ्ग्रेसका समर्पित र सक्रिय कार्यकर्ता भएको जानकारी पाइन्छ ।

## २.१४ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा

रामेश्वर अर्ज्यालको पारिवारिक वातावरण अनुसार नै उनको साहित्य क्षेत्रमा प्रवेश भएको पाइन्छ (रामेश्वर अर्ज्यालका कान्छा छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त जानकारीअनुसार) । आदिमहाकवि उदयानन्द अर्ज्यालको जनाति अर्ज्यालले प्रेरणा उदयानन्दका कृतिहरुबाट पनि प्राप्त गरेको पाइन्छ ( शोधनायकका कान्छा छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त जानकारीअनुसार) । उनको पारिवारिक वातावरण साहित्यिक भएको हुँनाले उनमा साहित्यिक भावना जाग्नु स्वाभाविक थियो । उनका बाबु, बाजे सबै पढेलेखेका थिए र उनमा पनि पढाइप्रति विशेष अभिरुचि भएकोले उनमा यस क्षेत्रप्रति विशेष मोह जागेको पाइन्छ । साहित्यमा लाग्ने प्रेरणा विशेषतः उनलाई आफ्ना पूज्य माता पिता श्री कृष्णप्रसाद अर्ज्याल र श्री नर्मदादेवी अर्ज्यालबाट मिलेको जानकारी पाइन्छ (छोरा बालचन्द्र अर्ज्यालबाट प्राप्त जानकारीअनुसार) ।

सानै उमेरदेखि प्रतिभावान् अर्ज्याल अत्यन्तै तीखो बुद्धि भएका व्यक्ति थिए । अध्यात्मिक विचारधारा भएका अर्ज्याललले साहित्यमा दार्शनिक विचारधारालाई विशेष जोड दिएको पाइन्छ । उनी कुन साहित्य कृतिबाट साहित्य क्षेत्रमा प्रवेश गरेका थिए भन्ने निश्चित जानकारी पाइँदैन तर पनि उनको पहिलो ग्रन्थ **तत्त्व विज्ञान माला** (२०३५) कवितासङ्ग्रह हो (भट्टराई,२०६४: १६) । यस **तत्त्व विज्ञान माला** कृतिमा उनले ज्ञानी महात्माहरूलाई ज्ञानगुनका विचारहरू दिएर आनन्द प्रदान गर्ने काम गरेको पाइन्छ । वि.सं. २०३५ देखि निरन्तर रूपमा आफूलाई नेपाली र मैथिली भाषा साहित्यको समुत्थानमा समर्पित गराएका थिए । अर्ज्याल सानैदेखि धार्मिक अध्यात्मिक विचारधारा भएका विभिन्न सन्तगुरुहरूसँग भेटघाट गर्ने, महात्माहरूसँग सत्सँगमा जाने जस्ता कार्यहरू गरेको पाइन्छ । जसको प्रभाव उनको साहित्यमा पनि परेको देखिन्छ ।

चौध वर्षको कलिलो उमेरदेखि नै साहित्य क्षेत्रमा लागेका अर्ज्याललले प्रथम रचनाका रूपमा अध्यात्मिक कविता लेखेको पाइन्छ । यसका साथै विभिन्न साहित्यकार, कवि साथीहरूको प्रभाव र प्रेरणा स्वरूप पनि अर्ज्याल यस क्षेत्रमा आएको जानकारी पाइन्छ । आफ्नी पत्नी इन्द्रछायाको प्रेरणालाई पनि विशेष महत्त्व दिएको कुरा उनको **दैनन्दिनीका केही पृष्ठ** भन्ने कृतिमा उल्लेख भएको पाइन्छ । रामेश्वर अर्ज्याललले चौध वर्षको कलिलो उमेरमा लेखेको कविता यस प्रकार छ-

"हरे आद्य शक्ति हरे विष्णुमाया !
हरे देवी तिमी जगतमा बस्ने !!
कुचाल छोडी, सुचाल समातेर हिड्ने !
अहो शत्रु मर्दा घुँडा आई धस्ने !!"

(अर्ज्याल, २०६४: १६)

यिनको साहित्यको मूलविधा कविता र अध्यात्मिक रहेको पाइन्छ । विशेष गरेर आध्यात्मिक विचारधाराबाट प्रभावित भई यिनले साहित्य सृजना गरेको पाइन्छ । यिनले साहित्यका विभिन्न पाटाहरूमा आफ्नो कलम चलाएका छन् । जसमा कविता, निबन्ध, दैनिकी, खण्डकाव्य र दार्शनिक विमर्शहरू पर्दछन् । यिनको लेखनको आरम्भ वि.सं.२०३५ सालमा प्रकाशित **तत्त्व विज्ञान माला** कवितासङ्ग्रहबाट भएको हो । त्यसपछि क्रमशः यिनले

साहित्यमा आफ्नो यात्रा अगाडि बढाएको पाइन्छ । उनका प्रकाशित कृतिहरू यस प्रकार रहेका छन्-

(१) **तत्त्व विज्ञान माला** (कवितासङ्ग्रह २०३५)
(२) **जनात्म पुकार** (मैथिली, तथा नेपाली भाषाको कवितासङ्ग्रह २०३६)
(३) **विचार दर्शन** निबन्धसङ्ग्रह (२०३७)
(४) **परिवर्तन** खण्डकाव्य (२०४२)
(५) **उद्गार** कवितासङ्ग्रह (२०४४)
(६) **शिवमधुके भाग्यक रेखा** काव्य मैथिली भाषामा (२०४५)
(७) **राधिका रोदन र अन्य कविता** (काव्य र कविता २०४६)
(८) **सेवा सन्देश** (खण्डकाव्य २०४६)
(९) **दैनन्दिनीका केही पृष्ठ** (दैनिकी २०४८)
(१०) **अजातजात** (दार्शनिक विमर्श २०५४)

यी कृतिहरूले यिनको साहित्यिक लेखन बलियो रहेको छ भन्ने कुराको सङ्केत गर्दछ ( अर्ज्याल, २०६४: १६) यिनका माधव घिमिरे, दैवज्ञराज न्यौपाने, घटराज भट्टराई जस्ता प्रसिद्ध साहित्यकारहरु साथी थिए । उनीहरूको आपसी सम्पर्कले पनि उनलाई साहित्य सिर्जनातर्फ प्रेरित गरेको बुझिन्छ ।

रामेश्वर अर्ज्यालले हिन्दी साहित्यमा विशारदसम्म अध्ययन गरेको पाइन्छ । उनी समाज सुधारक भएकाले समाजको सुधार गर्नुपर्छ भन्ने भावना राखेर आध्यात्मिक चिन्तनले भरिएका साहित्यहरू पनि रचना गरेको पाइन्छ । यसरी रामेश्वर अर्ज्याल उपर्युक्त विभिन्न पक्ष र प्रसङ्गहरूबाट प्रेरित भएर साहित्यमा प्रवेश गरेका थिए ।

## २.१६ साहित्य सम्बन्धी धारणा

विचारको कलात्मक प्रस्तुति नै साहित्य भएकोले विभिन्न साहित्यकारहरूले आ-आफ्ना विचारहरू आ-आफ्नै तरिकाले साहित्यमा प्रस्तुत गरेका हुन्छन् । रामेश्वर अर्ज्याल पनि मान्छेका भावना र मनोलोकका अध्येता हुन् । उनले आफ्ना सृजनाहरूमा आध्यात्मिकता, मानवीयता र समाजसेवालाई विशेष जोड दिएको पाइन्छ । समाजले हैन समाजलाई हामीले केही दिनु पर्छ भन्ने विचार उनको पाइन्छ । अर्ज्याले सनातनदेखि चल्दै आएको वैदिक

दर्शनलाई पछ्याएर त्यसैमा डुबेर साहित्यतिर प्रेरित भएको पाइन्छ । उनी जे गर्न सकिन्छ गर्दै जानु पर्छ भन्ने सिद्धान्तका मानिस थिए (अर्ज्याल,२०४८ लेख) उनका रचनामा भौतिक संसारबाट माथि उठेर आध्यात्मिक चिन्तन, ईश्वर भक्ति र समाजसेवा जस्ता विषयहरूलाई समावेश गरिएको पाइन्छ ।

आफ्नो साहित्य लेखनको मूल प्रयोजन समाजसुधार र आध्यात्मिकताका निम्ति नै हो भन्ने धारणा राख्ने अर्ज्यालले आफ्नो लेखन आउने पिढीहरूका लागि उपयोगी हुन सकोस् भन्ने धारणा रहेको पाइन्छ । उनले साहित्यलाई मानव हृदयको अभिन्न पाटो मान्दछन् । साहित्यले समाजलाई सन्देश दिने हुनु पर्दछ भन्ने अर्ज्यालको धारणा रहेको जानकारी पाइन्छ (भट्टराई, २०६४ : ८८) । समाज र व्यक्तिको हितमा साहित्य हुनु पर्दछ भन्ने मान्यता नै रामेश्वर अर्ज्यालको साहित्य सम्बन्धी अपरिवर्तनीय धारणा हो ।

## २.१७ उनका प्रकाशित तथा अप्रकाशित रचनाहरू

वि.सं.२०३५ देखि साहित्यको रचना गर्न थालेका अर्ज्यालले वि.सं. २०४८ सम्ममा दस वटा कृतिहरूको रचना गरेको देखिन्छ । उनले आफू चौध वर्ष उमेरको हुँदा कविता लेखेका थिए तर त्यो कविता अप्रकाशित देखिन्छ भने प्रकाशनका दृष्टिले वि.सं. २०३५ मा लेखेको र प्रकाशन भएको **तत्त्व विज्ञान माला** पहिलो कवितासङ्ग्रह हो । यिनका नेपाली हिन्दी र मैथिली भाषामा पनि कृति प्रकाशित भएका छन् (भट्टराई, २०६४ : ८८) । उनीद्वारा रचना गरिएका कृतिहरूलाई विधागत रूपमा छुटट्याएर यहाँ प्रस्तुत गरिएको छ–

### (क) कवितासङ्ग्रह

| क्र.सं. | कृतिको नाम | विषयवस्तु | सर्ग | प्रकाशन मिति |
|---|---|---|---|---|
| १ | तत्त्व विज्ञान माला | आध्यात्मिक | ४ सर्ग | २०३५ |
| २ | जनात्मक पुकार | सामाजिक | | २०३६ |
| ३ | उद्गार | सामाजिक | | २०४४ |
| ४ | राधिका रोदन र अन्य कविता | सामाजिक | | २०४६ |
| ५ | शिवः मधुके भाग्यक रेखा | सामाजिक | | २०४५ |

### (ख) निबन्ध

| क्र.सं. | कृतिको नाम | विषयबस्तु | प्रकाशन मिति |
|---|---|---|---|
| १ | विचार दर्शन | दर्शन | २०३७ |
| २ | दैनन्दिनीका केही पृष्ठ | दैनिकी | २०४८ |

### (ग) खण्डकाव्य

| क. सं. | कृतिको नाम | विषयबस्तु | प्रकाशन मिति |
|---|---|---|---|
| १ | परिवर्तन | सामाजिक | २०४२ |
| २ | सेवा सन्देश | सामाजिक | २०४६ |

### (घ) दार्शनिक विमर्श

| क. सं. | कृतिको नाम | विषयबस्तु | प्रकाशन मिति |
|---|---|---|---|
| १ | अजातवाद | आध्यात्मिक | २०५४ |

अर्ज्यालले जीवनमा कविता, खण्डकाव्य, निबन्ध, दैनिकी, दार्शनिक विमर्शजस्ता साहित्यका विविध पाटाहरूमा कलम चलाएको पाइन्छ । यिनका सबै कृतिहरू सामाजिक र नैतिक चेतनाले ओतप्रोत रहेका छन् । समाजसुधार गर्नु पर्दछ समाजमा नराम्रो कुराहरूलाई हटाएर राम्रो काम गर्नु पर्दछ । जसलाई पछिका पुस्ताहरूले पनि सम्झने छन् भन्ने धारणा यिनमा पाइन्छ ।

## २.१८ सम्मान तथा पुरस्कार

रामेश्वर अर्ज्यालले नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई विभिन्न संघ संस्थाहरूले मानसम्मान तथा पुरस्कार प्रदान गरेका छन् । विशेष गरेर सामाजिक र राजनैतिक क्षेत्रमा सेवा गरे वापत उनले अनेक सम्मानहरू प्राप्त गरेका छन् । उनले सामाजिक सुधारका थुप्रै कार्यहरू गरेको पाइन्छ । उनले प्राप्त गरेको पुरस्कार तथा सम्मानहरू यसप्रकार रहेका छन् :–

१. जगतगुरु शंकराचार्य पदकबाट सम्मानित (वि.सं. २०५५)।

२. सनातन धर्मसेवा समिति परिवार मोरङ (समाज सेवा एवम् धार्मिक अनुष्ठताका लागि) वि.सं.२०५५ मा सम्मान पत्र प्रदान।

३. जिल्ला समिति, सप्तरीबाट वि.सं. २०५७ मा अभिनन्दन पत्र प्रदान।

४. लक्ष्मीनारायण मा.वि. वैरवाको प्राङ्गणमा रामेश्वर अर्ज्यालको प्रतिमाको निर्माण।

५ अर्ज्याल समाजबाट वि.सं. २००७ को प्रजातान्त्रिक सेनानीको सम्मानका साथ अभिनन्दन पत्र प्रदान।

यसैगरी रामेश्वर अर्ज्याललाई समाजसेवा गरे वापत अनेक पुरस्कार र थुप्रै मानसम्मान प्राप्त भएको जानकारी पाइन्छ। यसले उनको सामाजिक, धार्मिक, साहित्यिक कार्यहरू केही मूल्याङ्कन भएको देखिन्छ।

## २.१९ मृत्यु

रामेश्वर अर्ज्यालको मृत्यु वि.सं. २०५८ पौष ३ गते मंगलबार साँझ काठमाडौँ सिनमङ्गलस्थित काठमाडौँ मेडिकल कलेजमा भएको थियो (राजधानी दैनिकः २०५८)। उनको मृत्यु ८२ वर्षको उमेरमा शारीरिक अस्वस्थताको कारण भएको थियो।

जीवनको अन्तिम क्षणमा उनलाई पारकिन्सन(पक्षाघात) भएको थियो। उनका हातखुट्टा काप्ने, हिड्डुल गर्न गाह्रो हुने जस्तो शारीरिक समस्या देखिएको थियो। यही कारणले गर्दा नै उनको मृत्यु भएको थियो। जीवनभर निस्वार्थ रूपमा समाजको सेवा गर्ने समाजसेवी, अन्तिम समयसम्म पनि राजनैतिक आस्था राख्ने राजनैतिक कार्यकर्ता र समाजलाई सुधार्नु पर्छ भन्ने सन्देशमूलक साहित्य रच्ने साहित्यकार रामेश्वर अर्ज्याल एक प्रतिभावान् व्यक्तित्व भएका व्यक्ति थिए। पहिला कहिल्यै पेट दुख्ने समस्या नभएको अर्ज्याललाई एक्कासि पेट दुख्न थालेपछि उनका परिवारजनले उनलाई काठमाडौँको सिनामङ्गलस्थित काठमाडौँ मेडिकल कलेज लगेका थिए र त्यहाँका डाक्टर लोकविक्रम थापाले उनको उपचार गरेका थिए (उनका जेठा सुपुत्र प्रकाश अर्ज्यालबाट प्राप्त जानकारीअनुसार)। बिहानको १२ बजे दुध पिएको तर केही समयपछि प्रेसर (रक्तचाप) घट्दै गई चार बजेतिर उनको मृत्यु भएको जानकारी पाइन्छ (उनका जेठा सुपुत्र प्रकाश अर्ज्यालबाट प्राप्त जानकारीअनुसार)। अन्ततः वि. सं. २०५८ पौष ३ गते दिउसो चार

बजेतिर बयासी वर्षको उमेरमा उनको निधन भएको थियो । अर्ज्यालको पार्थिव शरीरलाई पशुपतिको आर्यघाटमा दाहसंस्कार गरिएको थियो (छोरा प्रकाश अर्ज्यालबाट प्राप्त जानकारीअनुसार) ।

रामेश्वर अर्ज्यालको मृत्युमा उनका इष्टजन, परिवारका सदस्यजनहरू र छर छिमेकहरूले गहिरो दुःख प्रकट गरे । उनको स्वर्गारोहणप्रति गहिरो दुःख प्रकट गर्दै नेपाली काङ्ग्रेसले **राजधानी** दैनिक पत्रिका मार्फत हार्दिक समवेदना प्रकट गरेको पाइन्छ ।

# तेस्रो परिच्छेद
# रामेश्वर अर्ज्यालको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्वका समस्त आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथसङ्गत र जीवन जगत्प्रतिका दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्माण गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व उसमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ( नेपाल, २०६४ : ३३) ।

रामेश्वर अर्ज्यालको व्यक्तित्व उपर्युक्त प्रक्रियाअनुसार नै निर्माण भएको देखिन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक, राजनैतिक तथा शैक्षिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । रामेश्वर अर्ज्याल नेपाली साहित्य मात्र नभएर सामाजिक र राजनैतिक क्षेत्रमा उनको विशेष योगदान रहेको पाइन्छ । निस्वार्थ रूपले समाजको सेवा गर्नु यिनको जीवनको उद्देश्य थियो । नेपाली राष्ट्र र राष्ट्रियताको लागि विशिष्ट काम गरेका अर्ज्यालले आफूले समाजसेवा गरे वापत कहिल्यै कुनै मोह राखेको पाइँदैन । समाजमा जन्मेपछि देश र राष्ट्रको लागि केही गर्नु पर्दछ भन्ने यिनको विचार थियो । रामेश्वर अर्ज्याल समाज र राष्ट्रको सेवा गर्ने क्रममा अनेक विद्वान्हरूसँग भेटी प्रेरणा र प्रभाव ग्रहण गरेको जानकारी पाइन्छ । यिनले सामाजिक, धार्मिक, साहित्यिक र राजनैतिक हरेक क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

रामेश्वर अर्ज्यालको व्यक्तित्वको मुख्य पाटो उनको आध्यात्मिक व्यक्तित्वलाई मानिन्छ । शरीर भौतिक र नाशवान् हुन्छ तर आत्मा भनेको अमर हुन्छ भन्ने यिनको धारणा थियो । यिनी ओजस्वी, तेजस्वी, तपस्वी, भव्य एवम् दिव्य मुहार, उच्च ललाट,

ललाटमा त्रिपुण्ड र तिलक, गलामा रुद्राक्षको माला, प्रसन्न मुद्राको, सुन्दर मुहार भएको जानकारी पाइन्छ (भट्टराई, २०६४: ३०) । यिनले साहित्य, समाजसेवा, राजनीति, धर्मसंस्कृति र आध्यात्मिक सबै क्षेत्रमा अत्यन्तै महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

रामेश्वर अर्ज्यालमा बहुआयामिक प्रतिभा भएको पाइन्छ । उनी निष्पक्ष इमान्दार मध्यस्थकर्ता, गान्धीवादी सर्वोदय नेताका रूपमा समाजसेवी तथा समाजसुधारक, वैदिक सनातनधर्मका निष्ठावान अनुयायी र सम्वर्धक एवम् नेपाली भाषा साहित्यका एक विशिष्ट साधकका रूपमा चिनाउन सकिन्छ (छोरा बालचन्द्र अर्ज्यालद्वारा प्राप्त जानकारीअनुसार) । सादा जीवन र उच्च विचारका धनी अर्ज्यालका जीवनका अनेक व्यक्तित्वका पाटाहरू देख्न सकिन्छ । विशेष गरी उनका समाजसेवी व्यक्तित्व, राजनैतिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र धार्मिक व्यक्तित्व गरी चार व्यक्तित्व महत्त्वपूर्ण रूपमा रहेका छन् । यिनको आन्तरिक र बाह्य व्यक्तित्वलाई निम्नानुसार चर्चा गरिएको छ -

## ३.२ बाह्य व्यक्तित्व

व्यक्तिका आँखाले हेर्दा देखिने बाहिरी कुराहरू नै बाह्य व्यक्तित्वअन्तर्गत पर्दछन् । गोरो अनुहार, अलिकति होचो कद, हँसिलो मुहार, तिलचामले फूलेका डम्म दाह्री जुँगा पालेका, सुकिलो शरीर, ठिक्कको भव्य सुन्दर हेर्दा पनि जाँगरिलो शान्त स्वभावको व्यक्तित्व पाइन्छ (भट्टराई, २०६४: ३) । उनको अनुहारमा एक किसिमको कान्ति छाइरहेको हुन्थ्यो । सधैं प्रसन्न मुद्रामा रहने अर्ज्याल शान्त स्वभावका, सहृदयी र कर्मठ व्यक्ति थिए । उनी भरसक आफैले तयार पारेका खद्दरका कपडा मात्र लगाउने गान्धीवादी थिए । धोती, कमिज वा सुविधायुक्त सुरुवाल कमीज लगाउन उनी बढी रुचाउने गर्दथे । निधारमा सदैव रातो टीका, फुलेको दाह्री र लामा कपालले उनको स्वरूपलाई भव्यता र तेज प्रदान गरेको थियो । सानो, ठूलो सबैलाई आदर गरेर बोल्ने यिनको बानी थियो । खद्दरको धोती, कुर्ता र गम्छा उनको नित्य पहिरन हुन्थ्यो । घरमा बस्दा यिनै लुगाहरू लगाएर बस्दथे । सफा सेतो रङको धोती लगाउँन यिनी मन पराउथे । हेर्दा पनि प्रसन्न मुद्रा भएको अर्ज्यालका मुहारमा एक विशेष प्रकारको तेज पाइन्थ्यो । उनी अत्यन्त शान्त मुद्राका भावुक र निडर पनि थिए (भट्टराई, २०६४: ७२) ।

## ३.३ आन्तरिक व्यक्तित्व

रामेश्वर अर्ज्याल साथी भाइहरूलाई घर बोलाएर अनेक धार्मिक तथा आध्यात्मिक विचार विमर्श गर्न मन पराउँथे । यसबाट उनको आन्तरिक व्यक्तित्वको जानकारी पाउन सकिन्छ । धर्म र अध्यात्म चिन्तनमा सदा लागि रहने अर्ज्याल आत्मिक रूपमा आस्तिक विचार भएका आध्यात्मिक स्वभावका व्यक्ति थिए । यसका साथै छर छिमेकीहरूलाई भेला पारी भजन कीर्तन गर्ने यिनको विशेष रुचि रहेको पाइन्थ्यो ।

उनी जीवनमा धन र नाम आर्जन गर्नु भन्दा पनि विना कुनै स्वार्थको उद्देश्य राखेर समाजसेवा गर्नुमा रुचि राख्ने व्यक्ति थिए । उनी साहित्यिक क्षेत्रमा त्यति चर्चामा नआए पनि उनले समाजसेवा र राजनैतिक क्षेत्रमा गरेको योगदान महत्त्वपूर्ण मानिन्छ । उनले आफ्नो जीवनको धेरै समय समाजसेवामा नै बिताएको पाइन्छ । उनी एक निस्वार्थी, निष्पक्ष सहयोगी भावनाले भरिएका आन्तरिक व्यक्तित्व भएका व्यक्ति थिए ।

## ३.३ व्यक्तित्वका विभिन्न आयामहरू

व्यक्तिको जीवन भोगाइका विभिन्न पक्षहरूले व्यक्तित्वको निर्माण गरेका हुन्छन् । व्यक्तित्वको निर्माणमा कुनै पनि मानिसका जीवनमा आइपर्ने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्वहरूले प्रमुख भूमिका खेलेका हुन्छन् । त्यसैगरी समाजमा देखिने असमानता, राजनैतिक उथलपुथल र धार्मिक कुराहरूले पनि व्यक्तिको व्यक्तित्वमा ठूलो प्रभाव पारेको हुन्छ । व्यक्तिको पेसागत सक्रियता र संलग्नता तथा सृजनात्मक क्रियाशीलताका कारणबाट पनि व्यक्तिको व्यक्तित्वको निर्माण भएको हुन्छ । यस दृष्टिले हेर्दा रामेश्वर अर्ज्यालका पनि व्यक्तित्वका अनेक आयामहरू देखिन्छन् । कुनै पनि व्यक्तिको व्यक्तित्व एउटा मात्र क्षेत्रमा सीमित नभई विभिन्न विषय र पक्षहरूमा विस्तारित भएको हुन्छ । बहुआयामिक व्यक्तित्वका धनी रामेश्वर अर्ज्यालका व्यक्तित्वका विबिध पाटाहरूलाई आरेखमा यसरी देखाउन सकिन्छ -

**रामेश्वर अर्ज्यालको व्यक्तित्व**

**साहित्यिक व्यक्तित्व**

कवि व्यक्तित्व

निबन्धकार व्यक्तित्व

खण्डकाव्यकार व्यक्तित्व

**साहित्येतर व्यक्तित्व**

समाजसेवी व्यक्तित्व

बिद्रोही व्यक्तित्व

धार्मिक व्यक्तित्व

दार्शनिक व्यक्तित्व

राजनैतिक व्यक्तित्व

### ३.३.१ साहित्यिक व्यक्तित्व

रामेश्वर अर्ज्यालले १४ वर्षको उमेरमा पहिलो पद्य कविताबाट साहित्यिक लेखन प्रारम्भ गरेको जानकारी प्राप्त हुन्छ जुन यस प्रकार छ -

हरे आद्य शक्ति हरे विष्णुमाया !
हरे देवी तिमी जगतमा बस्ने !!
कुचाल छोडी, सुचाल समातेर हिड्ने !
अहो शत्रु मर्दा घुँडा आई धस्ने !!

(अर्ज्याल, २०६४: १६)

यस कविताबाट उनले साहित्यको सुरुवात गरेको पाइन्छ भने प्रकाशनको दृष्टिले वि.सं. २०३५ मा प्रकाशित **तत्त्व विज्ञान माला** (२०३५) उनको पहिलो प्रकाशित कवितासङ्ग्रह हो ।

रामेश्वर अर्ज्यालले थुप्रै साहित्यिक कृतिहरू नेपाली र मैथिली भाषामा लेखेको पाइन्छ । उनले धेरै अगाडिदेखि साहित्यका थुप्रै विधाहरूमा आफ्नो कलम चलाएको देखिन्छ । जसमा कविता, निबन्ध, दैनिकी, खण्डकाव्य तथा दार्शनिक विमर्श पर्दछन् तर प्रकाशन भने धेरै पछि वि. सं. २०३५ मा **तत्त्व विज्ञान माला** कवितासङ्ग्रहको रूपमा भएको पाइन्छ । यसरी हेर्दा कविता लेखनबाट साहित्य लेखन प्रारम्भ गरेका अर्ज्यालका कृतिहरूमा प्रकाशनका दृष्टिले पद्य कविता जेठो देखिन्छ । उनका त्यसपछि प्रकाशित

कृतिमा **जनात्मक पुकार** (मैथिली र नेपाली भाषाको कवितासङ्ग्रह २०३६), **विचार दर्शन** ( निबन्धसङ्ग्रह २०३७), **परिवर्तन** (खण्डकाव्य २०४२), **उद्गार** (कवितासङ्ग्रह २०४४), **शिव मधुके भाग्यक रेखा** (मैथिली भाषाको काव्य २०४५), **राधिका रोदन र अन्य कविता** (काव्य र कविता, २०४६), **सेवा सन्देश** (खण्डकाव्य २०४६), **दैनन्दिनीका केही पृष्ठ** (दैनिकी २०४८) र **अजातवाद** (दार्शनिक विमर्श २०५४) गरी जम्मा दस वटा कृतिहरू प्रकाशन भएको जानकारी प्राप्त हुन्छ । यस चर्चाले रामेश्वर अर्ज्याल नेपाली र मैथिली दुवै भाषामा गद्य र पद्यमा लेख्न सक्ने साहित्यकारका रूपमा चिनिन्छन् ।

रामेश्वर अर्ज्याल बहुमखी प्रतिभा भएका व्यक्ति हुन् । निस्वार्थ रूपले सेवा गर्नु पर्छ भन्ने सन्देश यिनका कृतिहरूमा पाइन्छ । यसका साथै नैतिक चरित्रका कुराहरू, आध्यात्मिक र दार्शनिक विचारहरू, जीवन उपयोगीमूलक विचारहरू यिनका साहित्यिक कृतिहरूमा भेटिन्छ । अर्ज्यालले नेपाली र मैथिली भाषाका साहित्य कृतिहरू लेखेका छन् । बहुमुखी प्रतिभाका धनी अर्ज्यालले साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका भए पनि उनी मूलतः कवि हुन । उनको पहिलो साहित्यिक कृति कविता विधाबाट नै सुरूवात भएको पाइन्छ । उनले पाँच वटा कवितासङ्ग्रह प्रकाशित गरेको पाइन्छ ।

उनका कवितामा समाजको परिवर्तन, नैतिक चेतना, समाज सेवाजस्ता कुराहरू समावेश गरिएको पाइन्छ । उनी गद्य र पद्य दुवै विधामा कृतिहरू लेख्ने साहित्यकार मानिन्छन् । उनले खण्डकाव्यको पनि रचना गरेका छन् । अर्ज्यालले साहित्यको निबन्ध विधामा पनि उत्तिकै निपूर्णताका साथ कलम चलाएको पाइन्छ । उनले विचार दर्शन नामको निबन्धमा विचारमा परिवर्तन गर्नु पर्ने सन्देश पाइन्छ । सधै मनमा राम्रो विचार राख्नु पर्दछ त्यसले समाजमा राम्रो कुराहरू सृजना गर्दछ भन्ने कुरा उनको विचार दर्शन निबन्धमा पाइन्छ । अर्ज्यालले **दैनन्दिनीका केही पृष्ठ** नामको दैनिकी पनि लेखेका छन् । जसमा उनको जीवनका क्षणहरूलाई दैनिकी बनाएर लेखेको पाइन्छ । उनले दार्शनिक विचारका रूपमा **अजातवाद** नामक कृति लेखेका छन् जसमा जातीयताका विषयमा निकै चर्चा गरिएको् छ ।

यसरी रामेश्वर अर्ज्यालले आफ्ना पुर्खा आदि महाकवि उदयानन्द अर्ज्यालको साहित्यकारितालाई अगाडि बढाएको पाइन्छ । उनी लोकहितमा समर्पित व्यक्ति थिए । उनको **सेवा सन्देश** खण्डकाव्य द्रवित हृदयबाट मूल फुटेजस्तै निस्केको खण्डकाव्य हो । शिक्षाका क्षेत्रमा साहित्य विशारद उपाधि प्राप्त गरेका अर्ज्यालका कृतिहरूले समाजिक र

आध्यात्मिक क्षेत्रको सेवाका लागि मार्ग निर्देशकको काम गर्दछन् । उनका रचनाले समाजलाई नैतिक र आदर्शको बाटोमा डोऱ्याउने सन्देश दिएको पाइन्छ । सानै देखि साहित्य प्रति अत्यन्तै रुचि राख्ने अर्ज्यालले वि.सं. २०४७ मा उदयानन्द स्मारक गुठीको स्थापना गरेको पाइन्छ । यस गुठीले साहित्य स्रष्टाहरूको सम्मान गर्दछ । यस गुठीले सुरूमा आदिमहाकवि उदयानन्दका बारेमा शोध, अन्वेषण र वार्णिक छन्दमा कविता रच्ने कविहरूलाई पुरस्कृत गरेको पाइन्छ, तर पछि केही आर्थिक कमीले गर्दा पुरस्कार प्रत्येक दुई-दुई वर्षमा दिने व्यवस्था गरेको थियो । जस अनुसार आठजना मान्यवर कवि तथा साहित्यकारहरू यस गुठीबाट पुरस्कृत भएका छन् । यसरी रामेश्वर अर्ज्याल आफू साहित्यकार मात्र नभएर साहित्यकारहरूलाई सम्मानित र पुरस्कृत गर्ने व्यक्तित्व भएको पाइन्छ । यसरी साहित्यका उपयुक्त विभिन्न विधामा कलम चलाए तापनि रामेश्वर अर्ज्याल साहित्यिक फाँटमा मूलतः कविका रूपमा परिचित छन् । उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको आधारमा उनको साहित्यिक व्यक्तित्वलाई निम्नलिखित बुँदाहरूमा अध्ययन गरिएको छ–

### ३.३.१.१ **कवि व्यक्तित्व**

रामेश्वर अर्ज्यालको साहित्य लेखन कविता विधाबाट प्रारम्भ भएको हो । उनले चौध वर्षको उमेरमा पहिलो कविता लेखेको पाइन्छ यो कविता धार्मिक विषयवस्तुमा लेखिएको छ । जुन यस प्रकार छ-

हरे आद्य शक्ति हरे विष्णुमाया !
हरे देवी तिमी जगतमा बस्ने !!
कुचाल छोडी, सुचाल समातेर हिड्ने !
अहो शत्रु मर्दा घुँडा आई धस्ने !!

(अर्ज्याल, २०६४: १६)

उनको प्रथम प्रकाशित कवितासङ्ग्रह **तत्त्व विज्ञान माला** हो । जुन वि.सं. २०३५ सालमा प्रकाशित भएको पाइन्छ । हालसम्म उनका **तत्त्व विज्ञान माला** (२०३५), **जनात्मपुकार** (२०३६), **उद्गार** (२०४४), **शिव-मधुके भाग्यक रेखा** (२०४५), **राधिका रोदन**

**र अन्य कविता**(२०४६) गरी पाँच वटा कवितासङ्ग्रह प्रकाशित छन् । जसमा **शिव-मधुके भाग्यक रेखा** उनको मैथिली भाषामा लेखिएको कवितासङ्ग्रह हो ।

रामेश्वर अर्ज्यालका कविताहरू आध्यात्मिक भौतिकवादी प्रकृतिका रहेका छन् । उनका कवितामा समाजलाई सही बाटो देखाउने मार्गदर्शन गरेको पाइन्छ । उनका कवितामा भावनात्मकता पाइन्छ । उनका कवितामा पद्य र गद्य दुबै लयको प्रयोग भएको छ । उनले धर्म सापेक्ष सामाजिक परिकल्पनाको चित्रण आफ्नो कवितामा गरेका छन् । यसका साथै जीवन र जगत्का बारेका अनुभूतिहरूको पनि अभिव्यक्ति उनको कवितामा पाइन्छ । छोटा-छोटा शीर्षक दिएर कविता लेख्ने अर्ज्यालका कविताको शीर्षकले विषयवस्तुलाई चयन गरेको पाइन्छ । संस्कृत, मैथिली र नेपाली भाषामा कविता लेख्ने अर्ज्यालका कविताहरूमा लयात्मकता पाइन्छ । अन्त्यानुप्रासको पूर्णता भएका उनका कविताहरू भावनात्मक र उपदेशात्मक हुन्छन् । उनका कविताले नैतिक सन्देश दिएको पाइन्छ । व्याकरण र छन्दको यिनका कृतिमा पूर्ण पालना नभएको भए तापनि मनलाई आनन्द दिने भाव भने रहेको पाइन्छ । यिनका सबै कवितामा भावनाको लालिमा पोतिएको पाइन्छ । कविता र काव्यप्रति अपार स्नेह र मोह भएका अर्ज्यालका कविताहरूमा शील्प र संरचना पक्ष भने कमजोर रहेको पाइन्छ यति भए तापनि उनका कविताको भाव पक्ष भने सबल रहेका देखिन्छ ।

### ३.३.१.२ **निबन्धकार व्यक्तित्व**

रामेश्वर अर्ज्यालको कवि व्यक्तित्वपछिको महत्त्वपूर्ण व्यक्तित्व निबन्धकार व्यक्तित्व हो । रामेश्वर अर्ज्यालको प्रथम निबन्ध **विचारदर्शन** (२०३७) सालमा प्रकाशित भएको थियो । यसपछि क्रमशः **दैनन्दिनीका केही पृष्ठ** (२०४८), दैनिकी प्रकाशित रहेको छ । भने उनको अन्तिम निबन्ध **अजातवाद** दार्शनिक निबन्ध रहेको छ । यसको प्रकाशन २०५४ सालमा भएको पाइन्छ । यसरी रामेश्वरले तीनवटा निबन्धसङ्ग्रह प्रकाशित गरेको पाइन्छ । उनका निबन्धमा भौतिकवादसँग सम्वन्धित विचार अभिव्यक्त भएको पाइन्छ । यसका साथै उनको जीवनमा आएका अनेक उतारचढावहरू, राजनैतिक परिवर्तन, सामाजिक दृष्टिकोण र सामाजिक आध्यात्मिक क्षेत्रको सेवाका लागि मार्गनिर्देशक गर्ने काम उनका निबन्धले गरेका छन् । उनका निबन्धमा विभिन्न उपशीर्षकहरू पनि दिएको पाइन्छ । उनका निबन्धले आध्यात्मिक ज्ञानलाई बढी महत्त्व दिएका हुन्छन् । मान्छेको सबै भन्दा ठूलो धर्म भनेको

अरुको सेवा गर्नु हो । सेवाभावबाट नै मान्छेले आत्मासन्तुष्टि पाउँछ । उनका निबन्धले समाजिक, राजनैतिक र आध्यात्मिक कुराहरूलाई विशेष जोड दिइएको पाइन्छ ।

### ३.३.१.३ **खण्डकाव्यकार व्यक्तित्व**

रामेश्वर अर्ज्याल बहुमुखी प्रतिभाशाली व्यक्तित्व भएको पाइन्छ । उनले साहित्यको कविता, निबन्ध जस्तै खण्डकाव्यमा पनि आफ्नो कलम चलाएको पाइन्छ । उनको पहिलो खण्डकाव्य **परिवर्तन** हो जुन वि.सं २०४२ मा प्रकाशित भएको पाइन्छ । उनको दोस्रो खण्डकाव्य **सेवा सन्देश** वि.सं २०४६ मा प्रकाशित भएको पाइन्छ । यसरी उनको **परिवर्तन** र **सेवा सन्देश** गरी दुई वटा खण्डकाव्य रहेका छन् यसमा उनको काव्यिक व्यक्तित्वको उच्चता रहेको पाइन्छ ।

रामेश्वर अर्ज्यालले आफ्नो खण्डकाव्यमा आख्यानको समायोजन गरेको छन् जुन आख्यानले नैतिक सन्देश र आचरणमा परिवर्तनको सन्देश दिइएको पाइन्छ । उनले लेखेका दुबै खण्डकाव्यमा विभिन्न छन्दहरू, श्लोकहरूको उचित समायोजन भएको पाइन्छ । उनका खण्डकाव्यमा नैतिक सन्देश, समाजसेवा, कर्तव्य पालन, आध्यात्मिक चेतना, मानवता जस्ता कुराहरूलाई उनका खण्डकाव्यहरूले व्यक्त गरेको पाइन्छ । उनका खण्डकाव्य छन्दबद्ध, अन्त्यानुप्रासको समायोजनले भरिएका अत्यन्तै भावुक र हृदयर्स्पशी रहेका । उनका खण्डकाव्यमा विषयवस्तुको विन्यास आदि, मध्य र अन्त्यको गतिमा बगेको पाइन्छ । उनका खण्डकाव्य अत्यन्तै रोचक रहेका छन् । यसबाट उनको खण्डकाव्यकार व्यक्तित्वको उजागर भएको छ ।

### ३.३.२ **साहित्येतर व्यक्तित्व**

रामेश्वर अर्ज्यालको साहित्यिक व्यक्तित्व भन्दा पनि साहित्येतर व्यक्तित्व बढी प्रबल रहेको देखिन्छ । समाज धर्म दर्शन आदि विषयमा केन्द्रित भई निर्माण भएका उनका सामाजिक, विद्रोही, धार्मिक, दार्शनिक व्यक्तित्वहरू प्रर्दछन । रामेश्वर अर्ज्यालका सामाजिक, विद्रोही, धार्मिक, दार्शनिक आदि व्यक्तित्वहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ -

### ३.३.२.१ **सामाजिक व्यक्तित्व (समाजसेवी व्यक्तित्व)**

रामेश्वर अर्ज्याललाई मुख्य रूपमा चिन्नु पर्दा यिनको समाजसेवी व्यक्तित्व प्रमुख रूपमा आउँछ । निस्वार्थ रूपमा गरिब दुखीहरूको सेवा गर्नु उनको जीवनको मूल उद्देश्य थियो । समाज सेवा गर्नलाई त्याग र भावना दुवै आवश्यकता पर्दछ यी दुवै कुरा रामेश्वर अर्ज्यालमा पाइन्छन । उनीले समाजमा बसेपछि निस्वार्थ सेवा भाव राख्नु पर्दछ, कुनै फलको आशा राख्नु हुँदैन भन्ने उद्देश्यले सेवा गरेको पाइन्छ । जुन उनले लेखेको पुस्तक **दैनन्दिनीका केही पृष्ठ**को केही प्रसङ्ग यहाँ उल्लेख गरिएको छ -

*"पृथ्वीले विरुवा उमारेर वृक्षादि भई फल दिईरहेछ, नदीले प्यासलाई जल दिइरहेछ, अध्यारोलाई उज्यालो बनाउन सूर्यले प्रकाश दिईरहेछ । वायुले स्वास लिन हावा दिईरहेछ । त्यस्तै हामीहरूले समाजमा निस्वार्थ सेवा गर्नु पर्दछ । तर हामीले सेवा गर्‍यौं, दान गर्‍यौं भन्ने भावना लिनु हुदैन किन भने हामी समाजका प्रसस्त ऋणी भई राखेका हुन्छौं । ऋणको तिरो गर्न जीवनमा आफ्नो आयको केही अंश दान गर्न सक्यौं भने धन्य हो । सेवामा स्वार्थको गन्ध आउनु हुँदैन, निस्वार्थ सेवा गर्न सक्नु पर्छ । स्वार्थ आयो कि सेवा-सेवा नरहेर, स्वार्थमा परिणत भएर हामीलाई मोहरूपी राक्षसले निल्न थाल्नेछ ।" (अर्ज्याल, २०४८: ३८-३९) ।*

यसरी उनले समाजले के दिन्छ भन्दा पनि हामीले समाजलाई के दियौं अथवा दिनुपर्दछ भन्ने भावना राख्दथे । सात्विक जीवन, आचरण र चिन्तन मनमा राखेर समाज सेवा गर्ने अत्यन्त महान् व्यक्तित्व रहेको पाइन्छ । उनी जीवनमा कहिल्यै व्यक्तिगत धन आर्जन र नाम कमाउने तर्फ लागेनन् उनी बाँचुन्जेल देश र समाजको सेवामा आफ्नो जीवन समर्पण गरेका थिए । सामाजिक कार्यहरूमा यिनी चौबिसे घण्टा खटेर लागिरहन्थे । अर्ज्यालको समाजसेवी व्यक्तित्वको चर्चा गर्नु पर्दा निम्नलिखित रूपमा गरिन्छ ।

#### *(क) निष्पक्ष, इमान्दार र मध्यस्थकर्ताको रूपमा*

रामेश्वर अर्ज्याल आफ्नो क्षेत्र विराटनगर, सप्तरी वैरवाका एक निष्पक्ष र इमानदार मध्यस्थकर्ता भएको पाइन्छ । गाउँ-टोलमा भएका झैं-झगडाहरू निष्पक्ष रूपमा मिलाउने

कार्य उनले गरेको पाइन्छ । उनले सत्य कुरा बुझेर निर्दोष व्यक्तिलाई न्याय दिन्थे यो पनि उनको सामाजिक व्यक्तित्वको एउटा पाटो हो ।

### *(ख) बिद्रोही चरित्र*

समाज सेवी अर्ज्याल निर्धन, असहाय र अशक्तहरूका निमित्त देवता नै भएको जानकारी पाइन्छ । गरिब असहायहरूमाथि भएको अत्याचारलाई उनी सहन सक्दैनथे । जसले गर्दा उनले आफ्नो खेतमा काम गर्ने किसानहरूलाई डेढीव्याज र प्रतिविघा सात मन सलामी बापत लिँदै गरेको अन्न त्याग गरिदिएको जानकारी पाइन्छ । त्यस्तै दैनिक तीन सेर ज्याला मजदुरी पाउँदै आएका खेतालाहरूले पनि उनले गर्दा चार शेर पाउन थाले । यसरी उनले किसानहरूको हक, हितमा आवाज उठाएर सामाजिक क्षेत्रमा विद्यमान अन्याय अत्याचार शोषण आदिको विरोध गरेको पाइन्छ ।

रामेश्वर अर्ज्याल धार्मिक आस्था भएका व्यक्तित्व थिए, तर उनले समाजमा भएको परम्परा देखि चल्दै आएको समाजको विकृतिको रूपमा रहेको रूढीग्रस्त विचारहरूलाई हटाउने काम गरेको पाइन्छ । उनको घर भएको ठाउँ सप्तरीको वैरवामा पानी नचल्ने खतवे जातका मानिसहरू बस्दथे । ती खतवे जातका मानिसहरूलाई उनले आफ्नै इनारमा पानी भर्न दिन्थे । जुन बेला समाजमा जातपातको कुरा हुन्थ्यो । यसरी तल्लो जातका मानिसहरूलाई आफ्नै कुवाको पानी दिएर उनले क्रान्तिकारी कदम चाली छुवाछुत प्रथाप्रतिको आफ्नो बिद्रोही चरित्र देखाएका थिए ।

### *(ग) स्वास्थ्य सेवा सम्बन्धी विभिन्न कार्यहरू*

रामेश्वर अर्ज्याललले स्वास्थसेवा मार्फत समाजसेवा गरेको पाइन्छ । समाजमा निस्वार्थ रूपले स्वास्थोपचार गर्ने, गरिब, असहाय बिरामीहरूलाई उपचार गर्ने मान्छे पाउन धेरै मुस्किल हुन्छ । रामेश्वर अर्ज्याललले आधुनिक चिकित्साको प्रमाण पत्र हासिल नगरे पनि उनले जडिबुटीमार्फत उपचार गरी धेरै विरामीहरूलाई सेवा गरका थिए । यस क्रममा उनले भारतको दरभंगाबाट आफै औषधी ल्याई विपन्न वर्गका मानिसहरूलाई नि:शुल्क वितरण गरी उपचार गर्न थाले । यही क्रममा उनले होमियोप्याथी अध्ययन गरी एच.एम.वी. तालिमको प्रमाण पत्र हासिल गरको पाइन्छ । एच.एम.वी.को तालिम प्राप्त गरिसकेपछि

गरिबहरूको स्वस्थ्यको हेरचाह गरी उनले स्वास्थ्य सेवामार्फत पनि समाजसेवा गरेको पाइन्छ ।

*(घ) विद्यालय निर्माण कार्यमा संलग्न*

वि.सं. २००६ मा उनले सप्तरीको वैरवामा **लक्ष्मीनारायण माध्यमिक** विद्यालय स्थापना गरेका थिए । त्यस विद्यालयमा कक्षा छ देखि दस सम्म पढ्ने असहाय २ जना छात्रलाई रामेश्वर छात्रवृत्ति, तीन जना छात्रालाई इन्द्रछाया छात्रवृत्ति प्रदान गर्नका लागि उनले छात्रवृत्ति कोषको व्यवस्था गरेको पाइन्छ । अर्ज्यालले पुरश्चरण सरित महायज्ञबाट प्राप्त रकमबाट वि.सं. २०४० मा **गायत्री संस्कृत विद्यालय**को स्थापना गरेका थिए । उक्त विद्यालयको सञ्चालन कार्य उनी आफैले गरेका थिए । वि.सं. २००० मा मिडिल स्कूलको स्थापना गरेको पाइन्छ । यसरी विद्यालयको स्थापना गरी समाजसेवाको कार्यमा यिनले ठूलो भूमिका खेलेका छन् ।

रामेश्वर अर्ज्याल समाज सुधारक तथा समुन्नत समाजको परिकल्पना गर्ने निस्वार्थ भावना भएका व्यक्तित्वको रूपमा रहेको पाइन्छ । यसरी उनले समाज सुधारका लागि गाउँमा पाठशाला स्थापना गर्नु, स्वास्थ सेवा गर्नु, गरिब किसानहरूलाई उनीहरूको हक दिनु, छुवाछुतको विरोध गर्नु, गाउँलेहरूलाई सजिलो होस् भन्नाको लागि गाउँमा बाटोघाटो बनाउने जस्ता थुप्रै समाजसेवाका कामहरू गरेको जानकारी प्राप्त हुन्छ । नेपलीका प्रथम आदिमहाकवि उदयानन्द अर्ज्यालका जनाति भएकाले अर्ज्याल वंशको उद्धारका लागि उनले **उदयानन्दस्मारक गुठी** (२०४७) स्थापना गरेका थिए । आफ्नो बसाई र जन्मस्थान सप्तरीको वैरवा र कर्मक्षेत्र विराटनगर मा थुप्रै समाज सेवाका कार्यहरू गरेको पाइन्छ । आदिकवि उदयानन्द अर्ज्यालको स्मृतिमा अनेक कार्यहरू पनि गरेको पाइन्छ । रामेश्वर अर्ज्याल निम्नलिखित सामाजिक गतिविधिमा सक्रिय रूपमा सहभागिता रहेको जानकारी प्राप्त हुन्छ । रामेश्वर अर्ज्यालको सामाजिक सक्रियता निम्नानुसार रहेको छ -

(१) भानु मोरङ सांस्कृतिक समितिको अध्यक्ष

(२) गायत्री संस्कृत विद्यालय विराटनगरको संरक्षक

(३) प्रतिभा पुरस्कार प्रतिष्ठानको आजीवन सदस्य

(४) श्री कृष्ण गौशाला विराटनगरको संरक्षक सदस्य

(५) विश्रान्ति मन्दिर, धनकुटाको आजीवन सदस्य

(६) संस्कृत सम्बर्धिनी समिति, धरानको आजीवन सदस्य

(७) लेखनाथ वाचनालय, विराटनगरको आजीवन सदस्य

(८) अर्ज्याल परिषदको संस्थापक अध्यक्ष

उनको यस्तो सामाजिक सक्रियताबाट उनी ज्यादै प्रभावशाली समाजसेवी थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

### ३.३.२.२ **राजनैतिक व्यक्तित्व**

रामेश्वर अर्ज्याल साहित्यमा जस्तै राजनीतिमा पनि रुचि राख्ने व्यक्तित्व मानिन्छन् । उनलाई राजनीतिमा विद्यार्थी अवस्थादेखि नै चाख थियो । उनी राजनीतिमा पनि विशिष्ट व्यक्ति रहेको जानकारी प्राप्त हुन्छ । वि.सं. २००३ देखि नेपाली राष्ट्रिय काङ्ग्रेसको सदस्यता ग्रहण गरी राजनीतिमा प्रवेश गरेको पाइन्छ । त्यसपछि क्रमशः गाउँ, जिल्लास्तरीय काङ्ग्रेस अध्यक्ष भई कार्यरत भएको जानकारी पाइन्छ । वि.सं. २००४ मा राणा शासनको विरुद्धमा गुप्त सङगठनमा लागेको पनि जानकारी प्राप्त हुन्छ । रामेश्वर अर्ज्याल नेपाली काङ्ग्रेसका अत्यन्तै सक्रिय कार्यकर्ता भएको पाइन्छ । काङ्ग्रेसका वरिष्ठ नेताहरू वि.पी. कोइराला, कृष्णप्रसाद भट्टराईसँग यिनको नजिकको सम्बन्ध रहेको जानकारी प्राप्त हुन्छ । वि.सं. २००४ देखि नेपाली काङ्ग्रेसको सदस्यको रूपमा यिनले राजनीतिमा प्रवेश गरेको पाइन्छ भने वि.सं. २००७ मा राणा विरोधी आन्दोलनमा सप्तरीका सहयोगीका रूपमा यिनी सक्रिय भएर लागेको पाइन्छ । रामेश्वर अर्ज्याल राजनीतिमा अत्यन्तै सक्रिय व्यक्तित्व भएको पाइन्छ । उनी प्रजातान्त्रिक आन्दोलनका प्रमुख योद्धा भएको जानकारी पनि प्राप्त हुन्छ ।

रामेश्वर अर्ज्यालले राजनीतिमा गान्धीको अहिंसा, सत्य र सेवालाई प्रमुख रूपमा अनुशरण गरेर अगाडि बढेका थिए । राजनीतिको क्रममा आन्दोलन गर्दा २००६ सालमा नरसिंह राणाले उनलाई नराम्रोसँग कुटेको कुरा उनका कान्छा छोरा बालचन्द्र अर्ज्यालसँगको अर्न्तवार्ताबाट थाहा हुन्छ । राजनीतिका अनेक उतार चढाव भोगेका अर्ज्याल एक कर्मयोगी व्यक्तित्व थिए । उनले कहिल्यै पदको लागि राजनीति गरेका थिएनन् । उनी जहिले पनि राष्ट्रिय राजनीतिको लागि र प्रजातन्त्रलाई सुदृढ बनाउनमा नै सक्रिय रहेको पाइन्छ ।

रामेश्वर अर्ज्याल अन्तर्मन देखि नै प्रजातन्त्रवादी भएको पाइन्छ । उनी वि.सं. २०३६ मा प्रजातन्त्र प्रसारमा वि.पी. कोईरालासँग संलग्न रही सक्रियताका साथ लागेको पाइन्छ । वि.सं. २००३ मा उनी राष्ट्रिय प्रजापार्टीको सङगठनमा पनि लागेको जानकारी प्राप्त हुन्छ । वि.सं. २०३६ को जनमत सङ्ग्रहको बेला बहुदलको पक्षमा रामेश्वर अर्ज्याल अत्यन्त सक्रिय भएर लागेका थिए । उनलाई सबैले एक वरिष्ठ नेताका रूपमा सम्मान गर्थे । नेपाली काङ्ग्रेसदेखि राष्ट्रिय प्रजातन्त्र पार्टीसम्म उनले सक्रिय रूपमा कार्य गरेको पाइन्छ । वि.सं. २००७ को क्रान्तिमा उनी अत्यन्त सक्रिय भएर लागेको पाइन्छ । उनी त्यतिबेला भूमिगत भएर कार्य गरेका र पछि आफ्नै सूचनाबाट राणा फौजले गिरफ्तार गरी शारीरिक र मानसिक पीडा दिएको जानकारी पाइन्छ । यसरी अनेक संघर्ष गरेर उनले राजनीतिमा आफ्नो स्थान राखेको पाइन्छ ।

वि.सं. २००७ को क्रान्ति सफल हुनुमा यिनले पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । चारित्रिक विकास नभै राजनीतिमा शुद्धता आउँदैन । राजनीतिक शुद्धता ल्याउनको लागि जनताबीच रचनात्मक सेवा गर्नु पर्छ भन्ने उनको मूल मन्त्र थियो । उनले राजनीतिक क्षेत्रमा काम गर्दा आध्यात्मिक सोचाई राखेर कार्य गर्दथे । प्रजातन्त्रमाथि विश्वास राख्ने हुनाले जनतालाई नै सर्वोपरी ठानेर जनताको उत्थानको लागि जनताको सेवामा आफूलाई समर्पित गर्ने महान् व्यक्तित्व उनमा भएको पाइन्छ । जीवनको अन्तिम अवस्थामा उनलाई पक्षघात भएको थियो । त्यस्तो अवस्थामा पनि उनी पार्टी अफिस जान राजनीतिमा रुचि राख्न निकै रुचि राख्दथे । उनले समाज सेवा गर्न राजनीतिमा लागेको पाइन्छ । प्रजातन्त्रप्रति प्रतिबद्ध नेपाली काङ्ग्रेसप्रति समर्पित कार्यकर्ताको रूपमा रामेश्वर अर्ज्याललाई चिन्न सकिन्छ । नेपाली जनता र राष्ट्रका लागि सदा समर्पित अर्ज्याल एक कर्मठ राजनीतिज्ञका रूपमा रहेका छन् ।

### ३.३.२.३ **धार्मिक व्यक्तित्व**

रामेश्वर अर्ज्याल धर्मप्रति अगाध श्रद्धा राख्ने व्यक्तिका रूपमा चिनिन्छन् । आफ्नो सामाजिक एवम् राजनैतिक व्यक्तित्का साथै उनले थुप्रै धार्मिक क्रियाकलापमा आफूलाई सरिक गराएको पाइन्छ । समाजिक काममा संलग्न रहने काम होस् वा वेदवेदाङ्ग स्थापना र सञ्चालन गर्ने काम होस् उनको सबै कामको प्रेरणाको स्रोत धर्मशास्त्र नै भएको बुझिन्छ । राजनीतिदेखि लिएर आर्थिक, सामाजिक र साहित्यिक आदि क्षेत्रलाई धर्मबाट नअलग्याई

उनले धर्मकै सादृश्यमा हरेक पक्षलाई उभ्याएको प्रतीत हुन्छ । उनको साहित्य सिर्जना भक्तिमार्ग तथा नीतिपरक आध्यात्मिक हुनुले उनको साहित्यमा धार्मिक शास्त्रको प्रभाव परेको प्रतीत हुन्छ । रामेश्वर अर्ज्यालको परिवारिक वातावरण पनि धार्मिक किसिमको भएको पाइन्छ । सात्विक भोजन, सात्विक आचरण, सात्विक चिन्तन र निष्काम कर्म उनको जीवनमार्ग थियो । समाज सेवा नै वास्तविक धर्म सम्झने अर्ज्यालले थुप्रै मन्दिर र गौशालाहरू निर्माण गराएको पाइन्छ । वि.सं. १९९८ देखि उनी भक्तिमार्गमा निकै क्रियाशील भएर लागेको पाइन्छ । त्यसै बेलादेखि उनले मासु खान छाडेको पाइन्छ । गाउँमा भजन मण्डली तयार पारेर अखण्ड कीर्तन गराउने, नियमित कल्याण प्रत्रिका पढेर धार्मिक ज्ञान बढाउने गरेको पाइन्छ । उनले कृष्णलाई आफ्नो आरध्यदेव र गायत्री मातालाई इष्टदेवीका रूपमा अङ्गीकार गरेको पाइन्छ । वि.सं. २०२१ मा सप्तरीको वैरवा र वि.सं. २०४० मा मोरङको विराटनगरमा दुई पटक गायत्री पुरश्चरण महायज्ञ सम्पन्न गराएको जानकारी पाइन्छ । उनले विन्ध्याचलमा रहदा गायत्री २४ पुरश्चरणको कर्ता भएर पनि कार्य गरेको पाइन्छ । वि. सं. १९९३ मा लक्ष्मीनारायणको मन्दिरमा उनले एउटा घण्टा चढाएकोले उनको धार्मिक प्रवृत्तिको विकास भएको तथ्य पाइन्छ ।

रामेश्वर अर्ज्याल सनातन जीवनपद्धतिमा समन्वित थिए । त्यसैले उनी सनातन धर्म सेवा समिति विराटनगर मोरङ्ग शाखाका सभापति भई वि.सं. २०३७ मा वीरगंजमा आयोजित विश्व हिन्दू सम्मेलनमा सहभागी भएर सनातन हिन्दू जीवनमा अझ ऊर्जा थप्ने काम गरेको पाइन्छ । सनातन धर्म सेवा समितिबाट प्रत्येक हप्तामा असहायता, दीनदुखीहरूका लागि कोशी अञ्चल अस्पतालका डाक्टरहरूको सहयोगले निशुल्क स्वास्थ्य शिविर सञ्चालन गराएको पाइन्छ । रामेश्वर अर्ज्याललाई सक्रिय बनाउन उनकी सहधर्मिणी श्रीमती इन्द्रछाया अर्ज्यालको ठूलो योगदान रहेको पाइन्छ । रामेश्वर अर्ज्याल धार्मिक समन्वयमा विश्वास र आस्था राख्ने व्यक्तित्व भएको पाइन्छ । उनी परम्परादेखि चल्दै आएको पाञ्चायन देवका उपासक थिए भने उदयानन्दले स्थापना गरेको लक्ष्मीनारायण मन्दिर उनैबाट विशेष श्रद्धा गरिएकी कङ्कालीमाईका साथै आफ्ना इष्टदेव हनुमानको विशेष भक्त रहेको पाइन्छ । विभिन्न यज्ञ, सप्ताह र पुराणहरूमा पनि उनको सक्रियता रहेको पाइन्छ । वि.सं. २०४१ सालमा विराटनगरमा आयोजना गरिएको बृहत् श्रीमद् भागवत ज्ञानमहायज्ञ उनकै यज्ञमानत्वमा सम्पन्न भएको जानकारी पाइन्छ । उनले थुप्रै धार्मिक प्रतिष्ठानहरूमा थुप्रै सहयोगहरू गरेको पाइन्छ । उनले विराटनगर गौशालालाई विराटनगर

शहरकै दस कठ्ठा भूमि, आर्थिक सहयोग स्वरूप प्रदान गरेका थिए । त्यसैगरी संस्कृत विद्यालय विराटनगरलाई पनि पाँच कठ्ठा जग्गा सहयोग स्वरूप उपलब्ध गराएको पाइन्छ ।

यसैगरी धेरै धार्मिक, सास्कृतिक संघ सस्थाहरूलाई दान स्वरूप धेरै कुराहरू प्रदान गरेको पाइन्छ । विहान-बेलुका पूजा पाठमा हुने संलग्नताले पनि उनको धार्मिक व्यक्तित्वलाई उजगार् गर्दछ । उनको पैत्रिक संस्कार र सानैदेखि शूरू भएको आध्यात्मिक भावनाले उनको जीवनमा धार्मिक चेतना पैदा भएको पाइन्छ । रामेश्वर अर्ज्यालले विभिन्न समयमा थुप्रै धार्मिक कार्यहरूमा सम्बद्ध भई कार्य गरेको पाइन्छ । रामेश्वर अर्ज्यालको धार्मिक व्यक्तित्व विभिन्न संघ सस्थाहरूमा सक्रिय रही उजागर भएको देखिन्छ -

भारदहस्थित कङ्काली माईको मन्दिर पुनः स्थापनामा सक्रिय सहयोगी थिए ।

वि.सं. २०१८ मा गायत्री पुरश्चरण यज्ञका यज्ञकर्ता भएर कार्य गराएका थिए ।

वि.सं. २०२१ मा पुनः गायत्री पुनश्चरण यज्ञ, वैरवामा यज्ञकर्ता भएर कार्य गरेका थिए ।

वि.सं. २०२७ मा रुद्रमहायज्ञ अनुष्ठान, विराटनगरका आयोजक तथा कर्ताको रूपमा रामेश्वर अर्ज्यालले सम्पन्न गरेका थिए ।

वि.सं. २०३८ सालमा गायत्री अनुष्ठान, विन्ध्यवासिनी विन्ध्यामाञ्चल भारतमा सम्पन्न गरेका थिए ।

सतारेश्वर महादेवको स्थापना, मोरङ्ग

श्री राधाकृष्ण मन्दिरमा सक्रिय सहयोग गरेको पाइन्छ ।

विश्रान्ती मन्दिर धनकुटाको आजीवन सदस्य

संस्कृत संवर्धिनी समिति, धरान सुनसरीका आजीवन सदस्य

गायत्री संस्कृत विद्यालय विराटनगरको संरक्षकको रूपमा कार्य गरेका थिए ।

सनातन धर्म सेवा समिति, विराटनगरको संस्थापक संरक्षक एवं उपाध्यक्ष

सनातन धर्म सेवा समिति, मोरङ्ग शाखाको संस्थापक अध्यक्ष भई सनातन धर्मको व्यापक प्रचार प्रसार गराएको पाइन्छ ।

उदयानन्द स्मारक गुठी २०४७, काठमाडौंको संस्थापक अध्यक्ष एवम् प्रधान संरक्षक भई कार्य सञ्चालन गरेको पाइन्छ ।

सरस्वती मन्दिरको सञ्चालन समितिमा आवद्ध

पंचमुखी हनुमान मन्दिर, सञ्चालन समितिमा आवद्ध

यसरी रामेश्वर अर्ज्यालले आफ्नो हरेक कार्य धार्मिक निष्ठापूर्वक गरेको पाइन्छ । उनले थुप्रै धार्मिक कार्यहरूमा तन, मन र धनले सहयोग गरेको पाइन्छ ।

**३.३.५ दार्शनिक व्यक्तित्व**

रामेश्वर अर्ज्यालको व्यक्तित्वविषयक चर्चा गर्दा उनको दार्शनिक व्यक्तित्वलाई बिर्सन सकिँदैन । उनको दार्शनिक व्यक्तित्व हिन्दू धर्ममा आधारित आध्यात्मिक दर्शनसँग सम्बन्धित छ । अर्ज्यालको दार्शनिकता विशेष गरी अजातवाद, तत्त्व विज्ञान माला, सेवा सन्देश, विचार दर्शन जस्ता पुस्तकहरू मार्फत व्यक्त हुन पुगेको छ ।

संसारमा मूलतः दुई वटा वादहरू देखा पर्दछन्: भौतिकवाद र आध्यात्मिकवाद । आध्यात्मवादले जीवन र जगतका विषयहमा आत्ववादी चिन्तनलाई अगाडि बढाउछ । दृश्य जगतका क्षणभङगुरता र आत्माजगतको अमरतामा अध्यात्मवादले आफ्ना धारणाहरू अघि सारेको पाइन्छ । आत्मवादी चिन्तनहरू हाम्रा वैदिक ग्रन्थहरूमा व्यक्त भएका छन् । ज्ञानविना मुक्ति छैन, 'श्रृते ज्ञानान्मुक्ति' भन्ने वेदान्त दर्शनका प्रमुख दुई सिद्धान्तहरू छन्: अजातवाद र जातवाद । रामेश्वर प्रसाद अर्ज्यालले अजातवादबारे आफ्ना दार्शनिक चिन्तनहरू व्यक्त गरेका छन् । आज भौतिकतातर्फ उन्मुख भैरहेको यो विश्वलाई सुख चाहिएको छ, तर त्यसको परिपूर्तिका लागि मानिस झन व्यक्तिवादी, स्वार्थी र निच बन्दै गएको देखिन्छ । स्वार्थपूर्ण उद्देश्यले गरिएको काममा सुख मिल्दैन भन्ने सत्यबाट आजका मानिसहरू अपरिचित छन् । यसै विषयलाई रामेश्वर प्रसाद अर्ज्यालले आफ्ना दार्शनिक चिन्तनका माध्यमबाट प्रस्तुत गर्न खोजेका छन् । ज्ञानविना मुक्क्ति नहुने र मुक्ति नभई मानवजीवनको परम लक्ष्य प्राप्त नहुने सत्यलाई उनले दार्शनिक चिन्तनको मूल मन्त्र ठानेका छन् । बास्तवमा भन्ने हो भने उनको दार्शनिकता ज्ञान र शास्त्रार्थको घेरामा सीमित नभई निस्वार्थ समाजसेवाको रूपमा अघि बढेको पाइन्छ । उनको जीवनको अध्ययन गर्दा जीवनमा धेरै प्रकारका समाजसेवा गरेको पाइन्छ । उनको विचार छ जुन समाजमा हाम्रो जन्म भयो र जुन समाजबाट हामीले केही जान्ने र बझ्ने शिक्षा पायौं, त्यसका प्रति पनि हाम्रो केही कर्तव्य हुन्छ । त्यसैले सर्वप्रथम ज्ञानआर्जन गर्ने र त्यो ज्ञानलाई समाजमा

उपयोग गर्ने ज्ञानवादी-कर्मवादी चिन्तन उनको रहेको देखिन्छ । यसबाट रामेश्वर अर्ज्यालको दार्शनिक चिन्तन अध्यात्मवादी पूर्वीय आस्तिक दर्शनमा अडेको छ ।

यसरी रामेश्वर अर्ज्यालको व्यक्तित्वलाई हेर्दा उनी  सामाजिक, धार्मिक, राजनैतिक र आध्यामिक व्यक्तित्व भएका विशिष्ट प्रतिभा हुन् । सम्पन्न परिवारमा जन्मेर भोग विलाशमा नरही सधैं साहित्य, समाज र अध्यात्म चिन्तनमा आफ्नो सम्पूर्ण जीवन समर्पण गर्ने व्यक्तिका रूपमा रामेश्वर अर्ज्याललाई चिन्न सकिन्छ । बयासी वर्षको लामो जीवनयात्रामा उनका सत्कार्यहरूले नेपाली समाजमा ठूलो योगदान दिएका छन् । यिनै समाजिक धार्मिक राजनैतिक कार्यले उनको उच्च व्यक्तित्व निर्माण भएको छ ।

## चौँथो परिच्छेद

# रामेश्वर अर्ज्यालको कृतित्व तथा साहित्यिक कृतिहरूको सङ्क्षिप्त विवेचना

**विषयप्रवेश**

रामेश्वर अर्ज्यालले कविता, निबन्ध दैनिकी, दार्शनिक विचारको प्रतिपादन गरी साहित्यको सिर्जना गरेका छन् । औपचारिक रूपमा कक्षा आठसम्मको अध्ययन र वेदादि पुस्तकको अध्ययनले खारिएका अर्ज्यालले साहित्यतर्फ भारतको दरभंगाबाट विशारदको डिग्री प्राप्त गरेका थिए । सानै उमेरदेखि कविता लेख्ने अर्ज्यालको साहित्य साधनामा सानैबाट विशेष रुचि रहेको देखिन्छ । अर्ज्यालले आफ्नो सात दशकलामो जीवनयात्रामा सङ्कलन गरेका आध्यात्मिक चिन्तन ईश्वरप्रतिको पवित्र आस्था मानवीय सेवा भावजस्ता प्रेरणादायका कुराहरूलाई कृतिमा समावेश गरेका छन् । रामेश्वर अर्ज्यालले आफ्नो कलम नेपाली र मैथिली भाषामा चलाएका छन् । यिनको प्रथम प्रकाशित कवितासङ्ग्रह **तत्त्व विज्ञान माला** हो । यो कवितासङ्ग्रह वि.सं. २०३५ सालमा प्रकाशित भएको हो । यसैगरी उनका प्रकाशित अन्य कृतिहरूमा **जनात्म पुकार** नेपाली मैथिली कवितासङ्ग्रह वि.सं. २०३६ **विचार दर्शन** निबन्धसङ्ग्रह वि.सं. २०३७, **परिवर्तन** खण्डकाव्य वि.सं. २०४२, **उद्गार** कवितासङ्ग्रह  वि.सं. २०४४, **शिव-मधुके भाग्यक रेखा** मैथिली भाषाको काव्य वि.सं. २०४५, **राधिका रोदन र अन्य कविता** कवितासङ्ग्रह  वि.सं. २०४६, **सेवा सन्देश** खण्डकाव्य वि.सं. २०४६, **दैनन्दिनीका केही पृष्ठ** दैनिकी वि.सं. २०४८, **अजातवाद** दार्शनिक विमर्श वि.सं. २०५४ रहेका छन् ।

सनातन हिन्दू धर्ममा आस्था राख्ने अर्ज्याल राजनीतिमा पनि सक्रिय व्यक्तित्व हुन् । आदर्श, समाजसुधारको चाहना, ईश्वरीय आस्था आदिलाई प्रकट गरी मानिसलाई सधैं प्रगतिको बाटोमा लाग्न आग्रह गर्ने उनका साहित्यिक कृतिहरूका बारेमा यस परिच्छेदमा अध्ययन गरिएको छ । उनका साहित्यिक कृतिहरूको अध्ययनका क्रममा  कृतिको संरचना, विषय प्रतिपादन, भाव आदिका बारेमा प्रकाश पार्ने प्रयास यस खण्डमा गरिएको छ ।

## ४.१ 'तत्त्व विज्ञान माला' कवितासङ्ग्रहको संक्षिप्त विवेचना

### ४.१.१ पृष्ठभूमि

**तत्त्व विज्ञान माला** रामेश्वर अर्ज्यालद्धारा लिखित प्रथम कवितासङ्ग्रह हो । वि.सं २०३५ मा प्रकाशित यस कवितासङ्ग्रहमा आध्यात्मिक चिन्तनमा आधारित ज्ञान र भक्तिको भावनालेपूर्ण कविताहरू समेटिएका छन् । लेखकको धार्मिक र आध्यात्मिक विचारको प्रस्फुटन यस सङ्ग्रहका कवितामा भएको छ । भक्ति र ज्ञान दुवै मार्गलाई अवलम्बन गरी आध्यात्मिक पृष्ठभूमिमा यस कवितासङ्ग्रहको रचना भएको छ । कविको अन्तर्हृदयमा रहेको धार्मिक र आध्यात्मिक चिन्तनको प्रकटीकरण नै यस कवितासङ्ग्रहको मूल पृष्ठभूमि मान्च सकिन्छ ।

### ४.१.२ 'तत्त्व विज्ञान माला' कवितासङ्ग्रहको संरचना

लघु आकारका जम्मा एक सय चालीस पृष्ठमा प्रस्तुत कवितासङ्ग्रह संरचित छ । यस कवितासङ्ग्रहमा जम्मा चार वटा कुसुम रहेका छन् । यसको प्रथम कुसुममा जम्मा बाइस वटा, दोस्रो कुसुममा उन्नाइस वटा, तेस्रो कुसुममा एक र चौथो कुसुममा पैँतालीस गरी जम्मा सतासी वटा कविताहरू यस सङ्ग्रहमा सङ्ग्रहित छन् । यस कवितासङ्ग्रहको संरचनात्मक ढाँचालाई हेर्दा पहिलो, दोस्रो र चौँथो कुसुममा एक भन्दा बढी कविताहरू सङ्कलित छन् भने तृतीय कुसुममा एउटा मात्र कविता रहेको छ । लम्बाइका हिसाबमा सबभन्दा लामो कविता तृतीय कुसुमको कविता हो भने सबै भन्दा छोटो कविता द्वितीय कुसुमको 'ज्ञान बिना प्रभु सुना' शीर्षकमा रहेको छ । संरचनाका आधारमा हेर्दा यस कृतिमा लघु संरचनादेखि लामो आयामका कविताहरूको सङ्कलन गरिएको छ । यो कवितासङ्ग्रह मभ्फौला आयामको कवितासङ्ग्रह हो ।

### ४.१.३ 'तत्त्व विज्ञान माला' कवितासङ्ग्रहको विषयवस्तु

**तत्त्व विज्ञान माला** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूलाई अध्ययन गर्दा यस कृतिका कविताको विषयवस्तु धर्म, ज्ञान, भक्ति र दर्शनमा आधारित रहेका छन् । प्रथम कविताको रचनाका क्रममा पूर्वीय परम्परा अनुसार नै मङ्गलाचरणको प्रयोग गरी कविले कविता सिर्जना आरम्भ गरेका छन् । प्रथम कविताको शीर्षक चयन गरेका छैनन् । ज्ञान,

भक्ति, वैराग्य, दर्शन, प्रकृति र मिश्रित विषयको प्रतिपादन अर्ज्यालको **तत्त्व विज्ञान माला** कवितासङ्ग्रहमा भएको छ । प्रकृतिलाई विषय बनाएर 'प्रकृति छटा', 'कोशी नदी', जस्ता कविताको रचना गरिएको छ भने भक्तिलाई विषय बनाएर 'प्रभुजन', 'गुरु महिमा', 'श्रद्धाभक्ति', 'विराटस्वरूप' जस्ता कविताको रचना गरिएको छ । दर्शनलाई विषय बनाएर 'म कत्रो हु ?', 'मेरो घर', 'अनि घरवासी के गर्छ', 'रे मन', 'प्यारो जीवन', 'नर', 'ए जीव' आदि कविताहरूको सिर्जना भएका छन् । ज्ञानलाई विषयका रूपमा प्रस्तुत गरिएका कविताहरूमा 'हाम्रो बुद्धि कस्तो' ?, 'ज्ञान दृष्टिले', 'चरित्रवान बन', 'इष्टजन', 'गृहस्थी धर्म' आदि कविता रहेका छन् । ज्ञान, भक्ति, वैराग्य, दर्शन, प्रकृति आदि सबैको समिश्रणद्वारा पनि कविताको रचना गरिएको छ । समग्रमा भन्दा यस कवितासङ्ग्रहमा सङ्कलित भएका कविताहरूको विषयवस्तु ज्ञान, भक्ति, वैराग्य, प्रकृति, दर्शन र कविको कल्पनाशील प्रतिभामा आधारित रहेका छन् ।

### ४.१.४ **'तत्त्व विज्ञान माला' कविता सङग्रहको उद्देश्य**

स्रष्टाले कुनै न कुनै कृतिको रचना निश्चित उद्देश्य लिएर गरेको हुन्छ । तत्त्व विज्ञान माला कवितासङ्ग्रहको रचनाको उद्देश्य पनि पाठकहरूमा र समाजमा निश्चित ज्ञान दिनु नै रहेको छ । भक्तजन एवम् ज्ञानी जनहरूलाई आनन्दको अनुभूति गराई मानिसको मनोवृत्तिलाई धर्मतर्फ अभिमुख गराउने उद्देश्यले यस कृतिको रचना भएको छ । ज्ञान, भक्ति, वैराग्य, प्रकृति र दर्शनका विविध विषयको प्रतिपादन गरी ईश्वरीय स्वरूपको ज्ञान गराई भक्ति र धार्मिक आस्थाको अनुकरण गराउनु नै यस कवितासङ्ग्रहको मुख्य उद्देश्य रहेको छ ।

### ४.१.५ **'तत्त्व विज्ञान माला' कवितासङ्ग्रहको भाषाशैली**

यस कवितासङ्ग्रहमा रहेका कविताहरूमा वर्णनात्मक भाषाको प्रयोग गरिएको छ । विषयको वर्णन र विचारको प्रतिपादन गर्दा यस कवितामा ज्ञान, भक्ति र वैराग्यलाई मूल रूपमा देखाइएकाले विषयको गहनता रहन गएको छ । संस्कृत बहुल शब्दको प्रयोग छ । वर्णमात्रिक छन्द, गजल र सवाइको प्रयोग गरी बिषयअनुरूप भाषा र छन्द लयको प्रतिपादन गर्नु रामेश्वर अर्ज्यालको बिशेषता हो । यस कृतिका कविताहरूमा अलङ्कारहरूको प्रयोग पनि उत्तिकै भएको पाइन्छ । उपमा, रूपक, उत्प्रेक्षा आदि

अलङ्कारले भाषिक कलामा आलङ्कारिताको प्रवाह गराएका छन् । वर्णनात्मक भाषाको प्रयोग यस कवितासङ्ग्रहका अधिकांश कविताहरूमा भएको छ ।

### ४.१.६ 'तत्त्व विज्ञान माला' कवितासङ्ग्रहमा छन्द तथा लयविधान

कवितामा छन्द र लय भाषाशैलीय विन्यासअन्र्तगत पर्दछन् । छन्दले भाषाको आन्तरिक लयलाई समेट्ने काम गर्दछ । प्रस्तुत कृतिमा वर्णमात्रिक, सवाइ, गजल जस्ता छन्दको प्रयोग गरिएको छ  जस्तै–

राजा बनेर कति शासन नै चलाएं ।
ब्रह्माण्ड को बीच जीवहरू दलाएं ॥
प्यारी अनेक रमणीसित भोज गर्दै ।
ब्यर्थै म हा ! सर्मबसें मधुमोह भर्दै ॥
(अर्ज्याल, २०३५:८९)

यस श्लोकमा वसन्ततिलका छन्दको प्रयोग गरिएको छ । यसैगरी यस कवितासङ्ग्रहमा भुजङ्गप्रयात र अन्य मात्रिक छन्दको प्रयोग पनि गरिएको छ । सवाइको अधिक प्रयोग कवितासङ्ग्रहमा गरिएको छ  जस्तैः-

रूप हेरौं सुन्दर भन्ने मन गर्दा
जली मर्‍यो पुतली बत्ति तिर पर्दा
(अर्ज्याल, २०३५:७३)

यसमा सवाईको प्रयोग छ । कवितासङ्ग्रहका धेरैजसो कविताहरू सवाईमा रचना भएका छन् भने गजलको प्रयोग पनि कवितासङग्रहमा रहेको छ । मात्रिक तथा वर्णमात्रिक र सवाई आदिको प्रयोगले कविताहरूमा लयात्मकताको बलियो स्थिति सिर्जना भएको छ । कतिपय कवितामा लयलाई मात्र ध्यान दिएकाले छन्दविधानमा अप्ठेरो परेको देखिन्छ । यो अर्ज्यालको प्रथम कवितासङ्ग्रह भएको हुनाले  अन्य कुरालाई भन्दा पनि भावप्रवाहलाई बढी जोड दिइएको  देखिन्छ । प्रारम्भिक चरणमा नै वर्णमात्रिक छन्द सवाई र गजलको प्रयोग गरी कविताको प्रस्तुति गरिएबाट अर्ज्यालको छन्द कौशल र लयमा रहेको शिल्प क्षमता स्पस्ट हुन्छ ।

### ४.१.७ 'तत्त्व विज्ञान माला' कवितासङ्ग्रहको भावविधान

**तत्त्व विज्ञान माला** चार कुसुममा संरचित कवितासङ्ग्रह हो । प्रस्तुत कवितासङ्ग्रहमा ज्ञान, भक्ति, वैराग्य र विचार दर्शनलाई प्रतिपादन गरिएको छ । कवितासङ्ग्रहको प्रथम कुसुमका कवितामा ईश्वरीय चरित्रको ब्याख्या गरिएको छ । ईश्वरप्रतिको आस्थाले मानिसलाई प्रगतितर्फ लैजान्छ भन्ने भाव व्यक्त भएको छ । ज्ञान र भक्तिबाट मुक्ति पाइन्छ भन्ने भाव पनि यसमा व्यक्त भएको छ । मन पवित्र पार्ने र मोक्षप्राप्ति गर्ने कुरा यस खण्डमा व्यक्त भएको छ । यस कवितासङ्ग्रहको दोस्रो कुसुममा यस संसारका बारेमा, प्रकृतिका बारेमा, र ईश्वरीय सिर्जनाका बारेमा चर्चा गरी संसारिक ज्ञान दिइएको छ । यो संसार सबैको साझा घर हो । यस कुसुमका कवितामा सबै धर्म र संस्कृतिका मानिस छन् , यी सबैको लक्ष्य ज्ञान, भक्तिमा समर्पित हुनु पर्छ भन्ने भाव व्यक्त भएको छ ।

आत्मा र परमात्माका विषयमा गम्भीर भाव यस कृतिमा व्यक्त भएको छ । प्रस्तुत कवितासङ्ग्रहका तेस्रो कुसुममा मानिसको बुद्धिका बारेमा चर्चा गरिएको छ । भागवत गीताको अर्जुन र श्री भगवान् बीचको संवादअनुसार देहान्त पछि मानिसको चोला कहाँ पुग्छ र कस्तो अवस्थामा रहन्छ भन्ने बिषयमा वैचारिक भाव व्यक्त गरिएको छ । आत्मा नै आत्माको शत्रु पनि हो र मित्र पनि हो भन्ने भाव पनि यस कवितासङ्ग्रहमा व्यक्त भएको छ । आत्मामा नै सबैकुरा रहेका हुन्छन् भन्ने भाव यसमा व्यक्त भएको छ । ईश्वरीय दर्शन समग्रमा हुन्छ भन्ने भाव कवितामा यसरी व्यक्त भएको छ :-

> मायाबाट बन्धन हुन्छ, साकारकोता ध्यान स्वरूप
> अद्वैत ब्रह्माशुद्ध स्फटिक झैँ खण्डित छैन शुद्ध हरि ॥
> (अर्ज्याल, २०३५ : ३४)

यहाँ ईश्वरको ज्ञान अद्वैत र अखण्ड रूपमा हुन्छ भन्ने भाव व्यक्त भएको छ । योग दर्शनले शरीरको व्याख्या गरे अनुसार शरीर सम्पूर्ण तत्वले भरिएको छ भन्ने भाव यस कवितासङ्ग्रहका केही कवितामा व्यक्त भएको छ । शरीरलाई पञ्चभौतिक तत्वले बनेको छ भन्ने कुरालाई यस कवितामा यसरी देखाइएको छ-

पाँच पचिसको प्रकृति गुणले मन मोहक छ घर हाम्रो ॥
पाँच तत्त्व र तीन गुणबाट बनाएको कति राम्रो ।
(अर्ज्याल, २०३५ : ५)

संसार सबै भ्रम हो । ब्रह्म सत्य हो भन्ने भाव पनि यस कवितासङ्ग्रहका कवितामा व्यक्त भएको छ । साथै भ्रमात्मक ज्ञानलाई हटाउनु पर्छ भन्ने भाव पनि यस कविताङ्ग्रहमा व्यक्त भएको छ । मानिस, ज्ञान, भक्ति, वैराग्य र ईश्वरलाई कसरी बुझ्न सकिन्छ भन्ने कुरा यस कृतिमा सङ्कलित कविताहरू व्यक्त भएको छ ।

### ४.१.८ 'तत्त्व विज्ञान माला' शीर्षकको सार्थकता

तत्त्व, विज्ञान, माला, तीनवटा नामिक शब्दहरूको संयोजन गरी यस कवितासङ्ग्रहको शीर्षक चयन गरिएको छ । तत्त्व शब्दले सारभूत कुरालाई, विज्ञान शब्दले ज्ञानको भण्डारलाई र मालाले शृङ्खला अथवा सिलसिलालाई बुझाउँछ । यसबाट संसारिक ज्ञानको आधारभूत कुराको मालाका रूपमा यो शीर्षक आएको छ । कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा ज्ञान, भक्ति, ईश्वर चिन्तन, आध्यात्म दर्शन, वैराग्य र विचारको प्रतिपादन गरिएकोले यो कृति संसार, ईश्वर, ज्ञान, बुद्धि र वैराग्यको सारभूत ज्ञानका बारेमा केन्द्रित रहेकोले शीर्षक सार्थक रहेको छ । तत्वको ज्ञान गराउने हरफका रूपमा नै यस कृतिका कविताहरू अग्रसर रहेकाले यस कृतिको शीर्षक चयन, कविताको विषयवस्तु र भावअनुकूल नै रहेर गरिएको छ ।

**तत्त्व विज्ञान माला** कवितासङ्ग्रहमा समग्रमा ज्ञान, भक्ति, वैराग्य, ईश्वरीय चिन्तन, पूर्विय दर्शन, गीता भक्ति योग आदि विषयमा केन्द्रित भएर रचना गरिएको कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा भक्ति, ज्ञान, दर्शन, ईश्वरलाई विषय बनाउनुका साथै प्रकृतिलाई समेत विषय बनाइएको छ । यस सङ्ग्रहमा प्रयुक्त कविताहरूमा छन्दको प्रयोगमा मौलिकताको सिर्जना गरी सवाई र गजलमा समेत कवितात्मक अभिव्यक्ति रहेको छ । स्वच्छन्द भाव प्रवाहमा प्रवाहित भएको यस कृतिमा कवि रामेश्वर अर्ज्यालको प्रारम्भकालीन काव्यिक व्यक्तित्वको उच्च प्रकटीकरण भएको छ । यसबाट काव्ययात्राको सुरूमा नै दार्शनिक र आध्यात्मिक भावनाका कविता लेख्ने कविका रूपमा यिनको स्थान सुरक्षित

रहेको छ । स्रष्टाको बौद्धिकताको प्रकटीकरण पनि यस कृतिमा भएको छ । भाषिक तथा विषयगत जटिलता रहनु यस कृतिको कमजोरी पक्ष हो ।

## ४.२ **'जनात्म पुकार' कवितासङ्ग्रहको संक्षिप्त विवेचना'**

### ४.२.१ **पृष्ठभूमि**

**जनात्म पुकार** नेपाली तथा मैथिली भाषामा रचना गरिएको कवितासङ्ग्रह हो । वि.सं. २०३६ सालमा प्रकाशित यस कृतिमा २०३६ सालतिर देखिएका सामाजिक राजनैतिक परिवर्तनलाई विषय बनाई क्रान्तिकारी विचारको प्रतिपादन गरिएका कवितालाई समेटिएको छ । समाजमा भएको शोषण, दमन, राजनैतिक चेतना आदिलाई पृष्ठभूमि बनाई यस कवितासङ्ग्रहको रचना भएको छ । जनतामा रहेको परिवर्तनको चाहना र सामाजिक राजनैतिक परिबेशको चित्रण यस कवितासङ्ग्रहको पृष्ठभूमि हो ।

### ४.२.२ **'जनात्म पुकार' कवितासङ्ग्रहको संरचना**

लघु आकारका जम्मा एकाइस पृष्ठमा संरचित **जनात्म पुकार** लघु कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा जम्मा तेह्र वटा कविता रहेका छन् । यस कवितासङ्ग्रहका कवितामा 'वीर युवक' शीर्षकको कविता दुई पङ्तिको एक श्लोक मानी सोह्र श्लोकमा रचना गरिएको छ । यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा वीर युवक, नाविक, नयाँ सभ्यता, क्रान्तिको आह्वान, चरी बोल्छ, चोरे चोर, अत्याचार, प्रमादि दुनियाँ, प्रसाद, निर्दयता, प्रश्न, दुखियाको पुकार, अबलाको पुकार, रहेका छन् । आयामका हिसाबले यस कवितासङ्ग्रहको सबैभन्दा लामो कविता 'प्रश्न' हो । यो कविता मैथिली भाषामा रचना गरिएको छ । 'नाविक' कवितामा जम्मा नौ श्लोक रहेका छन् भने 'नयाँ सभ्यता' दस श्लोकमा रचना भएको कविता हो । यसैगरी 'क्रान्तिको आह्वान' कवितामा पङ्ति योजनालाई ख्याल नगरी कविताको रचना गरिएको छ । यस कवितासङ्ग्रहको 'चरी बोल्छ' कविता दुई पङ्तिका पन्ध्र श्लोकमा रचना भएको कविता हो । यस कवितासङ्ग्रहको संरचना लधु भए पनि नेपाली र मैथिली भाषाका कवितालाई छ्यासमिस गरेर एउटै कावितासङ्ग्रहमा समेटिनु यसको उल्लेख्य विशेषता हो ।

### ४.२.३ **'जनात्म पुकार' कवितासङ्ग्रहको विषयवस्तु**

नेपाली र मैथिली भाषामा रचिएको प्रस्तुत **जनात्म पुकार** कवितासङ्ग्रहमा नेपाली समाज, राजनीति,शोषण, दमन, आदिलाई विषय बनाई कविताहरूको रचना गरिएको छ । 'वीर युवक' कवितामा राजनैतिक विषयवस्तुलाई समेटिएको छ । नेपाली जनताले पटक पटक गरेर ल्याएको प्रजातन्त्र खोसिएको र जनता जागेर अधिकार फिर्ता गर्नु पर्छ चुप लागेर बस्नु हुदैन भन्ने विचार यस कवितामा प्रस्तुत भएको छ । 'नाविक' कवितामा सामाजिक हक अधिकार सुरक्षित तवरले संरक्षण गर्नु पर्छ र मातृभूमिको रक्षाका लागि शक्तिलाई अदम्य साहसमा बदली नाविक अग्र पथमा बढ्नु पर्छ भन्ने विषयलाई समेटिएको छ । यसैगरी 'नयाँ सभ्यता' शीर्षकको कवितामा पञ्चायती व्यवस्थाका कमी कमजोरी आदिका बारेमा चर्चा गरिएको छ । 'क्रान्तिको आह्वान' कवितामा पनि नेपाली समाजको क्रान्तिकारी भावनालाई समेटिएको छ । 'चरी बोल्छ' कवितामा क्रान्तिपछिको विहानीको सङ्केत गरिएको छ । यसरी यस कावितासङ्ग्रहमा नेपाली जनताको अन्तर्हृदयमा रहेको परिवर्तनकारी भावनालाई विषयवस्तु बनाई रचना गरिएका कविताहरू सङ्कलित छन् ।

### ४.२.४ **'जनात्म पुकार' कवितासङ्ग्रहको उद्देश्य**

**जनात्म पुकार** कवितासङ्ग्रह वि.सं. २०३६ मा प्रकाशित भएको कृति हो । यस कवितासङ्ग्रहको उद्देश्य पञ्चायती व्यवस्थाले जनतालाई दिएको दुःख, पीडालाई देखाई जनताका अन्तर आवाजलाई प्रस्फुटन गराउनु रहेको छ । पञ्चायतको बिरोध, अन्याय अत्याचार दमन शोषण आदिका बिरुद्धमा आवाज उठाई राष्ट्रिय भावना र जनताको अधिकारको बोध गराउनु पनि यस कृतिको उद्देश्य रहेको छ ।

### ४.२.५ **'जनात्म पुकार' कवितासङ्ग्रहको भाषाशैली**

नेपाली र मैथिली भाषालाई मिश्रित गरी प्रस्तुत कवितासङ्ग्रहको रचना गरिएको छ । प्रस्तुत कवितासङ्ग्रहका कविताहरूको भाषाशैली मध्यम खालको रहेको छ । तत्सम तद्भव र आगन्तुक शब्दको प्रयोग गरी सरल र सहज रूपमा कविता रचना गर्ने कौशल यस कवितासङ्ग्रहमा देखाइएको छ । यसमा सेकहाण्ड डीनर हाथै जाउँला खाउला जस्ता शब्दको प्रयोगले भाषिक कलाको उच्चता निर्माण भएको देखिन्छ जस्तै -

साथमा लिई पियारी मन्त्री कहाँ म जाउँला
हाथै मिलाउ सेकहाण्ड डीनर र चाय खाउला

(अर्ज्याल, २०३६ : ४)

यस श्लोकमा प्रयोग भएका शब्दहरूले यस कृतिको भाषिक प्रयोग कस्तो रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । शब्दको कलात्मक प्रयोग र अन्त्यानुप्रासको योजनाले यस कवितासङ्ग्रहमा लयात्मकताको सिर्जना भएको छ । कतिपय स्थानमा अनुप्रास योजना नमिलेकाले लयमा बाधा पनि सिर्जना भएको छ भने कतिपय स्थानमा छन्द त्रुटिका कारण लयमा जटिलता थपिएको छ । समग्रमा यस कवितासङ्ग्रहको भाषा मध्यम रहेको छ ।

### ४.२.६ 'जनात्म पुकार' कवितासङ्ग्रहको शीर्षक विधान

प्रस्तुत कवितासङ्ग्रहको शीर्षक जनात्म पुकार राखिएको छ । जन र आत्मको बीचमा समास गरी जनात्म र पुकार शब्दलाई मिलाएर यस कवितासङ्ग्रहको शीर्षक राखिएको छ । जनताको आत्मिक पुकार भन्ने अर्थबोध गराउने यस शब्दबाट अन्याय, अत्याचार, शोषण दमन, आदिको बिरोधमा देखिएको जनताको उद्गार हो । यस कवितासङ्ग्रहमा रहेका कविताहरू जनताका प्रत्यक्ष आवाज भएकाले यो शीर्षक विषयवस्तुअनुरूप सार्थक रहेको छ । शासन व्यवस्थाले गरेको अन्याय अत्याचार र शोषणको बिरोधमा जनताका आत्मिक आवाज यस कृतिबाट निस्किएका छन् । त्यसैले यस कवितासङ्ग्रहको शीर्षक विधान विषयअनुरूप रहेको छ ।

**जनात्म पुकार** कवितासङ्ग्रहमा कवि रामेश्वर अर्ज्यालले राजनैनिक विषयवस्तुलाई समेटेर कविता रचना गरेका हुन् । नेपाली र अन्य भाषामा समेत कविताहरू रहेका यस कवितासङ्ग्रहमा पञ्चायती व्यवस्थाका शासकले गरेका अन्याय अत्याचार आदिका बारेमा उल्लेख गरेका छन् । कविले सामाजिक घटनाहरूको जानकारी कवितामार्फत दिएका छन् । समाजमा रहेका अन्याय अत्याचार शोषण दमनलाई सबै युवाहरू मिलेर हटाउनु पर्छ र समाजलाई सुधार र विकासतर्फ लैजानु पर्छ भन्ने भाव यस कवितासङ्ग्रहका कविताले व्यक्त गरेका छन् । युवाहरू समाज परिवर्तनका संवाहक भएकाले समाजनिर्माणमा उनीहरूको भूमिका नाविकको जस्तो हुन्छ भन्ने कुरा यस कवितासङ्ग्रहका कवितामा व्यक्त भएको छ । युवाको योगदानले मात्र समाजमा नयाँ विहान र स्वतन्त्रताको प्रबेश हुन्छ भन्ने

कुरा यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताले व्यक्त गरेका छन् । नेपाली र मैथिली भाषाको प्रयोग गरी तयार पारिएको यस कवितासङ्ग्रहको भाव प्रवाह भने प्रबल रहेको छ ।

## ४.३ 'विचार दर्शन' निबन्धात्मक कृतिको सङ्क्षिप्त विवेचना

### ४.३.१ पृष्ठभूमि

**विचार दर्शन** रामेश्वर अर्ज्यालको दार्शनिक तथा बैचारिक निबन्धसङ्ग्रह हो । ब्रह्मज्ञानलाई विशेष जोड दिएर तयार पारिएको प्रस्तुत कृति वेदान्त दर्शनलाई सरल रूपमा प्रस्तुत गर्ने उद्देश्यले तयार पारिएको छ । ज्ञान के हो ? अज्ञान के हो ? असल कसरी बनिन्छ ? सृष्टि केमा अडेको छ ? आत्मा र परमात्मा कस्तो हुन्छ ? भन्ने विषयलाई पृष्ठभूमिका रूपमा राखी यस कृतिको रचना गरिएको छ । लेखकको बौद्धिक क्षमता र दार्शनिक विचारको अभिव्यक्ति यस कृतिमा गरिएको छ । कृतिको प्रकाशन वि.सं. २०३७ मा भएको हो । भौतिक सुख र आत्मिक सुखलाई परिचय गराई सत्यता र संसार ज्ञान यस कृतिमा गराइएको छ ।

### ४.३.२ 'विचार दर्शन' निबन्धात्मक कृतिको संरचना

प्रस्तुत कृतिको बाह्य संरचनालाई हेर्दा यसमा डिभाइ साइजका १२८ पृष्ठ रहेका छन्, भने जम्मा छत्तीस वटा निबन्ध सङ्गृहीत गरिएको छ । यसमा समेटिएका निबन्ध सबै समान आयामका नभएर केही लामा र केही ज्यादै लघु आकारका निबन्ध पनि रहेका छन् । बैचारिक अभिव्यक्तिलाई विशेष महत्त्व दिएको हुनाले निबन्ध चेतनाको संरचनामा पनि विषयको प्रतिपादन भएको छ । 'घमण्डी दुनियाँ' सबैभन्दा सानो संरचना भएको निबन्ध हो । भने 'जीवनको झलक' 'मानवता' विनम्र अनुरोधजस्ता निबन्धहरू लामो आयाम भएका निबन्धहरू हुन् । समग्रमा यो कृति मध्यम आकृति भएको रचना हो ।

### ४.३.३ 'विचार दर्शन' निबन्धात्मक कृतिको विषयप्रस्तुति र विन्यास

प्रस्तुत 'विचार दर्शन' निबन्धसंङ्ग्रहको विषय, दर्शन र विचारको मिश्रणबाट तयार पारिएको छ । ज्ञान, वैराग्य, जीवन जगत, मानवीय दायित्व आदि विषयमा केन्द्रित भई यस कृतिको निर्माण गरिएको छ । मानिस भौतिकताबाट दिक्क भएको समयमा आत्मिक आनन्द

प्राप्त गर्ने स्थान भनेको आध्यात्म दर्शन हो र यसले जीवनलाई सार्थक बनाउन मद्दत गर्छ, भन्ने विषयलाई यस कृतिमा प्रतिपादन गरिएको छ ।

यस कृतिको आरम्भमा बीस वटा प्रश्न र उत्तरहरू प्रस्तुत गरी विविध विषयका बारेमा सङ्क्षिप्त ज्ञान दिलाइएको छ । यस कृतिको प्रथम पाठ 'पण्डित' शीर्षकको रहेको छ। यसमा पूर्वीय आचार्यको चर्चा गरी वास्तविक पण्डित बन्नका लागि असल ज्ञान हुन आवश्यक छ भन्ने कुरालाई देखाइएको छ । विषय र विषयीको सत् असत् विवेकी बुद्धि भएको व्यक्ति मात्र पण्डित हुन्छ भन्ने वैचारिक स्थापना यस पाठमा गरिएको छ । सस्कृत उक्तिको प्रयोग गरी विषयलाई तार्किक रूपमा प्रस्तुति गर्ने शैली यस पाठमा रहेको छ । यसैगरी 'गुरु' शीर्षकको पाठमा गुरुका प्रकार, गुरु आचरण, गुरु कतर्व्य आदिका बारेमा यसमा चर्चा गरिएको छ । यो निबन्ध आयामका हिसाबमा अल्लि लामो रहेको छ । यस पाठले गुरुका बारेमा "जुन प्रकारले रातीको अँध्यारो सूर्ज्य उदये भने दूर हुन्छ । त्यस्तै हृदयको अँध्यारो गुरुको बचनले दूर हुन्छ ।" (अर्ज्याल, २०३७ : १२) । भनी निष्कर्ष निकालिएको छ ।

यसैगरी 'मानवता' शीर्षकको पाठमा मानवीय कर्तव्यका बारेमा चर्चा गरिएको छ । भने 'म र मेरो दुनियाँ' पाठमा म को हुँ ? र मेरो संसार कस्तो रहेको छ, भन्ने कुराको चर्चा गरिएको छ । यस कृतिका 'चिन्हीन्न किन' 'आर्त पुकार' 'अभिन्नता' मेरो दुनियाँ लयात्मक रूपमा विषय प्रतिपादन गरिएका नैबन्धिक पाठ हुन् । यी रचनामा विचार भन्दा पनि भाव महत्त्वपूर्ण रहेको छ । 'स्वधर्मलाई जानौ' भन्ने पाठमा आफ्नो धर्म र ज्ञानलाई उच्च आदार गरिएको छ । आजको भौतिक उन्नतिको सफलतामा पूर्वीय ज्ञान, सीप र शास्त्रको आधारमा रहेको छ भन्ने कुरालाई यसमा देखाइएको छ ।

वि.सं. २०१० मा वैरवा पाठशालामा दिएको प्रवचन 'विद्यार्थीले के गर्नु पर्छ' मा विद्यार्थीले गर्नु पर्ने कर्तव्यको जानकारी गराइएको छ । 'भक्ति' 'वैष्णवलाई बुझौ' 'परमोपकार' 'साधकले कसरी अगाडि बढ्नुपर्छ' 'गीताश्लोक अध्याय' 'कर्मयोगी' 'अन्तरङ्ग दुनियाँ' 'शिवोपासना' 'परमानन्द र म'जस्ता पाठमा आध्यामिक विचारको प्रतिपादन गरिएको छ । 'गीताश्लोक अध्याय', 'कर्मयोगी', 'शिवोपासना' पाठमा भक्ति, ज्ञान र वैराग्यका बारेमा वैचारिक मन्थन गरी सारलाई प्रस्तुत गरिएको छ, भने अन्यमा आध्यात्मिक चेतनाको प्रसार गरिएको छ । 'कल्पना नै संसार' शीर्षकको पाठमा मौलिक विषयको

प्रतिपादन गरिएको छ । वेदान्त दर्शनले देखाएका ज्ञान, योग, भक्तिजस्ता विषयका बारेमा विश्लेषण यस पाठमा गरिएको छ ।

यसैगरी यस कृतिमा वैराग्य, वैराग्य (अर्को) शीर्षकका पाठमा ज्ञान र वैराग्यको चर्चा गरिएको छ । व्यक्तिका मनमा रहने आत्मचेतनाको प्रवाह यस पाठमा गरिएको छ । 'भौतिक उपलब्धीमा कुनै आश्चार्य होइन' शीर्षकको पाठमा मानिसले चन्द्रमामा पाइला टेके पनि त्यो कुनै ठुलो उपलब्धी नभएको भन्दै लेखकले भौतिक उन्नतिलाई ठुलो उपलब्धी नठानेर आत्मिक ज्ञानलाई ठुलो महत्व दिइएका छन् । यस कृतिको 'सत्सङ्ग' पाठमा असल व्यक्तिको सङगतले जीवनलाई सबल र समुन्नत बनाउँन सहयोग मिल्ने कुराको चर्चा गरिएको छ । संस्कृत श्लोकहरूको प्रयोगले उच्च भाषिक कौशलतको सङ्केत यस संङ्ग्रहका निबन्धहरूले गर्दछन् ।

'आत्मानुभव अव्यक्त हो' शीर्षकको निबन्धमा उपनिषद्‌ले प्रतिपादन गरेको आत्मले अनुभव गरेका कुरालाई व्यक्त गर्न सकिँदैन भन्ने तथ्यको प्रस्तुति गरिएको छ । आत्मा कहिल्यै मर्दैन, नत बुढो नै हुन्छ । यो नत मर्छ नत मारिन्छ भनि नित्य आत्मा सत्य र जगत मिथ्या रहेको कुरालाई यस निबन्धमा देखाइएको छ ।

यसैगरी यस कृतिको 'स्वरूपज्ञान' निबन्धमा मानिसको स्वरूप कस्तो हुन्छ र मानिस को हो ? भन्ने कुराको ज्ञान गराइएको छ । घमण्डी दुनिया सानो टिप्पणी मात्र हो । यसमा विषयको प्रतिपादन ज्यादै गम्भीर रूपमा हुन सकेको छैन ।

'जीवनको रूपरेखा' र 'जीवनको झलक' शीर्षकका पाठमा जीवन र यसका रमाइला दृश्यका बारेमा चर्चा गरिएको छ । यी विषयमा लेखकले आफ्नो समग्र जीवनको सारलाई प्रस्तुत गरेका छन् । यसबाट लेखक के कस्तो स्वभाव र रुचि भएका व्यक्ति थिए भन्ने कुराको जानकारी सजिलै गर्न सकिन्छ । यी दुई रचना आत्मसंस्मरण र जीवनीले भरिएका पाठ हुन । कृतिको अन्तिम पाठ अज्यार्यको व्यैयक्तिक कुरा हो, यो लयात्मक ढाँचामा प्रस्तुत गरिएको रचना हो । यसमा मानिसको जीवनको सार खिचिएको छ ।

यसरी हेर्दा 'विचार दर्शन' वैचारिक निबन्धहरूको सङ्ग्रह हो । यसमा शारीरिक, संसारिक, भौतिक र आध्यात्मिक विषयलाई प्रतिपादन गरी निबन्ध तयार पारिएको छ । यस

कृतिमा समेटिएका रचनाहरूमा साना आकार र ठुला आयाम भएका रचनाहरूपनि रहेका छन् । आध्यात्मिक र पौराणिक विषयलाई आधार सामग्री बनाई तयार गरिएका यी रचनामा लेखकको बौद्धिक चिन्तन र मौलिक भावनाको अभिव्यक्ति रहेको पाइन्छ । वर्णनात्मक शैलीमा कुनै पनि विषयको प्रतिपादन गर्नु लेखको विशेषताका रूपमा यस कृतिमा रहेको देखिन्छ ।

लेखकले उच्च बौद्धिक चेतनाको प्रयोगले गर्दा यो कृति सामान्य पाठकका लागि ज्यादै जटिल रहेको छ । पुराण, उपनिषद् आदिका कुरालाई विषय बनाएर निबन्धहरूको सिर्जना गरिएकाले विषय बोधमा पनि कठिन स्थितिको सिर्जना हुन्छ ।

भाषाशैलीका हिसाबमा यस कृतिलाई हेर्दा संस्कृतका जटिल शब्द र श्लोकहरूको प्रयोग पनि भएको छ, जसले सामान्य संस्कृतका अल्पज्ञ पाठकलाई कृति दुर्बोध्य र कठिन हुन्छ । कतिपय स्थानमा त अङ्ग्रेजी बाक्यहरूको पनि प्रयोग कृतिमा भएको छ । सबै विषय वस्तुलाई सरल गद्यात्मक भाषामा प्रस्तुत नगरी लयात्मक र श्लोक ढाँचामा प्रस्तुत गर्नाले कृतिको पठन सहज नहुने देखिन्छ ।

समग्र भन्नु पर्दा 'विचार दर्शन' निबन्धसङ्ग्रह रामेश्वर अज्यालको वैचारिक अभियक्तिको उपजका रूपमा रहेको देखिन्छ । उनको बौद्धिक चेतनाको प्रकटीकरण यस कृतिका निबन्धहरूमा भएको छ । मूल रूपमा आध्यात्मिक र पौराणिक विषयको प्रतिपादन गर्ने उद्देश्य यस कृतिमा रहे पनि मौलिक विषयको प्रवेशले कृतिलाई वढी प्रभावकारी बनाउन सहयोग गरेको छ । पुराण र उपनिषद्का कुराहरूलाई उठाएर ज्ञानि, भक्ति, वैराग्य, सुख, सत्य, कतर्व्य आदि कुराको जानकारी दिन कृति सफ रहेको छ । यो कृति रामेश्वर अर्ज्यालको बौद्धिकताको उच्च प्रप्ति हो ।

## ४.४ 'परिर्वतन' खण्डकाव्यको सङ्क्षिप्त विवेचना

### ४.४.१ पृष्ठभूमि

आजको समाज भौतिकतातर्फ अघि बढ्दै गएको छ । जीवन र जगतका मूल्यमा रहेका परिवर्तनका सङ्केत यस कृतिमा रहेका छन् । आफ्नो संस्कृतिबाट पलायन भई पश्चिमी संस्कृतिमा रमाउने व्यक्तिलाई विषय बनाई यस कृतिको रचना गरिएको छ । पुराना र नयाँ

पुस्तामा देखिएको सास्कृतिक, व्यवहारिक, परिवर्तनलाई विषय बनाएर यो कृतिको निर्माण गरिएको छ । वि.सं. २०४० को दशकमा देखिएको विकृत सस्कृतिको पृष्ठभूमिमा अडेर यस कृतिको रचना भएको छ । वि.सं. २०४२ मा लक्ष्मी प्रिटिङ्ग प्रेस विराटनगर यस कृतिको प्रकाशन गरेको छ ।

### ४.४.२ **'परिर्वतन' खण्डकाव्यको संरचना**

'परिर्वतन' खण्डकाव्य लघु आकारका २८ पृष्ठमा संरचित छ । खण्डकाव्यलाई विभिन्न खण्डमा विभाजन गरिएको छैन । चार पाउको श्लोक र दुई पाउको श्लोक गरी जम्मा १६७ श्लोकहरू यस कृतिमा रहेको छन् । चार हरफका १३७ श्लोक र दुई हरफका तीस श्लोक यस कृतिमा रहेका छन् । जीवन र जगतका देखिएको परिर्वतन काव्यको विषयवस्तु बनेर आएको छ । विषयवस्तुको क्रमिक विकासमा आदि, मध्य र अन्त्यको ढँचामा यस खण्डकाव्यको कथानक विकास भएको छ । श्लोक सङ्ख्यालाई हेर्दा यो खण्डकाव्य लघु आयाममा संरचित खण्डकाव्य हो ।

### ४.४.३ **'परिर्वतन' खण्डकाव्यको विषयवस्तु**

यस खण्डकाव्यको विषयवस्तुमा सामाजिक विषयलाई समेटिएको छ । सन्तान नहुँदा श्रीमान् श्रीमती बीचमा हुने ब्यग्रता र सन्तान प्राप्तिका लागि गरिने अनेक प्रयत्नलाई यस काव्यमा विषयवस्तुका रूपमा लिइएको छ । खण्डकाव्यको आरम्भको पहिलो श्लोकमा नै यस कृतिको विषयवस्तुको सङ्केत यसरी गरिएको छ :-

"यौटा देश थियो जहाँ शिवहरि प्यारी लिई मेनका ।
बस्थे धार्मिक काममा रत थिए भन्ने कथा ईशका ।
धर्म कर्म गरेर रात दिन ती काट्थे र ज्ञानी भए ।
ठूलो नाम चल्यो तथापि नहुँदा सन्तान दुःखी थिए ॥"

(अर्ज्याल, २०४०: १)

यसमा कुनै एउटा देशमा शिवहरि र मेनका धर्म कर्म गरेर बस्थे तर उनीहरूका सन्तान थिएनन् सन्तानहीन यी जोडी कसरी सन्तान प्राप्त गर्न लागे भन्ने विषयलाई यस खण्डकाव्यमा समेटिएको छ । साथै सन्तानहीन जोडी एकदिन एक जना साधुको आशीर्वादले

सन्तानयुक्त भए, उनीहरू सन्तानको पालन पोषण र शिक्षाको प्रवन्धतर्फ लागरे अङ्ग्रेजी शिक्षा दिए । उनीहरूको छोराले अङ्ग्रेजी शिक्षा पाएर आफ्नो संस्कृति प्रतिकूल व्यवहार गर्न थाल्यो । जसले गर्दा बाबु आमाका मनमा नराम्रो भावनाको विकास भयो र दुर्जन सन्तान हुनु भन्दा सन्तान नै नभए हुन्थ्यो भन्ने विचार लिन थाले । यही कुरालाई विषय बनाएर यस कृतिको रचना गरिएको छ ।  यसले दुई पुस्ताको बीचमा रहेको भिन्नतालाई सङ्केत गरेको छ । भौतिकता र विलाशमा रुमलिएको वर्तमान युवापुस्ताको व्यवहारलाई यस काव्यमा विषय बनाएको छ । हाम्रो समाजमा देखिएका पुस्तान्तरता र नवीनतालाई यस खण्डकाव्यले विषयवस्तु बनाएको छ । खण्डकाव्यको विषयवस्तु सामाजिक घटनाबाट लिइएको छ ।

### ४.४.४ **चरित्रचित्रण**

प्रस्तुत खण्डकाव्यमा मुख्य रूपमा चार पात्रहरू रहेका छन् । यस खण्डकाव्यका प्रमुख पुरुष पात्र शिवहरि र उसको छोरो तनय रहेको छ, भने नारी पात्रमा शिवहरिकी दुलही मेनका र बुहारी रहको छन् ।  शिवहरि र मेनका सुरुमा सन्तान नभएर सन्तानका लागि धर्म कर्ममा लाग्ने आध्यात्मिक प्रवृत्ति भएका प्रतिनिधि सत् पात्र हुन् । उनीहरूले काव्यमा असल भूमिका निर्वाह गरेका छन् । शिवहरिको छोरा तनय र उसकी श्रीमती पश्चिमी संस्कृतिमा रमाउने समाज र संस्कृतिप्रति कुनै पनि उत्तरदायित्व नभएका अल्लारे चरित्रका रूपमा काव्यमा देखिएका छन् । पुरानो पुस्ता र नयाँ पुस्ताका बीचमा रहेको व्यवहार र वैचारिक र चारित्रिक भिन्नतालाई देखाएर यस खण्डकाव्यले पुस्ताबीचमा रहेको फरकपनको सङ्केत गरी परिवर्तित शीर्षक अनुरूप पात्रको चयन गरिएको छ । तनय र उसकी श्रीमति सुरुमा पश्चिमी संस्कृतिको तडक भडकमा लागे पनि पछि पश्चातापको बोधगरी पूर्वीय संस्कृतिमा फर्की परिवर्तन भएको देखाइएको छ । त्यसैले उनीहरू परिवर्तनशील पात्र हुन् ।

### ४.४.५ **'परिवर्तन' खण्डकाव्यको परिवेश**

यस खण्डकाव्यको परिवेश मिश्रित रहेको छ । ग्रामीण परिवेशको चित्रण खण्डकाव्यमा रहेको छ, भने सहरी परिवेशको चित्रण पनि ज्यादै मनमोहक रूपमा गरिएको छ । धार्मिक स्थलहरू भएको निर्मल स्वच्छ ग्रामीण स्थानहरूको चर्चा काव्यमा गरिएको छ । मठ, मन्दिर आदिको चर्चाले नेपालको धार्मिक परिवेशको सङ्केत यस कृतिले दिन्छ । खेती पाती, गाउँघर

आदिको चर्चाले नेपालको गाउँले परिवेशको सङ्केत यस काव्यले गर्छ भने सहरी रमझम, होटल आदिको चर्चाले शहरीया वातावरण पनि यस खण्डकाव्यमा आएको छ । स्थानिक परिवेशमा नेपालकै गाउँ र शहरको चर्चा भए पनि कालिक परिवेश भने यस कृतिमा स्पष्ट रूपमा देखिएको छैन । यस काव्यको वातावरण धार्मिक र विलाशी दुवै खालको रहेको छ ।

### ४.४.६ 'परिवर्तन' खण्डकाव्यको उद्देश्य

यस खण्डकाव्यको विषयवस्तुलाई हेर्दा खण्डकाव्यले अङ्ग्रेजी शिक्षा ग्रहण गर्नु राम्रो कुरा हो, तर त्यसलाई ग्रहण गर्दा आफ्नो धर्म, संस्कृति र संस्कारलाई भुल्नु हुन्न भन्ने कुराको शिक्षा दिनु रहेको छ । साथै सन्तान दुर्जन हुनु भन्दा नभएकै राम्रो हो भन्ने कुराको. सङ्केत पनि यस कृतिले दिएको छ । भौतिक उन्नतिले गर्दा नयाँ पुस्ता भोग बिलाशमा लागेको छ जसले पूर्वीय समाज पतनको बाटोतर्फ उन्मुख भएको छ । समयमै विचार गरी यसलाई उन्नतितर्फ लैजानु पर्छ भन्ने कुरालाई देखाई आदर्श र सभ्य समाज निर्माण गर्नु नै यस खण्डकाव्यको उद्देश्य रहेको छ ।

### ४.४.७ 'परिवर्तन' खण्डकाव्यको भाषाशैली

यस खण्डकाव्यको भाषा तत्सम शब्दको प्रयोगले गर्दा ललित किसिमको रहेको छ । तद्भव र आगन्तुक शब्दहरूको प्रयोग यस खण्डकाव्यमा रहेको छ । सकेसम्म सरल शब्दको प्रयोगले गर्दा काव्य सरल र बोध गम्य रहन गएको छ । वार्णिक छन्दहरूको प्रयोगले लयमा सरलता र सहजता सिर्जना भएको छ । शार्दुलविक्रीडित, अनुष्टुप्, शिखरिणी, इन्दिरा, मालिनी, उपजाति आदि छन्दको प्रयोग यस काव्यमा रहेको छ । अन्त्यानुप्रासको विधानले लयमा सरलता थपेको छ । जटिल मानिएको इन्दिरा छन्दको प्रयोग पनि काव्यमा गरिएको छ । यस छन्दले काव्यको लयमा केही फरकपनको सिर्जना गरेको छ । शब्दको आवृत्ति र अन्त्यानुपासको पूर्ण प्रयोगले यस काव्यको भाषा ज्यादै कलात्मक हुन पुगेको छ जस्तै -

> "ए पाजी ! तुहिजा, न जाति मरिजा, जा जा, त जी मर्नजा ।
> ए हावा । हरि लठ्ठके । चक चके । जोत्ने बनी हेर्न जा ।
> ए काजी । किन काजिका कुलम हो बाँझा भइनस् त जा ।
> गाँजका सुर जा, विलठ्ठ भइजा साझा मजाले मजा ।"

(अर्ज्याल, २०४०: १०)

यस श्लोकमा ज वर्णको आवृत्ति र अन्त्यानुप्रासले गर्दा लय प्रयोगमा उच्चता सिर्जना भएको छ । कतै कतै खण्डकाव्यमा अन्त्यानुप्रास योजना नमिलेकोले लयमा बाधा पुगेको देखिन्छ । यसरी भाासा प्रयोग र अनुप्रासयोजनाले यो कृति वोधगम्म सरल र मनोरम खालको छ। विषय र पात्रअनुकूल वर्णन र विश्लेषण काव्यमा गरिएको छ । चरित्र र परिस्थिति अनुकूलको भाषा यस कृतिमा रहेको छ । यस काव्यको उक्तिढाँचा भने कविनिबद्धपात्रोक्ति ढाँचामा रहेको छ । यस काव्यका सम्पूर्ण भाषिक प्रयोग खण्डकाव्यमा प्रयोग भएका पात्रले मात्र नगरी कवि स्वयंमले पनि गरेका छन् ।

### ४.४.८ 'परिवर्तन' खण्डकाव्यको शीर्षक

यस खण्डकाव्यमा पाश्चात्य शिक्षाको प्रभावमा परेर पूर्वीय धर्म, संस्कार, संस्कृति, दर्शनलाई विर्सनु प्रथम परिर्वतन रहेको छ । त्यसबाट विलाशी जीवन र भोगमा लिप्त भई अनेक दुःख र हन्डर खाएर पुनः पूर्वीय संस्कृतिको शरणमा आउनु अर्को परिवर्तन देखिन्छ । यसैगरी सुःख शान्तिसँग बसेका श्रीमान् श्रीमतीलाई सन्तान इच्छा हुनु र त्यसको सम्पूर्तिवाट दुःखको तीव्र अनुभूति हुनु र पुत्रको प्राप्तिमा विरक्ति पैदा हुनु वैचारिक परिवर्तनका रूपमा रहेको छ । यसरी एक पछि अर्को परिवर्तन देखाई विषयवस्तु अनुरूप शीर्षक चयन गर्नुले यस काव्यको शीर्षक सार्थक रहेको छ । कविले काव्यमा पुस्ता दुईका बीचको व्यवहारिक र वैचारिक भिन्नता समेत देखाई यस कृतिको शीर्षक सार्थक बनाएका छन् ।

यसरी प्रस्तुत **परिवर्तन** खण्डकाव्य सामाजिक आध्यात्मिक विषयमा निर्माण भएको मध्यम आयामको कृतिका रूपमा रहेको छ । खण्डकाव्यका लागि आवश्यक विषय, पात्र, परिवेश आदि तत्त्वको पूर्ण उपयोग यस कृतिमा रहेको छ । छन्द प्रयोगमा विविधता, भाषिक सरलता र लयको उच्चताले यो कृति रामेश्वर अर्ज्यालको उत्कृष्ट कृतिका रूपमा रहेको छ ।

## ४.५ 'उद्‌गार' कवितासङ्ग्रहको सङ्क्षिप्त विवेचना

### ४.५.१ पृष्ठभूमि

रामेश्वर अर्ज्यालद्वारा लिखित **उद्‌गार** कवितासङ्ग्रह इन्द्रछायादेवीले वि.सं. २०४४ मा प्रकाशन गरेको लघु कवितासङ्ग्रह हो । यस कवितासंङग्रहका कविताहरू तात्कालीन समयका विकृति विसङ्गति र विचलनशील समाजलाई आधार पृष्ठभूमि बनाएर रचना भएका छन् । समाजलाई शान्त समुन्नत र आदर्श समाजको निर्माण गर्ने उद्देश्य यस कवितासंङ्ग्रहका कवितामा रहेको छ । भौतिक उन्नतिले गर्दा नेपाली समाजमा देखिएको असन्तुलनको चित्र यस सङ्ग्रहका कवितामा उतारिएको छ ।

### ४.५.२ 'उद्‌गार' कवितासङग्रहको संरचना

लघु आकारका छब्बीस पृष्ठमा बाह्य संरचना ग्रहण गरेको यस कवितासङ्ग्रहमा जम्मा पाँच वटा कविताहरू सङ्कलित छन् । उद्‌गार, बनउच्च व्यक्ति, फागुको समयमा रमाइलो कविता सुनाउँछन्, शिक्षा र अन्तर निवेदन शीर्षकमा रहेका कविताहरू मध्ये प्रथम कविता उद्‌गारबाट यस कवितासङ्ग्रहको शीर्षक चयन गरिएको छ । आयामका हिसाबले यस सङग्रहको सबै भन्दा लामो कविता 'उद्‌गार' हो भने छोटो कविता 'शिक्षा' हो । जुन एघार श्लोक र दुई पङ्तिका तीन श्लोकमा विस्तारित भएको छ । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताको सङ्क्षिप्त विवेचना निम्नानुसार रहेको छ –

### ४.५.३ 'उद्‌गार' कविताको विवेचना

'उदगार' कवितासङ्ग्रहमा सङ्ग्रहीत 'उदगार' कविता प्रस्तुत कृतिको शीर्ष रचना हो । यसै कविताबाट यस कवितासङ्ग्रहको शीर्षकचयन गरीएको छ । प्रस्तुत कवितामा दया नै परम धर्म हो भन्ने भावना व्यक्त भएको छ । यस कवितामा दुर्व्यसनले मान्छेलाई विनाशतर्फ लैजान्छ त्यसैले मानिसले दुर्व्यसनलाई ग्रहण गर्नु हुँदैन भन्ने कुरा व्यक्त भएको छ । समुन्नत समाजका लागि यस कविताको विचार कविको आदर्श उद्‌गार भएकाले शीर्षक सार्थक छ । कविताको सिर्जना संस्कृत सूक्तिहरूको उद्धरणबाट सुरु गरिएको छ । यसबाट मानिसलाई आदर्श जीवनतर्फ लाग्न आग्रह गरिएको छ ।

उपमा, रूपक र उत्प्रेक्षाजस्ता अलङ्कारको प्रयोग यस कवितामा भएका छन् जसले भाषालाई वढी कलात्मक बनाउन सहयोग गरेका छन् । केही श्लोकहरूमा बाहेक सबै पङ्तिमा अन्त्यानुप्रास मिलाइएको छ जसले लयात्मकता सिर्जना गरेको छ :-

भेदका असुरै सारा क्रोधका अग्निमा परे
अहंकार र अज्ञान लुसुक्क भस्म भै झरे ।

(अर्ज्याल, २०४४ : २)

यसमा अन्त्यानुप्रासको राम्रो योजना मिलाइएकाले लयमा सहजता सिर्जना हुन पुगेको छ । यस कवितामा आदर्श जीवन र आध्यात्मिक विचारको प्रतिपादन भएको छ ।

### ४.५.४ 'बन उच्च व्यक्ति' कविताको विवेचना

बन उच्च व्यक्ति कविता **उद्गार** सङ्ग्रहमा सङ्गृहीत दोस्रो कविता हो । यो कविता दुई पङ्तिका सत्र श्लोक र चार पङ्तिका चार श्लोकमा विस्तारित भएको छ । मानिसको जीवन ज्यादै अमूल्य हुन्छ यसलाई व्यर्थमा खेर फाल्नु हुँदैन भन्ने भाव यस कवितामा प्रस्तुत भएको छ । अन्त्यानुप्रासको आंशिक प्रयोग गरिएको भए पनि वर्ण र शब्दहरूको तालमेलले लयमा सरलता सिर्जना भएको छ –

सदाचारी बनी लेऊ सुकार्यतिर हे युवा ।
चम्किने छ युवा चम्के सारा भूतलमा दिवा ।

(अर्ज्याल, २०४४ : १०)

यसमा युवा र दिवा शब्दको योजनाले लयमा सरलता सिर्जना भएको छ । यस कविताको मूल कुरा शिक्षा दीक्षा मानिसलाई अति आवश्यक छ । असल शिक्षा लिई जीवनलाई सार्थक बनाउँनु पर्छ भन्ने भाव यसमा व्यक्त भएको छ ।

### ४.५.५ 'शिक्षा' कविताको विवेचना

उद्गार कवितासङग्रहमा सङ्गृहीत तेस्रो कविता 'शिक्षा' हो । प्रस्तुत कविता लघु आयाममा रचना भएको छ । जम्मा एघार श्लोकमा रचना भएको छ । इन्द्रजज्रा, उपेन्द्रबजा्र र उपजाति छन्दमा भएको यस कविताले शिक्षा ज्ञानको ज्योति हो । यसले सुन्दर समाज र

असल व्यक्तिको निमार्ण गर्न सक्दछ भन्ने भाव व्यक्त गरेको छ । सत् शिक्षाको ज्ञानले मानिसलाई सधै सफलतातिर लैजान्छ भन्ने कुरा यस कवितामा व्यक्त भएको छ । सरल शब्दहरूको प्रयोग अन्त्यानुप्रासको पूर्ण विधानले पूर्ण लयात्मक निमार्ण भएको छ–

अबलम्बन साधन उही कुण्डली छ
पिई देउ यो अम्बल युवा मण्डली छ ।
हरदम दिया रात नाद ब्रशा लगाई
मन लठ्पारी युवा लौन भाई ।

(अर्ज्याल, २०४४: १४)

यसमा अन्त्यानुप्रासको उचित विन्यासले लय चेतना उच्च रहेको छ । यो कविता विषयवस्तु र भाव प्रस्तुतिमा उत्कृष्ट छ ।

### ४.५.६ (**फागुको समयमा रमाइलो कविता सुनाउँछन्** )

प्रस्तुत कवितासङ्ग्रहमा सङ्ग्रहीत यस कवितामा स्वच्छन्द कविता प्रवाहचेत प्रस्तुत भएको छ । सरल शब्दहरूको प्रयोग गरी लेखिएको यस कवितामा ग्रामीण शब्दहरूको समेत प्रयोग गरिएको छ । लयात्मक सरलता सिर्जना भएको छ । यस कविताको सुरुवात पति र पत्नीको संवादलाई विषय बनाएर तयार गरिएको छ । कविताको अन्त्यतिर रमाइलो वातावरणको चर्चा गरिएको छ । फागुमा रमाइलो गरी जीवनको समग्र कथालाई प्रस्तुत गरेको छ । सानो आख्यानको प्रयोग गरी कवितालाई समापन गर्ने काम गरिएको छ । भाषाशैलीका दृष्टिकोणले यो कृति मध्यम खालको छ ।

### ४.५.७ 'अन्तर निवेदन' कविताको विवेचना

'अन्तर निवेदन' कविता **उद्‌गार** कवितासङ्ग्रहमा सङ्ग्रहीत अन्तिम कविता हो । स्पष्ट रूपमा श्लोकको निर्धारण नगरिएको यस कवितामा जम्मा एक सय तीस पङ्ति रहेका छन् । आमा सबै भन्दा ठुली हुन् उनले सन्तानलाई हुर्काउन ज्यादै ठुलो परिश्रम गरेकी हुन्छिन । सन्तानका लागि मातृस्नेह सबैभन्दा ठुलो कुरा हो भन्ने भाव यस कवितामा व्यक्त भएको छ । यस कवितामा कविले जीवन, जगत र अध्यात्मका बारेमा चर्चा गरेका छन् । उनि हिन्दू धर्म र संस्कृतिलाई सर्बोपरि ठानेर कर्म गर्दै जाउ फलको आस नगर भन्ने सन्देश

यस कवितामा प्रस्तुत गरेका छन् । यस कविताको मूल उद्देश्य भौतिकतातिर ढल्किएको वर्तमान युगलाई आध्यात्मिक ज्ञान दिई नवीन र स्वच्छ समाज निर्माण गर्नु रहेको छ । यस कवितामा कविनिबद्ध म पात्रले अर्को पात्रसँग अन्तर हृदयको निवेदन प्रस्तुत गरेको छ । सरल र सहज भाषाशैलीमा रचियको यस कवितामा अन्त्यानुप्रासको योजनालाई पूर्ण रूपमा पालन गरिएको छैन तर पनि यस सचेतता भने यस कृतिमा रहेको छ । शीर्षक अनुकूल विषय प्रतिपादन यस कवितामा यसरी गरिएको छ –

अन्तर्मनको अर्तपुकार ईच्छा हो यो समताको ।
सब प्राणीमा ईश्वर आउन् राम रामा झैं ममताको ।
(अर्ज्याल, २०४४ : २६)

यसले शीर्षकलाई र विषयवस्तु दुवैलाई छोएको छ र विषयवस्तुको वर्णनअनुरूप यस कविताको शीर्षक चयन गरिएको छ ।

**उद्गार** कवितामा रहेका पाँचवटा कविता कवि हृदयको वैचारिक अभिव्यक्तिका उद्गार भएकाले यो कृति सार्थक रहेको छ । लघु आयाममा रचना भएपनि यस कृतिमा समेटिएका कविताहरूले भौतिकता प्रति नकारात्मक विचार राखी अध्यात्मको बाटोतर्फ लाग्न सबैलाई आग्रह गरेका छन् । वार्णिक छन्द र मौलिक लय विधानले यो कवितासंङ्ग्रह उत्कृष्ठ रहेको छ । भाषा प्रयोगमा गाम्य भाषाको प्रयोग कतै कतै पाइए पनि विचार प्रतिपादनमा भने यो कवितासङ्ग्रह उपयुक्त रहेको छ ।

### ४.६ 'शिव-मधुके भाग्यक रेखा' कृतिको परिचय

रामेश्वर अर्ज्यालद्धारा लिखित **शिव-मधुके भाग्यक रेखा** मैथिली भाषामा लेखिएको काव्य हो । यसको प्रकाशन वि.सं. २०४५ मा भएको हो । जम्मा चालीस पृष्ठमा संरचित प्रस्तुत काव्यको विषयवस्तु ग्रामीण भेगमा रहेका मैथिली जनजीवनको बारेमा यस काव्यमा कवि अर्ज्यालले आफ्नो विचार व्यक्त गरेका छन् । मैथिली लोक संस्कृति र तराई भागको जनजीवनलाई अत्यन्त मनमोहक ढंगले व्यक्त गरेका छन् । यस काव्यमा जम्मा पाँच वटा रचनाहरु समाबेश भएका छन् । ती रचनाहारु निम्नानुसार रहेका छन्- समाजक विकृतिक

चित्रण, नारीक विलाप, दुलहीनक विलाप, शोषित समाजक चित्रण र गणपति वन्दना । यस काव्यमा मैथिली समाजका समस्यालाई देखाइएको छ ।

यस काव्यबाट उनको मैथिली भाषमा पनि विशेष ज्ञान रहेको बोध हुन्छ । यस काव्यमार्फत कविले समाजमा रहेको खराब संस्कृतिलाई हटाउनु पर्दछ, सबै धर्मलाई उत्तिकै मान्यता दिनु पर्दछ , आफ्नो धर्म र संस्कृतिको रक्षा गर्नु पर्दछ यो सर्ब नेपालीको कर्तव्य हो भन्ने कुरा देखाउन खोजेका छन्।

## ४.७ 'राधिका रोदन र अन्य कविता' कवितासङ्ग्रहको सङ्क्षिप्त विवेचना

### ४.७.१ पृष्ठभूमि

रामेश्वर अर्ज्यालद्वारा लिखित **राधिका रोदन र अन्य कविता** सामाजिक धार्मिक जीवनका घात प्रतिघातहरूको र धार्मिक एवं दार्शनिक पृष्ठभूमिमा जीवन र जगतका बारेमा गरिएका अनुभूतिहरूको अभिव्यक्ति हो । वि.सं. २०४९ मा प्रकाशित भएको यस कवितासङ्ग्रहमा नेपाली समाजका सामाजिक धार्मिक र दार्शनिक बिम्बको प्रस्तुति पाइन्छ जय भारत प्रेस वाराणसीबाट प्रकाशित भएको यस पुस्तकको मूल्य नेपाली रूपैयाँ दस राखिएको छ । कविको व्युत्पत्ति र अभ्यासले निखारिएर लेखिएको यस कवितासङ्ग्रहले समाज सुधारको आग्रह गरेको छ । कवि रामेश्वर अर्ज्यालको सामाजिक, धार्मिक व्यक्तित्वको प्रभाव उनका कृतिमा पाइएकोले त्यही व्यक्तित्व प्रभावमा यो कवितासङ्ग्रह रचना भएको देखिन्छ । अर्ज्यालको **राधिका रोदन र अन्य कविता** कवितासङ्ग्रह रचनाको मूल पृष्ठभूमि सामाजिक, धार्मिक र कवि व्यक्तित्वको प्रकटीकरणमा आधारित रहेको छ ।

### ४.७.२ 'राधिका रोदन र अन्य कविता' कवितासङग्रहको संरचना

लघु आकारका छपन्न पृष्ठ रहेको यस कवितासङ्ग्रहमा जम्मा दस वटा कविता रहेका छन् । यस कवितासङ्ग्रहमा रहेका प्रकाशकको कलम, मन्तव्य, भूमिका, लेखकको विचार, र सम्मतिका दुईशब्द कवितासङ्ग्रहका बारेमा गरिएका समीक्षा हुन् । यस कवितासङ्ग्रहमा रहेका कविताहरूमा राधिका रोदन, अनाथमा नाथ, मन नै बन्धन र मुक्ति, विचार, व्यक्तित्व, सृष्टिमा हाम्रो नै हाम्रो, मनस्थिति, आनन्द, सूर्ज्य र युवा रहेका छन् । यस सङ्ग्रहको सबैभन्दा लामो कविता 'राधिका रोदन' हो । प्रस्तुत कविता सत्तरी श्लोकमा संरचित छ भने

सबैभन्दा सानो कवितामा 'विचार' र 'सूर्ज्य' हुन् । यस सङ्ग्रहको राधिका रोदन कविता खण्डकाव्यात्मक संरचनामा संरचित लामो कविता हो । यस कवितामा करुणरसको मूल प्रवाह रहेको छ । आकारका दृष्टिले हेर्दा यो कवितासङ्ग्रह मध्यम आयाम भएको कवितासङ्ग्रह हो ।

### ४.७.३ **'राधिका रोदन र अन्य कविता' कवितासङ्ग्रहको उद्देश्य**

वि.सं.२०४६ मा प्रकाशित भएको प्रस्तुत कवितासङ्ग्रहमा सामाजिक, आध्यात्मिक, धार्मिक, विषयवस्तुलाई समेटिएका कविता सङ्कलित छन् । यस कवितासङ्ग्रहको भूमिका खण्डमा नै यस कृतिको उद्देश्यका बारेमा भनिएको छ "समाजमा सामाजिक चेतना जगाई यस भयाभह परिस्थितिबाट समाजलाई जोगाउन सकिन्छ कि भन्ने उद्देश्यका साथ यो राधिका रोदन र केही फुटकर कविताको रचना गरी पाठक समक्ष प्रस्तुत गरेको छु" लेखकको यो भनाइबाट यस कृतिको मूल उद्देश्य समाजका विकृतिलाई हटाएर आदर्श र समुन्नत समाज निर्माण गर्नु रहेको छ ।

### ४.७.४ **'राधिका रोदन र अन्य कविता'को विवेचना**

'राधिका रोदन' प्रस्तुत कवितासङ्ग्रहको प्रथम कविता हो यो कविता सत्तरी श्लोकमा रचिएको काव्यात्मक संरचना भएको लामो कविता हो । यस कवितामा कविले चरित्रलाई मुख्य स्थान दिएका छन् । सामाजमा प्रचलित अनैतिक कार्यहरू र त्यसको प्रभावलाई देखाएर प्रस्तुत कविताको रचना भएको छ । राधिकाको पतिको खराब आचरण देखाई राधिकालाई परेको दुःखको अभिव्यक्ति यस कवितामा गरिएको छ । राधिका रोदन कवितामा विषयवस्तुको सङ्केत यसरी गरिएको छ –

"छिनछिन दिन गन्दै राधिका आज रुन्छिन
अतिशय मन पोल्दा ती मरे तुल्य हुन्छिन।
घर त छ तर मेरो निम्तिमा छैन जस्तो
पति पनि मसितै छन् तर बिग्रियो भाग्य कस्तो"

(अर्ज्याल, २०४९: १४)

यस श्लोकमा राधिकाको बिग्रियको अवस्थाको चर्चा गरी कविताको विषय सङ्केत गरिएको छ, राधिका र उनको पतिको विषयलाई आख्यानात्मक ढाँचा दिएर यस कविताको रचना गरिएको छ । कवितामा पतिको आचरण सुधार्न अनेक प्रयत्न गर्दापनि सफल हुन नसकी राधिकाले अन्त्यमा जीवन समाप्त गरेको विषयलाई ज्यादै कारुणिक रूपमा प्रस्तुत गरिएको छ । यस कवितासङ्ग्रहमा भाषिक प्रयोग ज्यादै कलात्मक रहेको छ, भने वर्णमात्रिक छन्दहरूको प्रयोग गरी उच्च लायात्मक सौन्दर्यको सिर्जना गरिएको छ । वसन्ततिलका, शार्दूलविक्रीडित, उपजाति, छन्दको प्रयोग गरी छन्द प्रयोगमा पनि कुशलता अपनाइएको छ । उपमा, उत्प्रेक्षा, रूपकजस्ता अलङ्कारको प्रयोग पनि यस कवितासङ्ग्रहमा गरिएको छ । जसले कवितामा उच्च काव्यिक सौन्दर्यको निर्माण भएको छ जस्तै -

नयन सलिल झार्ने भाद्रका ती झरी झैं ।<br>
अहहह ! गति कस्तो भाग्य यस्तो दरी झैँ ।<br>
(अर्ज्याल, २०४९ : १३)

यस पङ्तिमा आँसुलाई भाद्र महिनाको झरी र भाग्यलाई दरीसँग तुलना गरिएकाले उपमा अलङ्कारको ज्यादै उच्च प्रयोग भएको छ । राधिका रोदन कवितामा अन्त्यानुप्रासको पूर्ण योजना मिलाइएकाले लयमा उच्चता प्राप्त भएको छ । कावि रामेश्वर अर्ज्यालको काव्य सधनाको उच्च कौशल यस कवितासङ्ग्रहमा देख्न सकिन्छ । विषयवर्णन, छन्द, अलङ्कार र करुणभावको समान प्रस्तुतिले यो कविता ज्यादै उच्च कोटिको रहेको छ ।

प्रस्तुत कवितासङ्ग्रहका अन्य कविताहरूमा अनाथमा नाथ, मन नै बन्धन र मुक्ति, विचार, व्यक्तित्व, सृष्टिमा हाम्रो नै हाम्रो, मनस्थिति, आनन्द, सूर्ज्य र युवा रहेका छन् । यी कवितामा मानिसको मनलाई कसरी शुद्ध बनाउन सकिन्छ सत् तत्त्व कसरी प्राप्त गर्न सकिन्छ, ईश्वरको उपासना कसरी गर्न सकिन्छ, मनको स्थिरता के गरेमा हुन्छ र युवा जागरण कसरी हुन्छ भन्ने विषयको प्रस्तुति रहेको छ ।

प्रस्तुत कवितासङ्ग्रहको 'विचार' कवितामा मानिसलाई असल बाटोमा ल्याउने मूल कुरा भनेको उसको विचार हो भन्ने कुरा प्रस्तुत गरेका छन् , विचारले मानिसको बुद्धिलाई परिष्कार गर्छ भन्ने कुरा कवितामा यसरी व्यक्त भएको छ -

विचार नै हो वलवान पार्ने

विचारले नै जन नै सपार्ने

(अर्ज्याल, २०४६ : ३३)

यस कवितामा विचारले गर्दा नै मानिस श्रेष्ठ बन्छ भन्ने कविको भाव प्रकट भएको छ। यसैगरी 'मनस्थिति' कवितामा मानिसको मन असलकार्यले मात्रै शुद्ध हुने र त्यही मानिस यदि भोगतिर लाग्यो भने कहिल्यै सुखी नहुने कुरा व्यक्त भएको छ। 'मन नै बन्धन र मुक्ति' कवितामा मनलाई नियन्त्रणमा राख्नु पर्ने यसलाई नियन्त्रणमा राखेर अगाडि बढियो भने मात्र जीवनका मूल मर्मलाई आत्मसात् गर्न सकिन्छ भन्ने भावना व्यक्त गरिएको छ। 'अनाथमा नाथ' कवितामा हजारौं दुर्गुणहरू बोकेर हिड्ने मानिसले कहिल्यै प्रगति गर्न सक्दैन र ईश्वरको कृपा प्राप्त गर्न सक्दैन भन्ने भाव व्यक्त भएको छ। पवित्र विचारले मात्र मनिस लक्ष्यमा पुग्छ भन्ने भाव यस कवितामा व्यक्त भएको छ। यसैगरी यस सङ्ग्रहको 'व्यक्तित्व' शीर्षकको कविताले व्यक्तिको आन्तरिक व्यक्तित्वका बारेमा प्रकाश पारेको छ भने 'सृष्टि सौन्दर्य' कविताले सृष्टिका रमाइला घटनाका बारेमा वर्णन गरेको छ। 'सूर्ज्य' कवितामा सूर्यले जस्तै उज्यालो ज्योति छर्न सक्नुपर्ने भाव व्यक्त भएको छ। यस कवितासङ्ग्रहको 'युवा' कवितामा युवा शक्ति र जोशका बारेमा चर्चा गरिएको छ।

### ४.७.५ 'राधिका रोदन र अन्य कविता' कवितासङ्ग्रहको शीर्षक चयन

प्रस्तुत कवितासङ्ग्रहमा सङ्ग्रहीत दस वटा कविताहरू मध्यबाट यस सङ्ग्रहको प्रथम कविता र अन्य कवितालाई जोडेर यस सङ्ग्रहको नामकरण गरिएको छ। यस कविताको शीर्षक चयन गर्दा राधिका रोदन कवितालाई लिइएको छ यो कविता यस सङ्ग्रहको सबैभन्दा लामो कविता हो। राधिका रोदन शीर्ष कविता र अन्य कवितालाई सङ्केत गर्ने अन्य शब्द चयन गरी राखिएको प्रस्तुत कवितासङ्ग्रहको शीर्षक प्रतिनिधिमूलक र सार्थक रहेको छ। यस कवितासङ्ग्रहमा वर्णित विषय प्रसङ्गबाट शीर्षक चयन गरिएकाले कविता र शीर्षक बीचको सम्बन्ध रहन गएको छ। त्यही कारणले गर्दा यस कवितासङ्ग्रहको शीर्षक सार्थक रहेको छ ।

प्रस्तुत कवितासङ्ग्रहका समग्र कविताहरूलाई हेर्दा यसमा पूर्वीय संस्कृतिमा आएको परिवर्तन र त्यसलाई रोक्न सामाजिक सचेतना सभ्य समाज निर्माणको अपेक्षा राखिएको

छ । मानिसलाई नैतिक आदर्शमय र पवित्र बनाउने कोसिस यस सङ्ग्रहमा गरिएको छ । सामाजिक आध्यात्मिक विचारको प्रतिपादन यस कवितासङ्ग्रहका कवितामा भएको देख्न सकिन्छ । सरल र ललित भाषाको प्रयोगका साथै छन्दको उच्चताले रामेश्वर अर्ज्यालको कवि व्यक्तित्वको उच्च प्रकटीकरण यस कवितासङ्ग्रहमा हुन पुगेको छ । मानवीय व्यवहार, सामाजिक स्थिति र ईश्वरप्रतिको आस्था यस कवितासङ्ग्रहको मूल केन्द्र रहेको छ । धर्म सापेक्ष सामाजिक कल्पना, युवाले अपनाउनु पर्ने विशेष नैतिक आचरण आदि कुराको उल्लेख यस कृतिमा भएको पाइन्छ । अर्ज्यालको व्यक्तित्व र कृतित्व बीचको समन्वय पनि उनका कृतिमा रहेको छ ।

## ४.८ 'सेवा सन्देश' खण्डकाव्यको सङ्क्षिप्त विवेचना

### ४.८.१ पृष्ठभूमि

**सेवा सन्देश** खण्डकाव्य रामेश्वर अर्ज्यालद्वारा रचित आठौं कृति हो । यस कृतिमा वि.सं.२०४६ तिरको नेपाली समाजमा विनाशको बाटोमा मानिसहरू कसरी घाकेलिएका छन् र त्यसबाट मानिसले कसरी मुक्ति पाउँछ भन्ने विषयमा यो कृतिको रचना गरिएको छ । समाजसेवा नै विनाश र दुर्गतिबाट मुक्त हुने उपाय हो र मानिस समाज सेवामा निस्वार्थ भावले लाग्नु पर्छ भन्ने विचार नै यो कृति सिर्जनाको पृष्ठभूमि हो । सामाजिक, धार्मिक, आर्थिक र वैचारिक पृष्ठभूमिमा यो कृतिको रचना गरिएको छ । यस कृतिमा आध्यात्मिक, चिन्तन, प्राकृतिक चित्रण, इश्वरप्रतिको आस्था प्रकट भएको छ ।

### ४.८.२ 'सेवा सन्देश' खण्डकाव्यको संरचना

यस कृतिको बाह्य संरचनालाई हेर्दा माध्यम आकारका अठ्तीस पृष्ठमा यस कृतिको आकार निमार्ण भएको छ । अगाडिका तीन पृष्ठमा क्रमश प्रतिभा पुरस्कार प्रतिष्ठानको, प्रकाशकीय टिप्पणी, लेखकको परिचय, दैवज्ञराज न्यौपानेका सम्मतिका केही शब्दहरू र लेखक स्वयम्का विचार रहेका छन् । त्यसपछिको कृतिको मूलपाठलाई जम्मा छ वटा खण्डमा विभाजन गरिएको छ । श्लोकको निर्माणमा यस कृतिमा एक रूपता रहेको छैन । कतै चार पङ्ति र कतै दुई पङ्ति गरी श्लोकहरूको निमार्ण गरिएको छ । पूर्ण श्लोक र अर्धश्लोक गरी यस कृतिमा प्रथम खण्डमा ३४ श्लोक, दोस्रो खण्डमा ४० श्लोक, तेस्रो

खण्डमा २४ श्लोक, चौथो खण्डमा २६ श्लोक, पाचौँ खण्डमा २९ श्लोक र छैटौ खण्डमा २५ श्लोक रहेका छन्  ।

यस कृतिमा चार हरफका (पूर्ण श्लोक) त्रियानब्ये दुई हरफका (अर्धश्लोक) छयासी श्लोक गरी जम्मा एक सय उनासी श्लोक रहेका छन् । श्लोक सङ्ख्यालाई हेर्दा प्रस्तुत कृति मझौला खण्डकाव्यका रूपमा रहेको छ । यस कृतिको आन्तरिक संरचना विषयवस्तु र घटनाक्रमको विकासका आधारमा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा संरचित भएको छ ।

### ४.८.३ **'सेवा सन्देश' खण्डकाव्यको विषयवस्तु**

प्रस्तुत खण्डकाव्य एउटा असल व्यक्ति विलाशी र कुलतले गर्दा कसरी दुर्गतिको खाडलमा खस्न पुग्छ र उसको दिन प्रतिदिन कसरी विनास हुन्छ भन्ने कुरालाई विषय बनाएर रचना गरिएको कृति हो । विलाशिता र कुलतले मानिसलाई दुर्गतिको बाटोतिर लग्छ भन्ने कुरालाई यस खण्डकाव्यले देखाएको छ ।यस काव्यमा सामाजिक विषयमा आध्यात्मिक विषयको मिश्रण गरी सामाजिक विषयलाई आध्यात्मिक रङ दिइएको छ । प्रस्तुत खण्डकाव्यको नायक विलाशनाथको विलाशी र कुलतले गर्दा उसले सामाजिक प्रतिष्ठा घट्न गएको छ भने उसकी श्रीमतीको अशल व्यवहार र निस्वार्थ समाजसेवाले गुमेको मान प्रतिष्ठा र धन सम्पति पुनः प्राप्त गरेको कुरालाई विषय बनाएर यस खण्डकाव्यले सानो कथावस्तुमा विषयको सङ्क्षिप्त वर्णन गरिएको  छ ।

### ४.८.४ **'सेवा सन्देश' खण्डकाव्यको परिवेश**

**सेवा सन्देश** खण्डकाव्यको परिवेश नेपाली धरातलमा अडेको छ । यस कुराको सामान्य सङ्केत प्रथम खण्डको पहिलो श्लोकमा यसरी गरिएको छ–

"नेपाली हरिया पहाडमुनिको भूमि तराईतिर
यौटा मंजुल भेगमा रहरको बस्ती थियो सुन्दर ।
राम्रो गाउँ फराक ठाउँ नजिकै बस्थिन् त्यहाँ निर्झर
फैलेका वन दूर-दूरतक छन् एकान्त छाया छरी"

(अर्ज्याल, २०४६:१)

यस श्लोकले यस खण्डकाव्यको स्थानिक परिवेश नेपालको तराई क्षेत्रको रमणीय ग्रामीण परिवेश हो भन्ने कुरालाई सङ्केत गरेको छ । यसले स्थानीय परिवेशमा नेपालको रमणीय तराईको गाउँ जहाँ नयाँ नयाँ फूलहरू फुल्ने स्थानलाई देखाएको छ । यस कृतिको कालिक परिवेश पनि कृतिको रचना हुँदाका बखतको समय हो भन्ने कुराको सङ्केत गर्छ । प्रस्तुत खण्डकाव्यको परिवेशले ग्रामीण रमणीय वातावरणलाई देखाएको छ, भने असल व्यक्ति कुलत र नराम्रो आचरणले दुर्गतिको खाडलमा जान्छ भन्ने कुरालाई देखाई त्यसबाट बच्नलाई समाज सेवा गर्नुपर्छ भन्ने प्रेरणामूलक वातावरणको चित्रण काव्यमा गरिएको छ ।

### ४.८.५ **'सेवा सन्देश' खण्डकाव्यको चरित्रचित्रण**

प्रस्तुत खण्डकाव्यमा विषयवस्तु र परिवेशअनुकूल पात्रको चयन गरिएको छ । यस खण्डकाव्यको मुख्य भूमिकामा विशालनाथ र उसकी पत्नी सरिता रहेका छन् । विशालनाथ प्रमुख प्रतिनिधि पुरुष पात्र हो भने सरिता प्रमुख नारी पात्र हो । यसले निस्वार्थ सेवा गरी चरित्रमा परिवर्तन ल्याएकी छे । विशालनाथ यस काव्यको खराव आचरण भएको र दुर्गतिमा जीवनलाई समाप्त गरेको पात्र हो । यस काव्यमा अन्य सहायक पात्रहरूमा विशालनाथको छोरा बुहारी र छिमेकी रहेका छन् । यी सबैको भूमिका खण्डकाव्यमा सहायक रहेको छ । सरिता खण्डकाव्यकी सत् पात्रका रूपमा रहेकी छे । खण्डकाव्यमा सङ्ख्याका आधारमा अल्प पात्र प्रयोग गरिएको छ । नेपथ्य सङ्केत पात्रका रूपमा यस कृतिमा विषयवर्णनका क्रममा अन्य पात्रको चर्चा पनि रहेको छ ।

### ४.८.६ **'सेवा सन्देश' खण्डकाव्यको उद्देश्य**

लेखकले कृतिको सिर्जना गर्दा कुनै न कुनै उद्देश्य राखेको हुन्छ । लेखकले व्यक्त गर्न चाहेको विचार कृतिमा प्रस्तुत भएको हुन्छ । **सेवा सन्देश** खण्डकाव्यको उद्देश्य मानिसले खराव आचरणलाई छाडेर समाज सेवा र राष्ट्रको उन्नतितर्फ लाग्नु पर्छ भन्ने विचार प्रतिपादन गर्नु रहेको छ । निस्वार्थ भावले गरेको समाज सेवाबाट आध्यात्मिक सफलता प्राप्त हुन्छ । समाजमा बस्ने हरेक व्यक्तिको सामाजिक प्रतिष्ठा हुन्छ र उसको सामाजप्रति केही उत्तरदायित्व रहेको हुन्छ । समाजप्रतिको उत्तरदायित्व पूरा गर्नलाई सेवाभाव सबैमा रहनुपर्छ यसवाट नै सबैको भलाई हुन्छ भन्ने विचार यस कृतिमा रहेको छ । यसबाट सामाजिक सेवा सन्देशद्वारा आदर्श समाजको निर्माण गर्ने उद्देश्य यस कृतिमा रहेको छ ।

### ४.८.७ 'सेवा सन्देश' खण्डकाव्यको भाषाशैली

**सेवा सन्देश** खण्डकाव्यको भाषाशैली सरल र सहज खालको रहेको छ । विषय र पात्र अनुकूलको भाषा खण्डकाव्यमा रहेको छ । तत्सम र अनुकरणात्मक शब्दको प्रयोगले लयमा सहजता सिर्जना भएको छ । तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पनि खण्डकाव्यमा रहेको छ । भाषाको लयात्मक प्रयोगका लागि वार्णिक छन्द शार्दूलविक्रीडित, अनुष्टुप्, शिखरिणी, भुजङ्गप्रयात, इन्द्रवज्रा, उपेन्द्रबज्रा उपजातिजस्ता छन्दहरूको प्रयोग गरिएको छ । उपमा, उत्प्रेक्षा, तुलना, श्लेशजस्ता अलङ्कारका प्रयोगले कलात्मक सौन्दर्य काव्यमा सिर्जना भएको छ । छन्द प्रयोगमा शास्त्रीय छन्द मात्र नभएर नयाँ गीति छन्दको प्रयोग पनि यस काव्यमा भएको छ –

"हामी हैनौं अल्छी, लाछी ललनीको राग ।
नारी वर्ग उठौ अब । जाग । जाग । जाग ॥"

(अर्ज्याल, २०४६:९)

यहाँ छन्द चेतनामा नवीन गीति लयको प्रयोग भएको छ । अन्त्यानुप्रासको प्रयोग केही स्थानमा बाहेक सबै ठाउँमा मिलेकाले यस खण्डकाव्यको लयमा सरलता सिर्जना भएको छ । शब्दहरूको वर्णनहरूको आकृतिले वृत्यानुप्रास र पदको अन्त्यमा प्रयोग भएका शब्दले अन्त्यानुप्रासको राम्रो विधान खण्डकाव्यमा रहेको देखिन्छ जस्तै -

"कामै गरी ईश्वर सृष्टि दिन्छन्
सत्कार्य गर्दाकन पूर्ण बन्दछन्
हो कर्म द्वारा जगतै बनेको
छ शास्त्रले सार यसै भनेको ।"

(अर्ज्याल, २०४६ : २०)

यसमा अन्त्यानुप्रासको प्रयोगले लयमा सहजता ल्याएको छ । भाषाशैलीमा वार्णिक र नयाँ छन्दको प्रयोगले यो कृति उत्तम रहेको छ । यस कृतिमा कविउक्ति र कवि निवद्धपात्रोक्तिको प्रयोग भएको छ ।

#### ४.८.८ 'सेवा सन्देश' खण्डकाव्य शीर्षकको सार्थकता

**सेवा सन्देश** खण्डकाव्य सेवा र सन्देश दुई नाम पदहरूबाट निर्माण भएको छ । सेवा शब्दले अरुको भलाइ गर्नु भन्ने बुझिन्छ भने सन्देशले कुनै कुराको जानकारी गराउनु भन्ने हुन्छ । खण्डकाव्यमा समाजमा दुःखी असहायको सेवा गर्नु पर्ने र त्यसबाट मानव समाजमा एउटा उपयुक्त सन्देश दिन खोजेकोले यो शीर्षक विषयवस्तुको प्रस्तुतिअनुसार मिल्ने रहेकाले सार्थक देखिन्छ । मानिसलाई सेवा रूपी सन्देश दिएकाले यो काव्यको शीर्षक सार्थक रहेको छ ।

यसरी प्रस्तुत खण्डकाव्य सामाजिक, धार्मिक विषयमा आधारित मध्यम आयाम भएको खण्डकाव्य कृति हो । यस कृतिमा एक जना विशालनाथ व्यक्ति कसरी दुर्गतिमा पुग्यो र त्यसबाट बच्न के गर्नु पर्छ भन्ने कुरालाई प्रस्तुत गरी सेवा नै मानव धर्म हो भन्ने विचार प्रस्तुत गरेको छ । आजको मान्छेको मूल मानवीय धर्म भनेको समाजसेवा हो भन्दै यस काव्यमार्फत समाजसेवा र असहायको सेवा गर्नुपर्छ भन्ने सन्देश दिएको छ । संरचना विषयवस्तु, पात्रप्रयोग र भाषाशैली आदिमा पनि यो काव्य उत्कृष्ट रहेको छ । छन्द र लय विधानमा **सेवा सन्देश** खण्डकाव्य ज्यादै उत्कृष्ट रहेको छ ।

## ४.९ दैनन्दिनीका केही पृष्ठ कृतिको संक्षिप्त विवेचना

### ४.९.१ पृष्ठभूमि

रामेश्वर अर्ज्यालद्वारा रचना गरिएको **दैनन्दिनीका केही पृष्ठ** दैनिकी निबन्धात्मक ग्रन्थ हो । वि.सं. २०४८ मा प्रकाशित यस कृतिलाई लेखकको नवौं कृतिको पङ्क्तिमा फेला पार्न सकिन्छ । डिमाइ साइजको प्रस्तुत कृति ३५५ पृष्ठमा बाँधिएको छ । लेखकका आफ्नै माता पिताप्रति समर्पण गरिएको प्रस्तुत कृतिभित्र कुलचन्द्र कोईरालाको प्राक्कथन लेखक स्वयम्कै केही शब्द आफ्नै तर्फबाट जस्ता भूमिकाहरू रहेका छन् । विषयसूचीको ढाँचामा प्रस्तुत गरिएको यस कृतिमा अठार वटा मूल शीर्षक र त्यसभित्रका अन्य उप-शीर्षकअन्तर्गत पाठहरू प्रस्तुत गरिएको छ । प्रस्तुत कृतिलाई सर्सति नियाल्ने हो भने यसमा लेखक अर्ज्यालले दैनिकीलाई मात्र प्रस्तुत नगरी दैनिकीसँग सम्बन्धित साथै असम्बन्धित फुटकर निबन्धात्मक रचनाहरूलाई पनि समावेश गरेका छन् ।

४.९.२. **बिषयवस्तुको प्रस्तुतीकरण**

प्रस्तुत कृतिको पहिलो रचनाको रूपमा 'वंशपरिचय' रहेको छ । सात पृष्ठमा लम्बिएको यस रचनाले रामेश्वरप्रसाद अर्ज्यालको पुस्तौँदेखिको वंश परम्परालाई प्रस्तुत गरेको छ । विशेष गरी अर्ज्याल वंश गोर्खाका द्रव्य शाहको पाला भन्दा पनि पहिलेदेखि दरबारियाहरूको ज्योतिषी एवम् मूल पूजारीका रूपमा रही आएको कुराहरू प्रकाश पारिएको छ । यस खण्डमा पृथ्वीनारायण शाहको पालाका आदि महाकवि उदयानन्द अर्ज्यालका वंशज रामेश्वर अर्ज्यालका वंशहरूको परिचय रहेको छ ।

प्रस्तुत कृतिको दोस्रो रचना 'बाल्यकालको सम्झना' शीर्षकमा प्रस्तुत छ । यो एक संस्मरणात्मक रचना हो । यसमा लेखक पाँच वर्षको हुँदादेखि उनको व्रतबन्ध तथा विवाहको घटना र उनका ससुराको स्वर्गवाससम्मको घटनालाई प्रस्तुत गरिएको छ साथै उनले आफ्नो विवाहको प्रसङ्गलाई पनि यसैमा समेटेका छन् । उनको जीवनको महत्त्वपूर्ण समय पनि यही बाल्यकाल थियो जुन बेला उनले जीवनको पहिलो कविताको रचना गरेका थिए । उनका बाल्यकालका थुप्रै तीता मीठा कुराहरू उनले यस रचनामा समावेश गरेका छन् ।

**दैनन्दिनीका केही पृष्ठ** दैनिकीमा रहेको 'जागिर खाने धुनमा' शीर्षकको रचना बढी दैनिकीपरक ढाँचामा लेखिएको रचना हो । यसपछिका रचनाहरू नियमित र अनियमित रूपमा दैनिकीका ढाँचामा प्रस्तुत भएका छन् । यसमा आएका दैनिकीरूपी रचनाहरू वि.सं. १९९३ आश्विनदेखि २०४३ पौषसम्मका महत्त्वपूर्ण दैनिकी रहेका छन् । यस दैनिकीमा उनले जागिर खानको लागि धेरै दुःख र हण्डरहरू पाए तर स्मरण रहोस् जीवनभर उनले जागिर खाएनन् ।

'घरपरिवारको कुरा' शीर्षकको रचनामा वि.सं. २००२ देखि वि.सं. २००६ सम्मका घरायसी कुराहरूको वर्णन गरिएको छ । त्यसै गरी 'ढोंगीसाधु' भन्ने रचनामा वि.सं. २००३ मार्ग ३ गते विवाहपञ्चमीको अवसरमा जनकपुरको मेला हेर्न गएको र त्यहाँको साधुसँगको तीक्त अनुभवको बारेमा लेखिएको छ । अर्को रचना 'बंगाली महात्मा' वि.सं. २००३ पौष ८ गते बंगाली महात्मासँग भेट गरेको र उनीसँग द्यिताल गुरुको शास्त्रार्थ भएको कुरा उल्लेख छ । 'राजनीतिमा प्रवेश' शीर्षकको लेखमा वि.सं. २००३ मा गठन भएको नेपाल

राष्ट्रिय काङ्ग्रेसमा सदस्यता लिएर काम गर्न थालेको चर्चा  छ । 'समाज सेवातर्फको झुकाव' शीर्षकको लेखमा लेखकले वि.सं. २००६ देखि आफू समाजसेवामा जागरूक भएको कुरा उल्लेख गरेका छन् । जुन समयमा उनले थुप्रै सामाजिक कार्यहरू सम्पन्न गरेको पाइन्छ । 'सात सालको सेरोफेरो' भन्ने लेखमा राजनीतिक बिषयलाई उठाईएको छ । त्यो समयमा राणाहरूद्धारा गरिएको अनैतिक तथा क्रुर व्यवहारको चर्चा यसमा गरिएको पाइन्छ । राणाशासनको समयमा राणाहरूले जनताहरूलाई गरेको अन्याय, अत्याचार मात्र नभएर उनीहरूको निरङ्कुशताको वर्णन गरिएको छ । 'ग्राम सुधारको पाइलो' रचनामा आफ्नो गाउँ सुधार गर्न कमिटी गठन गरी काम थालेको चर्चा गरिएको छ । गाउँमा बाटोघाटो खोल्ने, विद्यालयहरू निर्माण गर्ने जस्ता कार्यहरूको चर्चा यसमा गरिएको छ । 'नेपाली काङ्ग्रेसदेखि राष्ट्रिय प्रजा पार्टीसम्म' लेखमा यी दुवै पार्टीका असल-खराव चरित्रको वर्णन गरिएको पाइन्छ । यसका साथै उनी सुरूमा नेपाली काङ्ग्रेस र पछि राष्ट्रिय प्रजा पार्टीमा आवद्ध रहेर काम गरेको जानकारी यस शीर्षकमा दिइन्छ । 'सल्लाहकार सभामा रहँदा' शीर्षको लेखमा वि.सं. २०११ वैशाख २५ गतेको राजदरबारको पत्रअनुसार आफू राजदरबार सल्लाहकार सभाको सदस्य पदमा नियुक्त भई सेवा गरेको चर्चा छ । 'राष्ट्रिय प्रजा पार्टीको विलय' शीर्षकको लेखमा वि.सं. २०१३ वैशाख २० गतेदेखि वि.सं. २०१७ गते आषाढ २० गते सम्मका मूलभूत घटनाहरूको चर्चा गरिएको छ । 'अध्यात्मतिरको बाटो' शीर्षको लेखमा वि.सं. २०१७ पौष १ गतेको प्रजातन्त्रमाथिको शाही प्रहारपछि आफू राजनीतिबाट सन्यास लिई अध्यात्मतिर लागेको चर्चा गरिएको छ । रामेश्वर अर्ज्यालको मूल विचार आध्यात्म थियो । यसै कृतिमा रहेका 'बहुदलको सपना' लेखमा वि.सं. २०३६ सालको राजनीतिक घटनाको कुरालाई प्रस्तुत गरिएको छ । यस समयमा राजनीतिक दल र जनताको बहुदलप्रतिको सपना रहे पनि शासकहरूले त्यो साकार हुन नदिएको कुरा उल्लेख छ ।

यस क्रमको सत्रौं रचना 'सनातन धर्म सेवा समिति-भित्र केही वर्ष' शीर्षक भित्र चिन्तनका चौतारीमा, गायत्री अनुष्ठानको प्रसङ्ग व्रतबन्धको प्रसङ्ग र 'काठमाडौं यात्रा' उही गोरखधन्दा, चारधाम यात्रा प्रसङ्ग, आफ्नै घरसंसारभित्र, फेरि एकपल्ट हरिद्धारसम्म आफ्नै सेरोफेरो, विन्ध्याचलमा यज्ञ साधना र रोगको आक्रमणजस्ता लेखहरू प्रस्तुत छन् । यी लेखहरूमा लेखक सनातन धर्म सेवा समितिमा रहेर गरेका विविध सेवा कार्यको चर्चा गरिएको छ ।

यस पुस्तकको अन्त्यतिर अनुसूची दिइएको छ ।  यसमा 'सप्तरी वरमझिया क्याम्प २००७ साल' शीर्षकमा रचना प्रस्तुत छ । यसमा लेखक वि.सं. २००७ को जनक्रान्तिमा लागेका र पक्राउ  परी छुटेर फेरि सङ्गठनतिर सक्रिय भएको कुरा प्रस्तुत छ । त्यसैगरी पुस्तकको अन्त्यमा रामेश्वरप्रसाद अर्ज्यालको सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व, धार्मिक व्यक्तित्व र पारिवारिक व्यक्तित्वको चर्चा गरिएको छ र रामेश्वरप्रसाद अर्ज्यालको वंशपरिचयको वृक्षरेखा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत पुस्तकले एकातिर दैनिकीको स्वरूप ग्रहण गरेको छ भने अर्कोतिर निबन्धको साहित्यिक आस्वादन पनि भरेको छ । यसै सन्दर्भमा लेखक स्वयम्‌को भनाइ यस्तो छ -

"यो साहित्य हो र होइन पनि उच्च साहित्य भने अवश्यै होइन । म एउटा सामान्य व्यक्तिका व्यक्तिगत अनुभव दैनिक कृयाविवरण, यसले अरूलाई केही देला भनेर छाप्ने रहर गरेको होइन । जे भयो त्यो अतितका गर्भमा बिलाइसकेको छ । यसलाई सम्झेर के फाइदा ? भन्ने पनि लागेको होइन ।" (अर्ज्याल,२०४८ : छ) ।

यसरी व्यक्तिगत घटनामा आधारित दैनिकीलाई प्रकाशन गरी सार्वजनिक गराउन लेखक अर्ज्याल हिच्किच्याए पनि प्रस्तुत पुस्तक अध्ययन गर्दा कतै पनि पट्यार लाग्ने छैन बरु गतिशील जीवनको अनवरत यात्रामा हिँडे जस्तो लाग्छ । रामेश्वर अर्ज्याल एउटा सम्पन्न परिवारमा जन्मेर हुर्केका उनलाई मोजमज्जा गर्ने प्रशस्त अवसरहरू भएर पनि सामाजिक कार्यकर्ता, राजनीतिक कार्यकर्ताको रूपमा उनको योगदान महत्त्वपूर्ण रहेको देखिन्छ । यसका साथै उनको साहित्यिक योगदानको उल्लेख्य महत्त्व रहेको देखिन्छ ।

समग्रगमा भन्नु पर्दा **दैनन्दिनीका केही पृष्ठ** एउटा अनुभवी साधकद्वारा रचना गरिएको कृति हो । यसमा लेखकको जीवनचर्चाका घटना कोरा रूपमा नआएर एउटा विगत कालखण्डको धार्मिक, सांस्कृतिक, सामाजिक एवम् राजनीतिक प्रतिबिम्बको रूपमा देखा परेको छ, भने यसमा रामेश्वरप्रसाद अर्ज्यालको समाजसेवा भाव पनि ज्वलन्त रूपमा प्रकट भएको देखिन्छ ।

यस दैनिकीको उद्देश्य रामेश्वर अर्ज्यालका जीवनका महत्त्वपूर्ण पाटाहरूको विवरण दिने रहेको छ । उनले आफ्नो जीवनमा घटेका घटनाहरूलाई कालक्रमिक रूपले यस **दैनन्दिनीका केही पृष्ठ** भन्ने कृतिमा लेखेका छन् । जसबाट उनको घर-परिवार, जीवनका हरेक अवस्थाको विवरण पाइन्छ । उनले जीवनमा देखेका, सुनेका र भोगेका कुराहरूको बाहुल्य यस दैनिकी निबन्धमा रहेको छ ।

## ४.१० 'ॐ अजातवाद' कृतिको सङ्क्षिप्त विवेचना

### ४.१०.१ पृष्ठभूमि

प्रस्तुत **ॐ अजातवाद** पूर्वीय दार्शनिक चिन्तनमा आधारित पुस्तक हो । यो पुस्तक वि.सं. २०५४ मा रचना गरी सोही बर्ष लेखकका पुत्र डा. प्रकाश अर्ज्यालद्वारा प्रकाशित भएको हो । जम्मा ८१ पृष्ठमा संरचित यस पुस्तकमा लेखकको प्राक्कथन, प्रकाशकको प्रकाशकीय तथा डा. हरिभक्त न्यौउपानेको भूमिकासमेत समावेश गरिएको छ ।

### ४.१०.२ 'ॐ अजातवाद' कृतिको आन्तरिक संरचना र वस्तुविन्यास

आन्तरिक संरचनाको दृष्टिले हेर्ने हो भने प्रस्तुत पुस्तकमा तीन मूल भाग छन् । तीन भागहरू-

(१) अजातवाद के हो ?

(२) वेदान्त दर्शन के हो ?

(३) चैतन्य कारणवाद के हो ? भन्ने शीर्षकमा रहेका छन् ।

अजातवाद के हो ? शीर्षकअन्तर्गत अजातवादको परिचय, यसको उपासना, ज्ञानविषयक चर्चा, ज्ञानको व्याप्य व्यापकता विश्वात्मा, पाप र पूण्य र वेदका बारेमा चर्चा गरिएको छ ।

यसको दोस्रो शीर्षक हो वेदान्तार्थ दशर्न के हो ? यस अन्तर्गत आधिकारिक निर्णयको चर्चा गरिएको छ जसमा प्रख्यात विद्धान्हरूको विचारहरूलाई स्थान दिइएको छ । त्यसपछि गुरुशक्तिका बारेमा चर्चा गरिएको छ । यसमा तत्त्व ज्ञान प्राप्त गर्नका लागि ब्रह्मानिष्ठ क्षेत्रीय गुरुसँग जानुपर्छ भन्ने मूल मान्यतालाई प्रस्तुत गरिएको छ । त्यसपछि तत् पदार्थ

तथा तत् पदार्थको शोधन विषयमा चर्चा गरिएको छ । यसमा तत्त्वमसि महावाक्यको चर्चा गरिएको छ । यस अनुरूप तत् त्वं असि यी तीनै पदको ठीक अर्थ नबुझी महावाक्यको अर्थ बुझ्न सकिँदैन भन्ने सत्यलाई उद्घाटन गरिएको छ । तत् र त्वं दुवै पदार्थको एकता भएपछि मात्र पदको अर्थ बुझ्न सजिलो हुन्छ भनिएको छ । त्यसपछि विरोध परिहार र समन्वयको चर्चा गरिएको छ । यसका लागि परमार्थको ज्ञान हुनु जरूरी हुन्छ । परमार्थ वस्तुमा शास्त्र र लोकदेखि जुन विरोध प्राप्त हुन्छ त्यसको परिहार हुनु पर्ने मान्यता यसमा प्रस्तुत छ । यसपछि साधना र फलको चर्चा गरिएको छ । साधना र फल पश्चात् शास्त्र र प्रकरणको बारेमा चर्चा गरिएको छ । वेदान्तार्थ दर्शनको अन्त्यमा वेदको अर्थ हो, ज्ञान शीर्षकमा ज्ञानविषयक व्याख्या गरिएको छ ।

यस कृतिको तेस्रो भागमा चैतन्य कारणवादको निष्कर्षलाई प्रस्तुत गरिएको छ । चैतन्य कारणवादको निष्कर्ष चार छन् भन्ने कुरालाई यस कृतिमा यसरी देखाइएको छ- (१) जगतको कारण जड होइन, (२) जगतको कारण चैतन्य अद्वितीय हुन्छ, (३) चैतन्य अपरिमाणी हुन्छ र (४) चैतन्य केवल प्रत्यगात्मा हुन्छ । यिनै विषयमा चर्चा गर्ने क्रममा प्रवृक्ति र निदृत्ति का विषयमा लामो व्याख्या गरिएको छ ।

यसमा ज्ञान विना मुक्ति हुन्न भन्ने वेदान्त दर्शनका प्रमुख दुई सिद्धान्तलाई आधार मानिएका छन् । ती हुन जातवाद र अजातवाद जातवादका पक्षधर योगवशिष्ठयका प्रणेता महर्षि वशिष्ठ हुन । त्यसैगरी ब्रह्माको रहस्य बुझ्न नसकेर नेति-नेति अर्थात होइन-होइन भन्दै निर्गुण ब्रह्मा चाहि श्रेष्ठ रूप हो । यो निराकार छ (शर्मा, २०५६ : ५२) । भनिएको छ । यसरी जातवाद र अजातवाद हाम्रा प्राचीन उपनिषदकै पूर्ववाद र नैसवादका प्रमुख तत्त्व हुन भन्न सकिन्छ । जातवाद सांसारिक दुःखमय जीवन हो भने अजातवाद परम सुख र आनन्दमय अवस्था हो । साधकले मनन गरी चिन्तन मुद्रामा लिन सक्ने साधनाका मुलतः दुई पाटाहरू छन्, भौतिक र आध्यात्मिक । भौतिकलाई जातवाद भनिन्छ भने आध्यात्मिकलाई अजातवाद भनिन्छ । वास्तवमा दृश्य जगत् र अदृश्य जगत् यी दुबैको अलग-अलग अस्तित्व हुन्छ । जुन दृश्य जगत् छ, र त्यो जातवाद हुन्छ भने जुन अदृश्य जगत् छ त्यो अजातवाद हुन्छ । प्रस्तुत **ॐ अजातवाद** पुस्तकमा लेखक अर्ज्यालले अजातवादलाई सारसङ्क्षेपमा उन्नाइस वटा बुँदामार्फत प्रस्तुत गरेका छन् ।

यस ग्रन्थमा प्रस्तुत गरिएको अजातवाद पक्ष धेरै गहन छ । प्रारम्भमा जातवाद र अजातवादका दुई पाटाहरू दिग्दर्शन गराई विषयवस्तुलाई अँगाल्ने प्रयास गरिएकाले यसको गम्भीरताको आँकलन गर्न सकिन्छ । प्रस्तुत कृति आकारमा त्यति ठूलो छैन तापनि यसले बृहत् विषयको उद्घाटन गरेको छ । वेदान्त दर्शनका दुई प्रमुख सिद्धान्तलाई सँगै राखेर प्रमुख एक सिद्धान्त अजातवादको दार्शनिक आधारका साथ सैद्धान्तिक मापन गर्नु र सरल भाषा शैली मार्फत जिज्ञासु पाठकमाझ ल्याइपुऱ्याउनु लेखक रामेश्वर अर्ज्यालको नेपाली वाङ्मयप्रति ठूलो योगदान हो भन्न सकिन्छ ।

प्रस्तुत पुस्तक पाण्डुलिपिका समयमा अजातवादको दार्शनिक चिन्तन नाममा रहेको कुरा यस पुस्तकका भूमिका लेखक डा. हरिभक्त न्यौपानेद्वारा लिखित भूमिकाबाट थाहा लाग्छ, तर पुस्तकका रूपमा प्रकाशित हुँदा भने **ॐ अजातवाद** भनी प्रकाशित छ । यसबाट के बुझ्न सकिन्छ भने रामेश्वर अर्ज्याल पूर्वीय दर्शनका एक जिज्ञासु अध्येता मात्र थिए भन्ने ज्ञान हुन्छ । उनले प्रस्तुत पुस्तकमा लेखकको धारणा दिने क्रममा यस्तो विचार राखेका छन:-

"ज्ञान वा प्रज्ञानको स्थिति नै मुक्ति भए पनि त्यहाँसम्म पुग्न पहिले वैराग्य चाहिन्छ। त्यसका पनि दुईवटा बाटाहरू छन्, जुनः योगसमाधी र ज्ञानसमाधी । ज्ञान समाधीको बाटो हिँडेर लेखक स्वयंलाई र जिज्ञासुहरूलाई भवसागरका विविधताबाट छुटाई मोक्षमार्ग पहिल्याउन सजिलो होस् भन्ने उद्देश्यले केही प्राप्त ज्ञानानुभावहरू सँगालेर यो ग्रन्थ लेख्ने विचार गरेको हुँ" (अर्ज्याल, २०५४ : भूमिकाबाट) ।

समग्रमा भन्नु पर्दा अर्ज्यालको प्रस्तुत पुस्तक उनको पूर्वीय आध्यात्मिक चिन्तन मननको प्रतिफल हो, जुन नेपाली वाङ्मयमा अमूल्य निधिको रूपमा रहने कुरामा विश्वस्त हुन सकिन्छ ।

रामेश्वरप्रसाद अर्ज्यालको यस **ॐ अजातवाद** भन्ने कृतिको मुख्य उद्देश्य उनमा रहेको दार्शनिक आध्यात्मिक विचारको प्रकट गर्नु रहेको छ । यसरी अर्ज्यालले गहन विषयवस्तुमा कलम अगाडि बढाई दार्शनिक र अध्यात्मज्ञानलाई अध्ययन, मनन, चिन्तन र अनुभवद्वारा आफ्नो अभिव्यक्ति जिज्ञासु पाठकसमक्ष छर्लङ्ग पारेका छन् । भौतिक शारीरिक र भौतिक चिजहरू सबै असत्य हुन्, जबसम्म हामी यिनलाई सत्य मान्दछौँ, तबसम्म दुःख हुन्छ ।

आत्माको स्वरूपलाई जानेपछि मात्र मान्छेले मुक्तिको र सुखको अनुभूति गर्दछ । त्यसैले उनले पाठकलाई यो भौतिक संसारबाट माथि उठेर आध्यात्मिक एवम् दार्शनिक चिन्तनमा अभिप्रेरित हुन आव्हान गरेका छन् ।

रामेश्वरप्रसाद अर्ज्यालका  कविता, काव्य, निबन्ध दैनिकीको विवेचना गर्दा समग्रमा उनका कृतिमा सामाजिक धार्मिक नैतिक आध्यात्मिक र समाजसेवाको आदर्श भाव व्यक्त भएको छ । उनी मानिसलाई आदर्शमय र नैतिक बनाउने काम आफ्ना कविता र काव्यमार्फत गर्दछन् भने वैचारिक दर्शनको प्रतिपादन निबन्धहरूबाट गरेका छन् । दार्शनिक विचारको प्रस्तुति उनको दार्शनिक विमर्श कृतिबाट भएको छ । धर्म सापेक्ष सामाजिक आदर्श र नैतिक आदर्शमय व्यक्तित्व निर्माणमा जोड दिनु नै रामेश्वरप्रसाद अर्ज्यालका समग्र कृतिको निचोड रहेको छ ।

# पाँचौ परिच्छेद
# शोधनिष्कर्ष

## ५.१ निष्कर्ष

रामेश्वर अर्ज्यालको जन्म वि. सं. १९७७ आषाढ शुक्ल चतुर्दशीका दिन वैरवा सप्तरीमा भएको हो । उच्च स्तर कुलीन ब्राह्मण परिवारमा जन्मेका रामेश्वर अर्ज्यालको बाल्यकाल सुखपूर्वक बितेको थियो । अनौपचारिक रूपमा उनले अक्षराम्भ सात बर्षको उमेरमा घरमै नै गरेका थिए । आठ कक्षासम्मको अध्ययन र वेदादि पुस्तकको अध्ययन वैरवास्थित घरमै वि.सं. १९९१ मा आठ र नौ कक्षासम्मको अध्ययन आदर्श विद्यालय विराटनगरमा, वि.सं. १९९६ मा साहित्य विशारद डिग्री-दरभंगा भारतबाट र २००६ सालमा वि. ए. एम. एस होमियोप्याथी चिकित्सकशास्त्र पनि भारतको दरभंगाबाट पूरा गरेका थिए । पिता कृष्णप्रसाद उपाध्याय र माता नर्मदादेवीको संरक्षकत्वबाट यिनको लालन पालन र शिक्षादिको व्यबस्था भएको थियो । वि. सं. १९९३ साल फाल्गुण २७ गते १६ बर्षको उमेरमा तीर्थराज उपाध्याय रिजाल र तीर्थ कुमारीकी कान्छी सुपुत्री १३ बर्षकी इन्द्रछायासँग यिनको विवाह सम्पन्न भएको थियो । रामेश्वर अर्ज्यालका सन्ततिका रूपमा चार छोरा र दुई छोरी रहेका छन् । औपचारिक अध्ययन पूरा गरेपछि पनि उनले घरमा नै प्रशस्त स्वअध्ययन गरेको बुझिन्छ । रामेश्वर अर्ज्याल सानैदेखि धार्मिक तथा आध्यात्मिक विचारधारा भएका व्यक्ति थिए । समाजसुधार यिनको प्रमुख उद्देश्य थियो । समाजमा भएका कुरीति र कुसंस्कारहरूलाई हटाउन यिनले निकै ठूलो भूमिका खेलेको पाइन्छ । जीवनमा जागिरे पेशामा नलागे पनि यिनले आफ्नो पूरै जीवन समाजसेवा र राजनीति क्षेत्रमा लगाएर बिताए ।

यिनले आफ्ना पिता कृष्णप्रसाद अर्ज्यालबाट गायत्रीमन्त्र, देवीशिक्षा र सन्यासी गुरुबाट योगमन्त्र र साधना, गुरु त्रिलोचन धितालबाट अजपा मन्त्र, वेद मन्त्र ग्रहण गरेका थिए । यिनले औपचारिक र अनौपचारिक दुवै थरीको शिक्षा ग्रहण गरेको पाइन्छ । यिनले मुख्य रूपमा समाजसेवा, राजनीतिक र साहित्यिक योगदान पुचाएको पाइन्छ । यसरी हेर्दा रामेश्वर अर्ज्याल बहुआयामिक व्यक्तित्वका रूपमा देखा पर्दछन् । समाजसेवालाई मूल

उद्देश्य बनाएर आध्यात्मिक जीवनको बाटोमा लाग्ने प्रेरणादायी व्यक्तित्व रामेश्वर अर्ज्यालमा रहेको छ ।

समाजमा शिक्षाको ज्योति जगाउने कुशल शिक्षक, गाउँमा बाटोघाटो लगायत अन्य सुधारका कार्यहरूमा सक्रिय रहने एक समाजसेवी, प्रजातन्त्रप्रेमी नेता, आध्यात्मलाई जीवनको सही बाटो देख्ने आध्यात्मबादी चिन्तन, धार्मिक अनुष्ठान गर्ने गराउने, धर्मका उपासक, नैतिक र चरित्रवान् बन्ने प्रेरणा दिने प्रेरणादायक आदि उनका व्यक्तित्वका आयामहरू हुन् । यी सबै पक्षहरूको अध्ययन गर्दा मूलतः समाजसेवातर्फ बढी समर्पित समाजसेवी व्यक्तित्व उनको जीवनको माथिल्लो तहको व्यक्तित्व हो भने साहित्यिक व्यक्तित्व पनि उत्तिकै प्रखर रूपमा रहेको छ । उनले जीवनमा जे जति कार्यहरू गरेका छन् ती सबै स्वच्छ र निस्वार्थ सेवाभावबाट गरेको पाइन्छ भन्ने कुरा उनैले जीवनमा गरेका सेवामूलक कार्यहरूबाट थाहा पाइन्छ । उनका जीवनका अन्य पाटाहरूमा कहीँ न कहीँ सेवा र निस्वार्थता झल्केको पाइन्छ । बास्तविक सेवा निस्वार्थ हुनु पर्दछ भन्ने उनको सोचाई रहेको पाइन्छ र यसैबाट उनले आध्यात्मिक सुख पनि प्राप्त गरेको बुझिन्छ । मानिस भएर पृथ्वीमा जन्मेपछि मानवधर्म निभाउनु पर्दछ, समाजको सेवा गरेर जीवनमा असल कामहरू गरेर मान्छेले आफ्नो मानवधर्म निभाउनु पर्दछ भन्ने यिनको विचार रहेको छ ।

रामेश्वर अर्ज्याल समाजसेवामा मात्र अग्रसर थिएनन् । उनी राजनैतिक, साहित्यिक, आध्यात्मिक सबै क्षेत्रमा सफल व्यक्तित्व भएको पाइन्छ । उनी बहुआयामिक व्यक्तित्व भएका असाधारण व्यक्ति भएको पाइन्छ । रामेश्वर अर्ज्यालले चौध बर्षको उमेरदेखि कविता लेख्न थालेका हुन् । उनको पहिलो कविता आध्यात्मिक विचारधाराबाट प्रेरित रहेको छ । उनले चौध बर्षको उमेरमा पहिलो कविता लेखेको भए तापनि प्रकाशन दृष्टिकोणले धेरै पछि वि.सं. २०३५ मा **तत्त्व विज्ञान माला** (कवितासङ्ग्रह) प्रकाशन भएको पाइन्छ । यो कवितासङ्ग्रह वृजकुमार प्रेस वाराणसीले वि.सं. २०३५ मा प्रकाशन गरेको पाइन्छ । त्यसपछि क्रमैसंगै **जनात्म पुकार,** यो मैथिली र नेपाली भाषाको कवितासङ्ग्रह हो वि.सं. २०३५ मा प्रकाशित भएको छ । त्यसपछि **विचारर्शन** निबन्धसङ्ग्रह वि.सं. २०३७ मा प्रकाशित, **परिवर्तन** (खण्डकाव्य) वि.सं. २०४२, **उद्गार** (कवितासङ्ग्रह) वि.सं. २०४४, **शिव मधुके भाग्यक रेखा** (काव्य मैथिली भाषामा) वि.सं. २०४५, **राधिका रोदन र अन्य**

**कविता** (काव्य र कविता) वि.सं. २०४६, **सेवा सन्देश** (खण्डकाव्य) वि.सं. २०४६, **दैनन्दिनीका केही पृष्ठ** (दैनिकी) वि.सं. २०४८ र उनको अन्तिम कृति **ॐ अजातवाद -** दार्शनिक विमर्श) वि.सं. २०५४ गरी जम्मा दशवटा कृतिहरू प्रकाशन भएका छन् ।

रामेश्वर अर्ज्यालका सबै कृतिहरू समाजसेवा उपदेशमूलक र धार्मिक भावनाबाट प्रेरित रहेका छन् । समाजमा बढ्दै गइरहेको गलत आधुनिकता र नव यौवनाहरूले कसरी आधुनिकताको नाममा कु-संस्कार फैलाइरहेका छन्, त्यसबाट सामाजलाई जोगाउन सु-संस्कृति र आध्यात्मिकतातर्फ लाग्न कवि अर्ज्यालले सबैलाई प्रेरित गरिरहेका छन् । धर्मप्रति आस्था र बिश्वासमा आएको कमी र यसले ल्याएको गलत सोच नैतिकतामा आएको ह्रास समाजमा देखिएका विसङ्गति विकृतिहरूबाट समाजलाई जोगाउनु पर्दछ भन्ने भावना कविताका माध्यमबाट कविले व्यक्त गरेका छन् ।

अर्ज्यालले आफ्नो जीवनमा थुप्रै सामाजिक कार्यहरू गरेका छन्, जसबाट आध्यात्मिक सुख प्राप्त गरेको उनको विचार पाइन्छ । उनले जीवनमा थुप्रै धार्मिक अनुष्ठानहरूको आयोजना गरेका थिए, थुप्रै विधालयहरूको स्थापनामा सहयोग गर्नु, समाजमा भएका अन्यायका विरुद्ध न्याय दिनु जस्ता सामाजिक कार्यहरू पनि यिनले गरेका छन् । रामेश्वर अर्ज्याल समाजसेवामा मात्र संलग्न थिएनन् । उनी राजनैतिक नेताको रूपमा पनि आफ्नो अमिट छाप राख्न सफल थिए । वि.सं. २००४ देखि राजनीतिमा प्रवेश गरेका अर्ज्याल अत्यन्त सक्रिय रहेर कार्य गरेको पाइन्छ । गान्धीवादी दर्शनको विशेष प्रभाव यिनमा परेको थियो । नेपाली काङ्ग्रेसका नेता वि.पि. कोइराला, तुलसी मेहरहरूसंग यिनको घनिष्टता भएको पाइन्छ । प्रजातन्त्र ल्याउनका लागि राणा शासनविरुद्ध संगठन विस्तारमा सप्तरी जिल्लामा निकै सक्रिय रूपमा यिनी लागिपरेका थिए ।

रामेश्वर अर्ज्यालको हरेक क्षेत्रमा उनलाई सक्रिय बनाउनमा उनकै सहधर्मिणी श्रीमती इन्द्रछाया अर्ज्यालको ठूलो योगदान रहेको पाइन्छ । अर्ज्यालको बहुआयामिक प्रतिभाको स्फुरणमा, समाजसेवाका हरेक क्षेत्रमा उनकी पत्नी इन्द्रछाया अर्ज्यालको प्रेरणा र हौसला रहेको कुरा थाहा हुन्छ ।

रामेश्वर अर्ज्यालका कृतिहरू नैतिक र समाजसेवाबाट प्रेरित पाइन्छन् । उनले नेपाली र मैथिली भाषामा पनि कविताहरूको रचना गरेका छन् । अर्ज्याल बहुआयामिक भएका प्रतिभावान् व्यक्तित्व हुन् । साहित्यका विविध विधाहरू जस्तै कविता, खण्डकाव्य, निवन्ध, दैनिकी र दार्शनिक विमर्श जस्ता क्षेत्रमा यिनको कलम सफलतापूर्वक चलेको  देखिन्छ । यिनका हरेक साहित्यिक रचनाहरू आध्यात्मिक भावनाबाट प्रेरित र सेवामूलक सन्देश बोकेका छन् ।

यसरी रामेश्वर अर्ज्याल आफ्ना पुर्खा आदिमहाकवि उदयानन्द अर्ज्यालको प्रेरणा र प्रभाव स्वरूप अगाडि बढेको देखिन्छ । साहित्य विशारदसम्म प्राप्त बहुआयामिक व्यक्ति अर्ज्यालका कृतिहरूले सामाजिक र आध्यात्मिक क्षेत्रका लागि मार्ग निर्देशकको काम गरेको पाइन्छ । उनका रचनाहरूले समाजलाई नैतिक र आदर्शको बाटोमा डोऱ्याउने सन्देश दिएका हुन्छन्  । सानैदेखि अत्यन्त प्रतिभावान् व्यक्ति अर्ज्याल समाजका हरेक क्षेत्रमा सम्लग्न रहेका बहुआयमिक व्यक्तित्व हुन् । उनका कृतिमा सामाजिक, राजनैतिक, धार्मिक, वैचारिक विषयको राम्रो प्रतिपादन भएको छ ।

## ५.२ सम्भावित शोधशीर्षकहरू

रामेश्वर अर्ज्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण तथा थप अनुसन्धान गर्दा प्रस्तुत शोधपत्रलाई आधार बनाई उनका विषयमा निन्नलिखित शोधशीर्षकहरूमा शोधकार्य गर्न सकिन्छ :-

१ रामेश्वर अर्ज्यालका खण्डकाव्यहरूको कृतिपरक अध्ययन ।

२ रामेश्वर अर्ज्यालका निबन्धहरूमा वैचारिक पक्ष ।

३ रामेश्वर अर्ज्यालका कवितासङ्ग्रहको सैद्धान्तिक अध्ययन ।

४ रामेश्वर अर्ज्यालका कविता काव्यमा प्रयुक्त पूर्वीय दर्शन आदि ।

# सन्दर्भसामग्रीसूची


अधिकारी हेमाङ्गराज,(२०५०), **पूर्वीय समालोचना सिद्धान्त**.पाँचौं.सस्करण.ललितपुर : साझा प्रकाशन ।

अर्ज्याल, रामेश्वर, (२०३५), **तत्त्व विज्ञान माला**. वाराणसी:हितैषी प्रिंटिङ्ग वर्क्स नीचौषाग ( वृजकुमार प्रेस, मध्यमेश्वर, वाराणसी) ।

…………………, (२०३६), **जनात्म पुकार**.विराटनगर : लेखक स्वयम् ।

…………………, (२०३७), **विचार दर्शन**. ….।

…………………, (२०४२), **परिवर्तन**., विराटनगर : लक्ष्मी प्रिंटिङ्ग प्रेस ।

…………………, (२०४४), **उद्गार**. भद्रपुर : इन्द्रछायादेवी अर्ज्याल ।

…………………, (२०४५), **शिव मधुके भाग्य रेखा** .काठमाडौं : नेपाली हिन्दी साहित्य सङ्गम ।

…………………, (२०४६), **राधिका रोदन र अन्य कविता**., विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

…………………, (२०४६), **सेवा सन्देश** .विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

…………………, (२०४८), **दैनन्दिनीका केही पृष्ठ**.काठमाडौं : लेखकका छोराछोरीहरू ।

…………………, (२०५४), **ॐ अजातवाद**. काठमाडौं : प्रकाश अर्ज्याल ।

अवस्थी, महादेव, (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाण्डौ : इन्टेलेक्चुअल बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद,(२०५९), **साहित्य प्रकाश**, छैटौं.सस्करण.,ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा),(२०५३), दोस्रो.सस्करण. नेपाली कविता भाग चार. काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.),(२०४०),**नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : ने.रा.प्र.प्र.।

दहाल घनश्याम,(२०५५), **राजेश्वरी खण्डकाव्यको कृतिपरक अध्ययन**, त्रि.वि. नेपाली केन्द्रीय विभाग अप्रकाशित शोधपत्र ।

पाण्डेय, लक्ष्मी, (२०६१), **जयनारायण गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** त्रि. वि. नेपाली केन्द्रीय विभाग अप्रकाशित शोधपत्र ।

भट्टराई, घटराज, (२०५६), **नेपाली लेखक कोष,** काठमाण्डौ : लक्ष्मी प्रसाद देवकोटा प्रतिष्ठान ।

भट्टराई, प्रयागराज (२०६४), **रामेश्वर अर्ज्याल स्मृति ग्रन्थ**, काठमाण्डौ : रामेश्वर कल्याण कोष ।

लुइटेल, खगेन्द्रप्रसाद,(२०६२), **शोधविधि** ते.स. ललितपुर : साझाप्रकाशन ।

शर्मा गोपीकृष्ण,(२०५६), **संस्कृत साहित्यको रूपरेखा,** काठमाण्डौ :अभिनव प्रकाशन ।


शर्मा, तारानाथ,(२०५६), **नेपाली साहित्यको इतिहास**, चौ.स.,काठमाडौँ : अक्षर प्रकाशन ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ,(२०६१). **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** सातौँ.सस्करण. ललितपुर : साझा प्रकाशन ।

शर्मा सुकुम, (२०६२), **पारिजातका कविताको अध्ययन**. काठमाडौँ : सनलाइट पब्लिकेशन ।

**राजधानी दैनिक**, (वर्ष १, अङक १९२, २०५८ पुष ४) पृ.३ ।

## परिशिष्ट १



रामेश्वरप्रसाद अर्ज्यालको बिम्बचित्र

## परिशिष्ट २
रामेश्वर अर्ज्यालको वंशवृक्ष